# शान्ति

नेपालमा शान्ति प्रक्रियाको दश वर्ष

वर्ष ८, अङ्क ८ आश्विन, २०७३


## सम्पादक मण्डल

| | | |
|---|---|---|
| श्री सुमन प्रसाद शर्मा | सचिव | अध्यक्ष |
| श्री हरिराज पन्त | सहसचिव | सदस्य |
| श्री ऋषि राजभण्डारी | सहसचिव | सदस्य |
| श्री शंकरप्रसाद खरेल | सहसचिव | सदस्य |
| श्री जीवराज कोईराला | सहसचिव | सदस्य |
| श्री सञ्जय खनाल | कार्यकारी निर्देशक | सदस्य |
| श्री ध्रुव प्रसाद पौडेल | सि.डि.ई. | सदस्य |
| श्री हरिकृष्ण ज्ञवाली | उपसचिव | सदस्य |
| श्री देव बहादुर अधिकारी | उपसचिव | सदस्य सचिव |



नेपाल सरकार

**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**

सिंहदरबार, काठमाण्डौ

# सीता देवी यादव
**मन्त्री**
**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**

प.सं.- ०७३/०७४
च.नं.- १५

नेपाल सरकार

फोन : ४२११०८९
फ्याक्स : ४२१११८६
४२११५५४
Web: www.peace.gov.np

निजी सचिवालय
सिंहदरबार, काठमाडौं ।




**शुभकामना**

विस्तृत शान्ति सम्झौता पश्चात शान्ति प्रक्रियाका विभिन्न गतिविधि सञ्चालन गर्ने क्रममा २०६३ चैत्र १८ गते शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना भएको हो । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले आफ्नो स्थापना कालदेखि विस्तृत शान्ति सम्झौताको मर्म अनुरुप मुलुकमा दिगो शान्ति स्थापना तथा प्रवर्द्धन गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । सशस्त्र द्वन्द्वका क्रममा भएका घटनाहरुलाई र संक्रमणकाललाई सहज व्यवस्थापन गर्न र शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउन शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गरेका प्रयासहरु र उपलब्धीहरुलाई समेटी अन्तराष्ट्रिय शान्ति दिवसका अवसरमा **शान्ति (नेपालमा शान्ति प्रकृयाको १० वर्ष)** पुस्तक प्रकाशन गर्न लागेको थाहा पाउँदा खुशी लागेको छ ।

नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०७२ मा निर्दिष्ट क्षेत्राधिकारभित्र रही मन्त्रालयले शान्ति प्रवर्द्धनका क्षेत्रमा द्वन्द्वपीडितलाई राहत प्रदान गर्ने, द्वन्द्वको क्रममा क्षति भएका संरचनाको पुनर्निर्माण गर्ने, द्वन्द्वपीडितहरुको तथ्याङ्क अद्यावधिक गर्ने, माओवादी लडाकु सेना समायोजन, शिविर व्यवस्थापन लगायतका विभिन्न क्रियाकलाप संचालन गर्दै आएको छ । यसका अतिरिक्त द्वन्द्व न्यूनीकरणका लागि विभिन्न असन्तुष्ट समूहसँग वार्ता प्रकृया अगाडि बढाउने र स्थानीयस्तरमा स्थानीय शान्ति समिति मार्फत शान्ति प्रवर्द्धनका क्रियाकलाप गर्दै आएको विषय सर्वविदितै छ । प्रस्तुत पुस्तिकामा यिनै विषयहरुको सिलसिलेवार चर्चा गरिएकोले शान्ति र विकाससँग सरोकार राख्ने सबैलाई उपयोगी हुने अपेक्षा राखेकी छु ।

संविधानसभाबाट नेपालको संविधान २०७२ पारित भई घोषणा भैसकेको तथा संक्रमणकालीन न्याय प्रदान गर्ने अभिप्रायले दुई वटा आयोगहरु गठन भै कार्यरत रहेको वर्तमान परिवेशमा मुलुक संक्रमणकालको अन्तिम चरणमा हुनुको साथै शान्ति प्रक्रिया जारी रहेको अवस्थामा नेपाल दिगो शान्ति र समृद्धिको यात्रामा अग्रसर रहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । यो पुस्तिका तयार गर्न योगदान गर्नुहुने सबैलाई धन्यवाद दिन चाहन्छु ।

मिति : २०७३ भाद्र २०

सीता देवी यादव
माननीय सीता देवी यादव
मन्त्री

नेपाल सरकार
**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**

प.सं. ०७३/०७४
च.नं.

सिंहदरबार, काठमाडौं
नेपाल ।



## शुभकामना

विस्तृत शान्ति सम्झौता पश्चात नेपालमा द्वन्द्व रूपान्तरण, दिगो शान्ति र विकासका क्षेत्रमा योगदान पुऱ्याउन वि.सं. २०६३ चैत्र १८ गते शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना भएको हो । नेपाल सरकार (कार्य सम्पादन) नियमावली अनुसार यस मन्त्रालयका मुख्य कामहरुमा राहत प्रदान गर्ने, पुनस्थापना गर्ने, द्वन्द्वको क्रममा क्षति भएका संरचनाहरुको पुनर्निर्माण गर्ने, द्वन्द्व पीडितहरुको तथ्याङ्क अद्यावधिक गर्ने, माओवादी लडाकु सेना समायोजन, शिविर व्यवस्थापन र द्वन्द्व व्यवस्थापनका विविध क्रियाकलापहरु रहेका छन । यस मन्त्रालयका कार्यहरुलाई बढी पारदर्शी र व्यवस्थित ढङ्गले सम्पादन गर्ने उद्देश्यले तयार गरिएका निर्देशिका, मापदण्डहरुलाई एकिकृत रूपमा शान्ति पत्रिका प्रकाशन गर्ने हाम्रो प्रयास विगत वर्षबाट सुरु भएको हो । चालु वर्ष यो मन्त्रालय स्थापना भएको १० वर्ष पुग्ने हुँदा मन्त्रालय स्थापना देखि हाल सम्म यस मन्त्रालयबाट सम्पादित कार्यहरु (उपलब्धी) लाई समावेश गरी **शान्ति** (नेपालमा शान्ति प्रक्रियाको दश वर्ष) पत्रिका अन्तराष्ट्रिय शान्ति दिवस (२०७३ असोज ५) को अवसरमा प्रकाशन गर्न पाउँदा खुशी लागेको छ ।

संविधानसभाबाट नेपालको संविधान २०७२ पारित भई घोषणा भैसकेको तथा शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन र संक्रमणकालीन न्याय प्रदान गर्ने अभिप्रायले दुई वटा आयोगहरु गठन भै कार्यरत रहेको वर्तमान परिवेशमा नेपाल दिगो शान्ति र समृद्धिको यात्रामा अग्रसर रहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । प्रस्तुत पुस्तिका नेपालको शान्ति प्रक्रियाको क्षेत्रमा जानकारी लिन चाहने अध्येता, पाठक तथा अनुसन्धानकर्ताका लागि उपयोगी हुने विश्वास लिएको छु ।

यो पुस्तिका तयार गर्न संलग्न हुनु भएका यस मन्त्रालय र अन्तर्गत निकायका सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

मिति : २०७३ भाद्र २९

सुमन प्रसाद शर्मा
सचिव

"दिगो शान्ति : राष्ट्र विकासको आधार"

फोन नं. ४२११९८९, ४२११०८९, ४२१११७१, ४२१११७६, ४२११५५०
Website: <www.peace.gov.np>
फ्याक्स : ९७७-१-४२११९८६
E-mail: info@peace.gov.np

# सम्पादकीय

नेपाल सरकार र तत्कालिन नेकपा (माओवादी) बीच वि.सं. २०६३ साल मार्ग ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न भएपछि सम्झौताले निर्देश गरेबमोजिम द्वन्द्वका नकारात्मक प्रभावहरूलाई न्यून गर्ने, द्वन्द्वपीडितहरूलाई तत्काल राहत प्रदान गर्ने, पुनर्निर्माण र पुनःस्थापन गरी सामाजिक एकीकरणका माध्यमबाट समाजमा रहेका अवरोधहरूलाई न्यून गर्दै मुलुकमा दिगो शान्ति कायम गर्नुका साथै सो सम्झौताको प्रभावकारी कार्यान्वयन गरी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउने गहन जिम्मेबारी दिई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६३/१२/१८ को निर्णयानुसार तत्कालीन शान्ति सचिवालयको स्वरुपमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको गठन भएको हो। यसरी गठन भएको मन्त्रालय स्थापना भएको दश वर्ष पुग्नेक्रममा छ। विगत दश वर्षको अवधिमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले सम्पादन गरेका प्रमुख कार्यहरूको सँगालोको रुपमा अन्तराष्ट्रिय शान्ति दिवस (२०७३ असोज ५ तद्नुसार २१ सेप्टेम्वर, २०१६) को अवसरमा **शान्ति** (नेपालमा शान्ति प्रक्रियाको दश वर्ष) प्रकाशन गरि जनसमक्ष ल्याउन प्रयास गरिएको छ।

मन्त्रालय स्थापनाको पृष्ठभूमि, मन्त्रालयका प्रमुख उपलव्धी विशेष गरी शान्ति निर्माण, राहत, पुनर्निर्माण, पुनस्थापन, सेना समायोजन तथा शिविर व्यवस्थापन, सङ्क्रमणकालीन न्याय, द्वन्द्व व्यवस्थापन र सङ्क्रमणकालमा स्रोत परिचालन जस्ता समय सान्दर्भिक विषयहरू समावेश गरिएका छन् । नेपालको शान्ति प्रक्रियाका विषयमा चासो राख्ने अनुसन्धानकर्ताहरू, नागरिक समाज, दातृ निकाय, अध्येता, राजनीतिकर्मी, सरोकारवाला र अन्य जिज्ञासुहरू सवैको लागि उपयोगी हुने विश्वास लिएका छौं । यस स्मारिकामा प्रकाशित सामग्रीहरूबाट अधिकतम लाभ लिन र देखिएका कमी कमजोरीलाई सुधार गर्नको लागि रचनात्मक सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौ।

यस पुस्तिकालाई पाठक वर्गसमक्ष पुर्‍याउन सहयोग गर्नुहुने शान्ति तथा पुनर्निर्माण मन्त्रालय र अन्तर्गतका कर्मचारीहरू र सम्बद्ध सरोकारवालाहरूलाई हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछौं।

**सम्पादक मण्डल**

# विषयसूची


**१ पृष्ठभूमि ..... १**

१.१ नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बीच भएको विस्तृत शान्ति सम्झौता ..... ३

१.२ मन्त्रालयको स्थापना र कार्यक्षेत्र ..... १९

१.३ संगठनात्मक पक्ष ..... २१

१.४ मन्त्रालयसँग सम्वन्धित ऐन, नियम, नीति, निर्देशिका र कार्यविधिको विवरण ..... २३

१.५ मन्त्रालयबाट हालसम्म सञ्चालित कार्यक्रम तथा आयोजनाको विवरण ..... २४

**२ मन्त्रालयबाट सम्पादन भएका मुख्य मुख्य उपलब्धीहरू ..... २५**

२.१ द्वन्द्वन्यूनिकरणका क्षेत्रमा भएका प्रमुख कार्यहरु ..... २५

२.२. पुनर्निर्माण ..... ६८

२.३. राहत तथा पुनःस्थापन कार्यक्रम ..... ७९

२.४. स्थानीय शान्ति समिति ..... ९०

२.५. द्वन्द्व पीडितहरूको लागि मनोसामाजिक परामर्श सेवा तथा सहयोग परियोजना ..... ९४

२.६. शान्ति प्रकृया सहयोग आयोजना ..... ९७

**३ नेपाल शान्ति कोष ..... ९९**

३.१. शान्ति कोष सचिवालय ..... ९९

३.२ शिविर व्यवस्थापन तथा माओवादी लडाकु सेना समायोजन ..... १०६

**४ सत्य निरूपण तथा मेलमिलाप आयोग ..... १०९**

**५ बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग ..... ११७**

**६ मन्त्रालयले सामना गर्नु परेका चुनौतिहरू ..... १२३**

मन्त्रालयमा बहाल रहनु भएका मा. मन्त्रीहरूको विवरण ..... १२५

मन्त्रालयमा कार्यारत रहनु भएका सचिवहरूको विवरण ..... १२७

# १ पृष्ठभूमि

२०५२ फागुन १ देखि तत्कालीन नेकपा (माओवादी) ले शुरू गरेको सशस्त्र द्वन्द्वको विधिवत अन्त्यका लागि नेपाल सरकार र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच वि.सं. २०६३ साल मार्ग ५ गते भएको विस्तृत शान्ति सम्झौता २०७३ मा आइपुग्दा दश वर्ष पूरा भएको छ। २०६२/६३ को शान्तिपूर्ण जनआन्दोलनको सहयात्री भए पनि विस्तृत शान्ति सम्झौता मार्फत नेकपा (माओवादी) विधिवत् शान्ति प्रक्रियामा आएको हो। उक्त दश वर्षसम्म भएको सशस्त्र द्वन्द्वको क्रममा १७ हजार ८८६ जना नेपालीले जीवन गुमाउनु परेको थियो। यो मानवीय क्षति बाहेक १ हजार ५०० भन्दा बढी वेपत्ता पारिए, झण्डै ९ हजार अपांग भए र करीब ८० हजार विस्थापित भए। यस पृष्ठभूमिमा, मुलुकमा शान्ति कायम गरी सशस्त्र द्वन्द्वका कारण समाजमा उत्पन्न प्रतिशोधको भावनालाई अन्त्य गर्दै सद्भावमा परिणत गर्नु तथा युद्धरत र निर्दोष दुबै किसिमका पीडित पक्षलाई राहत, परिपूरण लगायतका सक्रमणकालीन न्याय प्रदान गर्नु शान्ति प्रक्रियाको मूल उद्देश्य हो।

सो सशस्त्र द्वन्द्वलाई सम्बोधन गर्न पहिलो पटक प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले वि.सं. २०५६ मा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा अध्यक्ष रहेको माओवादी समस्या समाधान सुझाव आयोग गठन गरेको थियो। तत्पश्चात देउवा प्रधानमन्त्री रहेका बेला वि.सं. २०५८ असारमा पहिलो पटक सरकार र माओवादीबीच युद्धविराम भई शान्ति वार्ता औपचारिक रूपमा शुरू भएको थियो। यसपछि पनि पटक पटक औपचारिक र अनौपचारिक वार्ता भएका थिए। वि.सं. २०६० जेठ २९ गते शान्ति वार्ता समन्वय सचिवालय स्थापना गरियो। वि.सं. २०६१ साउन २८ गते प्रधानमन्त्रीको अध्यक्षतामा गठन भएको उच्चस्तरीय शान्ति समितिलाई सोही वर्ष भदौ २९ गते मुख्य सचिवको नेतृत्वमा शान्ति समिति सचिवालयमा रूपान्तरण गरियो। वि.सं. २०६१ कात्तिक ३ गते यसको नाम शान्ति सचिवालय राखियो। वि.सं. २०६३ चैत १८ गते शान्ति सचिवालयको स्थानमा शान्ति तथा पुनर्निर्माण मन्त्रालय स्थापना गरियो।

वि.सं. २०६३ मंसीर ५ गते विस्तृत शान्ति सम्झौता भएपछि हालसम्म शान्ति प्रक्रियाका विभिन्न चरण पूरा भएका छन्। शान्ति सम्झौताको सफल कार्यान्वयन पश्चात तत्कालीन नेकपा (माओवादी) ले हाल समेत गरी तीन पटक सरकारको नेतृत्व गरिसकेको छ। २०६२/६३ को शान्तिपूर्ण जन आन्दोलनको मर्म र भावना अनुसार, जनताले आफ्नो संविधान आफैं लेख्ने मान्यताका आधारमा संविधान निर्माणका लागि

दुई पटक संविधानसभाको चुनाव सम्पन्न गरीसंविधानसभाबाट जनताका प्रतिनिधि मार्फत लोकतान्त्रिक संघीय गणतन्त्र नेपालको संविधान जारी भैसकेको छ । यसप्रकार शान्ति प्रक्रियाको अभिन्न अंग मानिएको संविधानसभा मार्फत संविधान लेख्ने काम सम्पन्न भई नेपाली जनताको आफ्नो संविधान आफै बनाउने महत्वपूर्ण कार्य पूरा भएको छ । माओवादीसँग शान्ति सम्झौता हुँदै गर्दा वा त्यसपछि पनि अरू स-साना दल, संगठन र समूहले गर्दै आएका हिंसात्मक गतिविधि पनि विभिन्न सहमतिमा पुगेर टुंगिएका छन् । हिंसाको कारण भत्किएका र बिग्रिएका संरचनाहरूको पुनर्निर्माणको काम चलिरहेको छ । विस्थापित र पीडितहरूले विभिन्न चरणमा राहत पाएका छन् र अधिकांश विस्थापितहरू घर फर्केका छन् । माओवादी लडाकूहरूको नेपाली सेनामा समायोजन प्रक्रिया सकिएको छ । माथि उल्लेखित कार्यहरू सम्पन्न भैसकेता पनि शान्ति प्रक्रियाका कतिपय पक्षहरू विधिवत् टुंगोमा पुग्न भने सकेको छैन ।

संक्रमणकालीन न्याय प्रदान गर्ने सन्दर्भमा बेपत्ता पारिएका व्यक्तिको छानबीन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संसदबाट पारित भई दुवै आयोग गठन भइसकेका छन् । दुवै आयोगहरूको नियमावली, २०७२ जारी भई आयोगहरूले आफ्नो कार्य अन्तर्गत पीडितहरूबाट उजुरी लिने कार्य गरिरहेका छन् ।  तत्कालीन नेकपा (माओवादी) बाहेक अरू पार्टी, संगठन तथा समूहसँग गरिएका सम्झौता र सहमति कार्यान्वयन गर्ने विषयमा सिफारिश आयोग गठन भई यसको सिफारिशहरू मध्ये अधिकांश सिफारिश कार्यान्वयन भैसकेको अवस्था छ ।

शान्ति प्रक्रियाको समग्र नेतृत्व शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गर्दै आएको छ । यो अभियानलाई औपचारिक र अनौपचारिक रूपमा विभिन्न निकाय र संघ संस्थाले सहयोग गर्दै आएका छन् । शान्ति कोषबाट गरिएका कामका लागि आठ वटा दातृ मुलुक र समुदाय – डेनमार्क, फिनल्याण्ड, नर्वे, स्वीट्जरल्याण्ड, बेलायत, जर्मनी, संयुक्त राज्य अमेरिका र युरोपियन युनियनले सहयोग गरेका छन् ।

# १.१ नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बीच भएको विस्तृत शान्ति सम्झौता

**प्रस्तावना**

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक-पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलनमार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

सात राजनीतिक दल र ने.क.पा. (माओवादी)बीच सम्पन्न १२ बुँदे समझदारी, ८ बुँदे सहमति, नेपाल सरकार र नेकपा (माओवादी)बीच सम्पन्न २५ बुँदे आचारसंहिता, २०६३ साल कात्तिक २२ गते सात राजनीतिक दल र नेकपा माओवादीका शीर्ष नेताहरूको बैठकका निर्णयहरूलगायत नेपाल सरकार र ने.क.पा.(माओवादी)बीच सम्पन्न सबै सम्झौता, सहमति, आचारसंहिता र संयुक्त राष्ट्रसंघलाई प्रेषित समान धारणाको पत्राचारप्रति पूर्ण प्रतिबद्धताको पुनर्पुष्टि गर्दै,

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्ने संकल्प गर्दै,

प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्यमान्यता प्रतिको पूर्ण प्रतिबद्धतालाई दोहोऱ्याउँदै,

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताप्रति प्रतिबद्ध रहँदै,

स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा संविधानसभाको निर्वाचनमा सहभागी हुन पाउने नेपाली जनताको आधारभूत अधिकारको प्रत्याभूति गर्दै,

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

२०६४ साल जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपले संविधानसभाको निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धतालाई कार्यान्वयन गर्ने दृढता व्यक्त गर्दै,

संविधानसभामार्फत नेपाली जनताको सार्वभौमसत्ताको सुनिश्चितता, अग्रगामी राजनीतिक निकास, राज्यको लोकतान्त्रिक पुनर्संरचना र आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण गर्न दुवै पक्षबीच भएको राजनीतिक सहमतिका आधारमा देशमा २०५२ सालदेखि चल्दै

आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यको नयाँ अध्याय प्रारम्भ भएको घोषणा गर्दै,

नेपाल सरकार र नेकपा (माओवादी) काबीच भएको युद्धविरामलाई दीर्घकालीन शान्तिमा परिणत गर्ने प्रतिबद्धतासाथ नेपाल सरकार र नेकपा (माओवादी) काबीच यो विस्तृत शान्ति सम्झौता सम्पन्न गरिएको छ।

१. **प्रारम्भिक**

१.१ यस सम्झौताको नाम "विस्तृत शान्ति सम्झौता, २०६३" रहेको छ। छोटकरीमा यस सम्झौतालाई शान्ति सम्झौता भनिनेछ।

१.२ यो सम्झौता सरकार पक्ष र माओवादी पक्षको सार्वजनिक घोषणामार्फत आजैका मितिदेखि लागू हुनेछ।

१.३ दुवै पक्षले आ-आफ्नो मातहतका सबै निकायलाई यो सम्झौता तत्काल कार्यान्वयन तथा पालना गर्न आवश्यक निर्देशन जारी गर्नेछन् र कार्यान्वयन गर्ने गराउनेछन्।

१.४ अनुसूचीमा संलग्न सात राजनीतिक दल, सरकार र माओवादी पक्षबीच भएका सबै सहमति, समझदारी, आचारसंहिता र निर्णयहरू यस सम्झौताको अभिन्न अङ्ग मानिनेछन्।

१.५ यो सम्झौता कार्यान्वयन गर्न आवश्यकताअनुसारपछि गरिने सहमति र सम्झौता पनि यसैका अंग मानिनेछन्।

२. **परिभाषा :**

**विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस सम्झौतामा :**

(क) "युद्धविराम" भन्नाले नेपाल सरकार तथा ने.क.पा. (माओवादी)बीच एकअर्कालाई लक्ष्य गरी गरिने सबै प्रकारका आक्रमण, अपहरण, बेपत्ता, थुनछेक, सशस्त्र बलहरूको परिचालन, सुदृढीकरण, आक्रामक एवं हिंसात्मक कारबाही तथा जुनसुकै माध्यमबाट समाजमा विध्वंश फैलाउने, उत्तेजित पार्ने एवं भड्काउने क्रियाकलाप निषेध गर्ने कार्यलाई जनाउँछ।

(ख) "अन्तरिम संविधान" भन्नाले संविधानसभाद्वारा नयाँ संविधान निर्माण भई लागू नभएसम्मका लागी जारी गरिने "नेपालको अन्तरिम संविधान, २०६३"लाई जनाउँछ।

(ग) "अन्तरिम मन्त्रिपरिषद्" भन्नाले अन्तरिम संविधानबमोजिम गठन हुने "अन्तरिम

मन्त्रीपरिषद्”लाई जनाउँछ।

घ) “दुवै पक्ष” भन्नाले नेपाल सरकार पक्ष र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) पक्षलाई जनाउँछ।

(ङ) “प्रचलित कानुन” भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ र यससँग नबाझिएका प्रचलित नेपाल कानुनलाई जनाउँछ। तर, यस परिभाषाले अन्तरिम संविधान, २०६३ जारी हुनुअघिको कानुनी व्यवस्थालाई बाधा पुऱ्याउनेछैन।

(च) “प्रमाणीकरण” भन्नाले संयुक्त राष्ट्रसंघले सेना, लडाकु र हतियारको प्रमाणीकरण गरी यथार्थ लगत तयार पार्ने विषयलाई जनाउँछ।

**३. राजनीतिक–आर्थिक–सामाजिक रूपान्तरण र द्वन्द्व व्यवस्थापन :**

दुवै पक्ष देहायबमोजिम राजनीतिक-आर्थिक-सामाजिक रूपान्तरणको नीति तथा कार्यक्रम अबलम्बन गर्न र देशमा विद्यमान द्वन्द्वको सकारात्मक ढङ्गले व्यवस्थापन गर्न सहमतछन् :

३.१. २०६३ कार्तिक २२ गते सम्पन्न सात दल र नेकपा (माओवादी)का शीर्ष नेताहरूको बैठकका निर्णयहरू (अनुसूची-६) का आधारमा देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन सुनिश्चित गर्ने।

३.२. अन्तरिम संविधानका आधारमा अन्तरिम व्यवस्थापिका-संसद् गठन गर्ने र अन्तरिम सरकारद्वारा आगामी २०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपमा संविधानसभाको निर्वाचन सम्पन्न गर्ने र नेपाली जनतामा अन्तरनिहित सार्वभौमसत्ताको व्यावहारिक प्रत्याभूति गर्ने।

३.३. मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा नरहने। स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई ट्रस्ट बनाएर राष्ट्रहितमा प्रयोग गर्ने। राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्ति (जस्तै : विभिन्न स्थानका दरबार, वन तथा निकुञ्ज, ऐतिहासिक र पूरातात्विक महत्वका सम्पदाहरू आदि) राष्ट्रियकरण गर्ने। राजसंस्था कायम राख्ने या नराख्नेबारे संविधानसभाको पहिलो बैठकद्वारा साधारण बहुमतले टुंगो लगाउने।

३.४. विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानवअधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलका

क्रियाकलापमा पारदर्शिता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अबलम्बन गर्ने ।

३.५. वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभाव अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायत समस्यालाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने ।

३.६. सामन्तवादका सबै रूपको अन्त्य गर्ने आर्थिक सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने ।

३.७. सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अबलम्बन गर्ने ।

३.८. राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्धन गर्ने नीति अनुसरण गर्ने ।

३.९. शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने ।

३.१०. सुकुम्बासी, कमैया, हलिया, हरवाचरवालगायत आर्थिक सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने ।

३.११. सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकुत सम्पत्ति आर्जन गर्नेहरूउपर कडा कारबाही गरी दण्डित गर्ने नीति लिने ।

३.१२. देशको आर्थिक-सामाजिक रूपान्तरण एवं न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रूपले समृद्धशाली बनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने ।

३.१३. श्रमिकका पेसागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, निर्यात प्रवर्धन आदिका लागी लगानी वृद्धि गरी रोजगारी एवं आय-आर्जनका अवसर हरूको व्यापक वृद्धि गर्ने नीति अनुसरण गर्ने ।

## ४. **सेना र हतियार व्यवस्थापन**

संविधानसभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र

सेनाको लोकतान्त्रिकरण तथा पुनर्संरचना गर्न विगतमा भएका बाह्र बुँदे समझदारी, आठ बुँदे सहमति, पच्चीस बुँदे आचारसंहिता, संयुक्त राष्ट्रसंघलाई पठाइएको पाँच बुँदे पत्र र कार्तिक २२ गते सम्पन्न शीर्ष नेताहरूको बैठकका निर्णयअनुरूप निम्न काम गर्ने :-

**माओवादी सेनाको सम्बन्धमा –**

४.१. २०६३ साल साउन २४ गते नेपाल सरकार र ने.क.पा.(माओवादी) को तर्फबाट संयुक्त राष्ट्रसंघलाई पठाइएको पत्रमा व्यक्त प्रतिबद्धताअनुसार माओवादी सेनाका लडाकु (Combatants) निम्नलिखित स्थानहरूमा अस्थायी शिविर (Cantonments) मा सीमित रहने। संयुक्त राष्ट्रसंघद्वारा उनीहरूको प्रमाणीकरण र अनुगमन गर्ने।

**मुख्य शिविर निम्न स्थानमा रहनेछन् :**

१. कैलाली २. सुर्खेत ३. रोल्पा ४. नबलपरासी

५. चितवन ६. सिन्धुली ७. इलाम

मुख्य शिविरवरिपरि तीन तीनवटाका दरले सहायक शिविर रहनेछन्।

४.२. माओवादी सेनाका लडाकु शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हातहतियार र गोलीगठ्ठाबाहेक अन्य सबै हतियार शिविरभित्रै सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबीसम्बन्धित पक्षले नै राख्ने। सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानीका लागी उसको रेकर्ड, साइरनसहितको संयन्त्र (Device) सम्मिलित गर्ने। भण्डारण गरिएका हातहतियारको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसंघलेसम्बन्धित पक्षको रोहवरमा गर्ने। क्यामेरा अनुगमनलगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसंघ, ने.क.पा. (माओवादी) र नेपाल सरकारका सहमतिले तयार गर्ने।

४.३. माओवादी सेनाका लडाकुहरू अस्थायी शिविरमा बसिसकेपछि उनीहरूको रसदपानीलगायत अन्य आवश्यक व्यवस्था नेपाल सरकारले गर्ने।

४.४ माओवादी सेनाका लडाकुको रेखदेख, समायोजन र पुनःस्थापना निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने।

४.५ माओवादी नेताको सुरक्षा व्यवस्था सरकारसँगको सहमतिले गर्ने।

**नेपाली सेनाको सम्बन्धमा –**

४.६. संयुक्त राष्ट्रसंघलाई प्रेषित पत्रमा व्यक्त प्रतिबद्धताअनुसार नेपाली सेना

ब्यारेकभित्र सीमित रहने । उसका हतियार कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने कुराको प्रत्याभूति गर्ने । माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि आफ्ना हतियार सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानीका लागी उसको रेकर्ड, साइरनसहितको संयन्त्र (Device) सम्मिलित गर्ने । भण्डारण गरिएका हातहतियारको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसंघलेसम्बन्धित पक्षको रोहवरमा गर्ने । क्यामेरा अनुगमनलगायत यस सम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसंघ, नेपाल सरकार र ने.क.पा. (माओवादी) को सहमतिले तयार गर्ने ।

४.७. नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐनबमोजिम मन्त्रिपरिषद्ले गर्ने । अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाकोसम्बन्धित समितिसमेतको सुझाव लिएर नेपाली सेनाको लोकतान्त्रिकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने । यसअन्तर्गत नेपाली सेनाको उपयुक्त संख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानवअधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्नेलगायत काम गर्ने ।

४.८ नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष, निकुञ्ज, बैंक, विमानस्थल, विद्युत् गृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय, विशिष्ट व्यक्तिहरूको सुरक्षालगायतका कामलाई निरन्तरता दिने ।

## ५. युद्धविराम

### ५.१ सैन्य कारबाही र सशस्त्र परिचालनको अन्त्य :

५.१.१. दुवै पक्ष देहायमा उल्लिखित कार्य नगर्ने प्रतिबद्धता व्यक्त गर्दछन् :-

क) प्रत्यक्ष वा अप्रत्यक्षरूपमा एकअर्कोप्रति लक्षित कुनै पनि किसिमको हातहतियार प्रयोग वा आक्रमण गर्ने कार्य,

ख) दुवै पक्षको सहमतिले हातहतियार भण्डारण गरिएको स्थानमा हातहतियारसहित या रहितरूपमा अर्को पक्षको हातहतियार खानतलासी वा वरामदी गर्ने कार्य,

ग) कुनै व्यक्तिलाई नोक्सानी गर्ने वा मानसिक दबाब पुऱ्याउने

कार्य,

घ) एकअर्कालाई लक्षित गरी धराप (एम्बुस) थाप्ने कार्य,

ङ) हत्या तथा हिंसात्मक कारबाहीहरू

च) अपहरण/पक्राउ/थुनछेक/बेपत्ता पार्ने कार्य

छ) सार्वजनिक/निजी/सरकारी वा सैनिक सम्पत्ति नोक्सानी,

ज) हवाई आक्रमण वा बम्बारी,

झ) जमिन मुनी बारुद विछ्याउने कार्य (माइनिङ्ग) र विध्वंसात्मक कार्य (स्यावोटेज),

ञ) एकअर्काको सैनिक गतिविधिको सुराकी गर्ने कार्य ।

५.१.२. दुवै पक्षले थप सैन्य भर्ती गर्नेछैनन् र हातहतियार, गोलीगठ्ठा तथा विस्फोटक पदार्थ ओसारपसार वा एकअर्का विरुद्ध सैनिक हर्कत गर्नेछैनन् । तर, अन्तर्राष्ट्रिय सीमा र भन्सार बिन्दुमा हातहतियार, विस्फोटक पदार्थ वा त्यसको अंश वा कच्चा पदार्थजस्ता सामानहरू गैरकानुनी रूपमा ओसारपसार गर्ने कार्य रोक्ने सम्बन्धमा अन्तरिम सरकारले सुरक्षा निकाय परिचालन गरी गस्ती गर्न, खानतलासी गर्न वा वरामदी गर्न सक्नेछ ।

५.१.३. कुनै पनि व्यक्ति वा समूह अवैध हातहतियार, गो लीगठ्ठा र विस्फोटक पदार्थ साथमा लिई आवतजावत गर्नेछैनन् ।

५.१.४. दुवै पक्ष युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङ्गहरूको रेखाङ्कन, भण्डारण ३० दिनभित्र एकअर्कालाई जानकारी दिन र ६० दिनभित्र निष्क्रिय र निर्मूल गर्न एकअर्कालाई सहयोग गर्नेछन् ।

५.१.५. कुनै पनि नागरिक सभा वा राजनीतिक सभा वा सार्वजनिक कार्यक्रममा दुवै पक्षका सेना हतियार वा कम्ब्याट पोसाकसहित उपस्थित हुनेछैनन् ।

५.१.६. नेपाल प्रहरी र सशस्त्र प्रहरीले जनआन्दोलन र शान्ति सम्झौताको मर्म र भावनाअनुरूप् तथा प्रचलित कानुनबमोजिम कानुन व्यवस्था र शान्ति सुव्यवस्था एवं अपराध अनुसन्धानको कार्य चालु राख्नेछ ।

५.१.७. एक पक्षका सशस्त्र व्यक्तिले अर्को पक्षका सशस्त्र व्यक्तिलाई 'शत्रु' भनी सम्बोधन गर्न र व्यवहार गर्नसमेत रोक लगाउने गरी आ-आफ्ना सशस्त्र निकाय र व्यक्तिलाई परिपत्र गर्नेछन् ।

५.१.८. सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न

नदिइएका सरकारी, सार्वजनिक, निजी भवन, जमिन तथा अन्य सम्पत्ति लगत खडा गरी तत्काल फिर्ता गर्न दुवै पक्ष सहमति व्यक्त गर्दछन् ।

**५.२ स्थिति सामान्यीकरणका उपाय :**

५.२.१. इच्छा-विपरीत तथा प्रचलित कानुन प्रतिकूल नगद तथा जिन्सी संकलन र कर असुली गर्न पाइनेछैन ।

५.२..२. आफ्ना कब्जामा रहेका मानिसबारे जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मञ्जुर गर्दछन् ।

५.२.३. दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवारजनलाईसमेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन् ।

५.२.४. दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम-परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूका लागी राहत कार्य र पुनर्स्थापन गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग गठन गर्न र त्यसमार्फत यससम्बन्धी काम अगाडि बढाउन सहमतछन् ।

५.२.५. दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमतछन् ।

५.२.६. दुवै पक्ष नेपाली समाजमा लोकतन्त्र, शान्ति र अग्रगामी परिवर्तन सुनिश्चित गर्ने प्रतिबद्धताकासाथ देशमा विद्यमान सबै स्वरूपका युद्ध, आक्रमण, प्रत्याक्रमण, हिंसा र प्रतिहिंसा परित्याग गर्ने प्रतिज्ञा गर्दछन् । शान्ति स्थापना र शान्ति सुरक्षाको व्यवस्थामा दुवै पक्षले एकअर्कालाई सहयोग गर्ने कुरामा सहमति रहेको छ ।

५.२.७. दुवै पक्ष विभिन्न व्यक्तिहरूलाई राजनीतिक कारणले लगाइएका आरोप, दाबी, उजुरी र विचाराधीन रहेका मुद्दामामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरूको स्थिति तत्कालै सार्वजनिक गरी तुरुन्त रिहा गरिने

ग्यारेन्टी गर्दछन् ।

५.२.८. दुवै पक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरूलाई राजनीतिक पूर्वाग्रह बिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्व बसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरू पुनर्निर्माण गर्न र विस्थापित व्यक्तिहरूलाई ससम्मान पुर्नस्थापना तथा सामाजीकरण गर्न प्रतिबद्धता व्यक्त गर्दछन् ।

५.२.९. उपर्युक्त सन्दर्भमा उत्पन्न समस्याहरू आपसी सहमतिको आधारमा समाधान गर्न एवं आपसी सम्बन्ध सामान्यीकरण तथा मेलमिलाप गर्न अनुकूल वातावरण सिर्जना गर्ने कार्यमा सबै राजनीतिक दलहरू, नागरिक समाज र स्थानीय संघ संस्थाहरूसमेतको सहयोगमा व्यक्तिगत तथा सामूहिक रूपमा उत्तरदायित्व लिई कार्यान्वयन गर्न गराउन दुवै पक्ष सहमत्‌छन् ।

५.२.१०. दुवै पक्ष परिवारका कुनै सदस्य एकअर्का पक्षसँग सम्बद्ध भएका आधारमा परिवारका अन्य सदस्यहरूमाथि कुनै पनि विभेद नगर्न र कुनै पनि दबाब नदिन प्रतिबद्धता जाहेर गर्दछन् ।

५.२.११. नेपाल सरकार तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई देशको कुनै पनि भागमा स्वतन्त्र रूपमा आवतजावत गर्न, आफ्नो कर्तव्य पालन गर्न तथा आफ्नो कार्यसम्पादनको क्रममा तिनीहरूलाई कुनै पनि किसिमको बाधा अवरोध खडा नगर्न र त्यस्तो अवरोध खडा हुन नदिन तथा उनीहरूको काममा सहयोग गर्न दुवै पक्ष सहमतछन् ।

५.२.१२. संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय दातृ समुदायलगायत नेपालस्थित कूटनैतिक नियोग, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, प्रेस, मानवअधिकारवादीहरू, निर्वाचन पर्यवेक्षक तथा विदेशी पर्यटकलाई नेपाल राज्यभित्र कानुनबमोजिम निर्वाध आवत जावत गर्न दिने कुरामा दुवै पक्ष सहमतछन् ।

५.२.१३. दुवै पक्ष प्रचार-प्रसारका कार्यक्रम शिष्ट र मर्यादित ढङ्गले सञ्चालन गर्न प्रतिबद्ध छन् ।

## ६. युद्ध समाप्ति

६.१ २०६३ कार्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी)बीच सम्पन्न ऐतिहासिक सहमतिको आधारमा सरकार माओवादीबीच चालु युद्धविरामलाई स्थायी रूप दिँदै २०५२ सालदेखि चलिआएको सशस्त्र

युद्ध समाप्त भएको घोषणा गर्दछौं ।

६.२ सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको २०६३ साल कार्तिक २२ गतेको बैठकबाट भएका निर्णय दीर्घकालीन शान्तिका लागी मूल नीतिगत आधार हुनेछन् ।

६.३ नेपाली सेना ब्यारेकमा र माओवादी सेनाका लडाकुहरू अस्थायी शिविरमा आइसकेपछि सहमति, सम्झौता र कानुन प्रतिकूल हतियार राख्न, प्रदर्शन, डरत्रास र कुनै पनि रूपमा हिंसा र हतियारको प्रयोग गर्न कानुनतः दण्डनीय हुनेछ ।

६.४ दुवै पक्षका सेनाले कसैको पक्ष वा विपक्षमा प्रचार-प्रसार गर्न र पक्ष-विपक्षमा लाग्न पाउने छैनन् । तर, उनीहरूलाई मताधिकारबाट वञ्चित गरिनेछैन ।

**७. मानवअधिकार, मौलिक अधिकार र मानवीय कानुनको परिपालना**

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताप्रति प्रतिबद्ध रहँदै दुवै पक्ष देहायका विषयमा आफ्नो सहमति जनाउँछन् :

**७.१ मानवअधिकार :**

७.१.१ दुवै पक्षले मानवअधिकारप्रतिको सम्मान र संरक्षण तथा अन्तर्राष्ट्रिय मानवीय कानुनप्रतिको प्रतिबद्धताको पुनःपुष्टि गर्दछन् र कुनै पनि व्यक्तिउपर वर्ण, लिङ्ग, भाषा, धर्म, उमेर, जात जाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म र अन्य हैसियत, विचार वा आस्थाको आधारमा भेदभाव हुनु हुँदैन भन्ने कुरालाई स्वीकार गर्दछन् ।

७.१.२ दुवै पक्ष नेपाली जनताको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण सिर्जना गर्न सहमतछन् र भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन नहुने वातावरण बनाउन प्रतिबद्धछन् ।

७.१.३ दुवै पक्ष सम्झौतापत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरूमाथि कानुनअनुसार निष्पक्ष छानबिन तथा कारबाही हुनेछ भनी प्रतिबद्धता जाहेर गर्दछन् र दण्डहिनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन् । यसका साथै द्वन्द्व र यातना पीडित

तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाईसमेत सुनिश्चित गर्दछन् ।

७.१.४ दुवै पक्षले सर्वसाधारणलाई यातना दिने, अपहरण गर्ने, जबरजस्ती कुनै काममा लगाउने काम गर्ने छैनन् र त्यस्ता कार्यलाई निरुत्साहित गर्न आवश्यक कारबाहीसमेत गर्नेछन् ।

७.१.५ दुवै पक्षले धर्मनिरपेक्षताको मूल्य मान्यताका आधारमा कुनै पनि सामाजिक, सांस्कृतिक, धार्मिक संवेदनशीलता, धार्मिक स्थल र व्यक्तिको धार्मिक आस्थाको सम्मान गर्नेछन् ।

**७.२ बाँच्न पाउने अधिकार :**

७.२.१ दुवै पक्षले व्यक्तिको बाँच्न पाउने आधारभूत अधिकारको सम्मान र संरक्षण गर्दछन् । कसैलाई पनि यो आधारभूत अधिकारबाट वञ्चित गरिनेछैन तथा मृत्युदण्ड दिइने गरी कुनै पनि कानुन बनाइनेछैन ।

**७.३ वैयक्तिक मर्यादा, स्वतन्त्रता र आवतजावतको अधिकार**

७.३.१. दुवै पक्षले वैयक्तिक मर्यादाको अधिकारको सम्मान र रक्षा गर्दछन् । यस सिलसिलामा कानुनबमोजिम स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित व्यक्तिलगायत कोही पनि यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका पात्र हुने छैनन् । कानुनतः नागरिकको गोपनीयताको अधिकारलाई सम्मान गरिनेछ ।

७.३.२. दुवै पक्षले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकारको पूर्ण सम्मान गर्दै कसैलाई पनि स्वेच्छाचारी वा गैरकानुनी थुनामा राख्ने, अपहरण गर्ने वा बन्धक बनाउनेछैनन् । दुवै पक्षले बेपत्ता पारेका र कब्जामा राखेका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरूका परिवारजन, कानुनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससँगसम्बन्धित जानकारी दिन सहमतछन् ।

७.३.३. दुवै पक्षले प्रत्येक नागरिकको स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार तथा आफ्नो बसोबासको स्थान कानुनी मर्यादामा रही छान्ने स्वतन्त्रतालाई सम्मान तथा संरक्षण गर्दै द्वन्द्वबाट विस्थापित भएका व्यक्ति र निजका परिवारहरू आफ्नो मूल बासस्थानमा फर्कन पाउने वा तिनीहरूले चाहेअनुसार अन्य कुनै ठाउँमा बसोबास गर्न पाउने अधिकारको सम्मान गर्ने प्रतिबद्धता व्यक्त गर्दछन् ।

### ७.४ नागरिक तथा राजनीतिक अधिकार

७.४.१. दुवै पक्ष प्रत्येक व्यक्तिको विचार, अभिव्यक्ति, संघसंस्था खोल्ने तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रता तथा शोषणविरुद्धको हकको सम्मान र संरक्षण गर्न प्रतिबद्धछन् ।

७.४.२. दुवै पक्ष प्रत्येक नागरिकलाई प्रत्यक्ष वा आफूले इच्छाएको प्रतिनिधिमार्फत सार्वजनिक सरोकारको विषयमा भाग लिने, मतदान गर्ने, निर्वाचित हुने र सार्वजनिक सेवामा प्रवेशको समानताको अधिकारको सम्मान गर्दछन् ।

७.४.३. दुवै पक्ष व्यक्तिको सुसूचित हुने अधिकारको सम्मान गर्न प्रतिबद्धछन् ।

### ७.५ आर्थिक-सामाजिक अधिकार

७.५.१. व्यक्तिले स्वतन्त्ररूपले छानेको वा स्वीकारेको रोजगारी गरी जीवनयापन गर्ने अधिकारको सम्मान तथा संरक्षण गर्न दुवै पक्ष प्रतिबद्धछन् ।

७.५.२. दुवै पक्ष सबै जनताको खाद्य सुरक्षासम्बन्धी हकको सम्मान एवं प्रत्याभूति गर्न प्रतिबद्धछन् । खाद्यवस्तु, खाद्य उत्पादन, खाद्यान्नको प्रयोग, ओसार पसार तथा वितरण कार्यमा कुनै हस्तक्षेप नगरिने सुनिश्चितता गर्दछन् ।

७.५.३. दुवै पक्ष नागरिकको स्वास्थ्यसम्बन्धी हकको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दछन् । दुवै पक्षले औषधिको आपूर्ति, सहायता एवं स्वास्थ्यसम्बन्धी अभियानमा बाधा पुऱ्याउनेछैनन् र द्वन्द्वको कारणबाट घाइते भएकाहरूको औषधि उपचार गर्न एवं पुर्नस्थापनाको कार्य गर्न प्रतिबद्धता व्यक्त गर्दछन् ।

७.५.४. दुवै पक्षले सबैलाई शिक्षासम्बन्धी अधिकारको प्रत्याभूति र सम्मान गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दै शिक्षण संस्थामा उपयुक्त शैक्षिक वातावरण कायम गर्न प्रतिबद्धछन् । दुवै पक्ष शिक्षासम्बन्धी हकको उल्लंघन नहुने कुराको सुनिश्चितता गर्न सहमतछन् । शिक्षण संस्थालाई कब्जामा लिने एवं प्रयोग गर्ने र शिक्षक, बिद्यार्थीलाई बेपत्ता पार्ने वा कब्जा वा अपहरण गर्ने कार्य तत्काल रोक्न र बिदालय तथा अस्पताललाई असर पार्ने गरी सैन्य ब्यारेक नराख्न सहमति व्यक्त गर्दछन् ।

७.५.५. कानुनबमोजिम बाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिनेछैन भन्ने कुरामा दुवै पक्ष सहमति व्यक्त गर्दछन् ।

७.५.६. दुवै पक्ष मुलुकमा औद्योगिक वातावरणलाई नखल्बलयाई उत्पादन कार्यलाई निरन्तरता दिन, औद्योगिक प्रतिष्ठानमा सामूहिक सौदावाजीको हक एवं सामाजिक सुरक्षाको सम्मान गर्न, औद्योगिक प्रतिष्ठान र श्रमिकबीच कुनै समस्या उत्पन्न भएमा उनीहरूलाई शान्तिपूर्णरूपमा समस्याको समाधान गर्न प्रेरित गर्ने कुरामा विश्वास गर्दछन् र अन्तर्राष्ट्रिय श्रम सँगठनले तय गरेको कामको अधिकारको सम्मान गर्दछन् ।

**७.६ महिला तथा बालबालिकाको अधिकार**

७.६.१ दुवै पक्ष महिला तथा बालबालिकाका अधिकारहरूको विशेष संरक्षण गर्न, कुनै पनि प्रकारको यौनजन्य शोषण तथा दुर्व्यवहारलगायत महिला तथा बालबालिका विरुद्ध हुने बालश्रमलगायत सबैखाले हिंसात्मक कार्यहरूमाथि तत्काल रोक लगाउन र अठार वर्ष वा सोभन्दा मुनिका केटाकेटीलाई कुनै पनि सैन्यबलमा समावेश वा उपयोग नगर्न पूर्णरूपमा सहमतछन् । यसरी प्रभावित बालबालिकाहरू तुरुन्त उद्धार गरिनेछन् र तिनीहरूको पुनर्स्थापनका लागी आवश्यक र यथोचित सहयोग प्रदान गरिनेछ ।

**७.७. वैयक्तिक स्वतन्त्रताको अधिकार**

७.७.१. दुवै पक्ष आस्था र विचारको स्वतन्त्रता, वाक तथा प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक र विनाहातहतियार भेला हुने स्वतन्त्रता, आवागमनको स्वतन्त्रता, आफूखुसी पेसा व्यवसाय गर्न, सम्पत्ति आर्जन र भोगचलन गर्ने स्वतन्त्रता, शान्तिपूर्ण राजनीतिक क्रियाकलापमा सहभागी हुने स्वतन्त्रता, कानुनको नजरमा सबै समान हुने र सहिष्णुतापूर्ण न्याय व्यवस्था सञ्चालन गर्न गराउन सहमतछन् ।

**८. मतभेद निरूपण तथा कार्यान्वयन संयन्त्र यन्त्र :**

८.१ दुवै पक्ष विगतमा भए गरेका त्रुटिलाई भविष्यमा नदोहोऱ्याउने र क्रमिक रूपमा सच्याउँदै लैजाने गरी वैयक्तिक एवं सामूहिक रूपमा उत्तरदायी हुने सहमति प्रकट गर्दछन् ।

८.२ राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोगले शान्ति अभियानलाई सफल बनाउन आवश्यकताअनुसार संयन्त्रहरूको निर्माण गर्न सक्नेछ। आयोगको गठन र कार्यविधि अन्तरिम मन्त्री परिषद्ले तय गरेबमोजिम हुनेछ।

८.३ दुवै पक्ष वर्तमान र भविष्यमा हुन सक्ने सबै किसिमका पारस्परिक मतभेद वा समस्यालाई आपसी संवाद, समझदारी, सहमति तथा वार्ताको माध्यमबाट समाधान गर्न प्रतिबद्धछन् ।

८.४ यो सम्झौता, अन्तरिम संविधान तथा सात दल एवं नेपाल सरकार र नेकपा (माओवादी)बीच भएका सबै निर्णय, सहमति र समझदारी कार्यान्वयन गर्न अन्तरिम मन्त्रिपरिषद्ले राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग, राज्यको पुनर्संरचनासम्बन्धी उच्चस्तरीय सुझाव आयोगलगायत आवश्यकताअनुसारका अन्य संयन्त्रहरूको गठन गर्ने र तिनीहरूको कार्यविधि निर्धारण गर्न सक्ने कुरामा दुवै पक्ष प्रतिबद्धता व्यक्त गर्दछन् ।

**९. कार्यान्वयन तथा अनुगमन**

यस सम्झौतामा उल्लेख गरिएका सहमतिको कार्यान्वयन तथा त्यसको अनुगमनका लागी निम्न व्यवस्था गर्न दुवै पक्ष सहमत भएकाछन् -

९.१ दुवै पक्ष संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयबाट यस सम्झौतामा उल्लिखित मानवअधिकारसम्बन्धी प्रावधानहरूको अनुगमनको कामलाई निरन्तरता दिन सहमतछन् ।

९.२ दुवै पक्ष संयुक्त राष्ट्रसंघको नेपालस्थित मिसनबाट पूर्वप्रेषित पाँच बुँदे पत्र र यस सम्झौतामा उल्लेख भएअनुसार सैन्य तथा हतियार व्यवस्थापनको अनुगमन गराउन सहमतछन् र त्यस कार्यमा सहयोग पुऱ्याउन प्रतिबद्धता व्यक्त गर्दछन् ।

९.३ दुवै पक्ष संयुक्त राष्ट्रसंघबाट संविधानसभाको निर्वाचनको पर्यवेक्षण गराउन सहमतछन् ।

९.४ राष्ट्रिय मानवअधिकार आयोगले कानुनबमोजिम निर्वाह गर्नुपर्ने दायित्वका साथै यस सम्झौतामा उल्लेख गरिएका मानवअधिकार अनुगमनसम्बन्धी कार्य पनि सम्पादन गर्नेछ । आयोगले आफ्नो कार्यसम्पादन गर्ने क्रममा मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग आवश्यक समन्वय गरी सहयोग लिन सक्नेछ ।

९.५ माथि उल्लिखित सबै निकायले दिएका प्रतिवेदनहरू बुझ्न, अनुरोध गरेका सूचनाहरू उपलब्ध गराउन तथा तिनले दिएका सुझाव तथा सिफारिसहरूको

कार्यान्वयन सहमति र छलफलको आधारमा गर्न दुवै पक्ष सहमतछन् ।

**१०. विविध :**

१०.१ कार्तिक २२ गतेको निर्णयको मर्म र शान्ति सम्झौताको भावनाअनुरूप सरकार वा राज्य संयन्त्रका कुनै पनि क्षेत्रमा समानान्तर वा अन्य स्वरूपको संयन्त्र सञ्चालन नगर्न दुवै पक्ष सहमतछन् ।

१०.२ दुवै पक्ष प्रस्तुत सम्झौताको कार्यान्वयनका लागी आवश्यकतानुसार अन्य पूरक सहमतिहरूमा हस्ताक्षर गर्न मञ्जुर गर्दछन् ।

१०.३ दुवै पक्षको सहमतिबाट प्रस्तुत सम्झौतामा कुनै पनि समयमा संशोधन गर्न सकिनेछ। संशोधन गर्न चाहेमा सोको लिखित सूचना अर्को पक्षलाई प्रदान गर्न दुवै पक्ष सहमतछन् । त्यसरी सूचना प्राप्त भएपछि दुवै पक्षको सहमतिबाट संशोधन गर्न सकिनेछ । त्यस्तो संशोधनले गर्ने व्यवस्था मान्यता प्राप्त न्यूनतम अन्तर्राष्ट्रिय मानवअधिकार, मानवीय कानुनको मापदण्ड तथा शान्ति स्थापनाको मूल मर्मभन्दा न्यून हुनेछैन ।

१०.४ यो सम्झौताको कुनै व्याख्यामा कुनै विवाद उत्पन्न भएमा यो सम्झौताको प्रस्तावना र अनुसूचीमा संलग्न दस्ताबेजहरूका आधारमा दुवै पक्ष सम्मिलित संयुक्त संयन्त्रले व्याख्या गर्ने छ र यो व्याख्या अन्तिम हुनेछ।

१०.५ अन्तरिम व्यवस्थापिका-संसद् गठन भएपछि यस सम्झौतामा उल्लिखित 'दुई पक्ष' को अवधारणा तथा स्थिति स्वतः समाप्त हुनेछ। यसपछि यस सम्झौतामा उल्लिखित सम्पूर्ण अभिभारा कार्यान्वयन गर्ने गराउने दायित्व अन्तरिम मन्त्रिपरिषद्ले व्यवस्था गरेबमोजिम हुनेछ। सम्झौताको पालना तथा कार्यान्वयनमा सहयोग पुऱ्याउनु सबै राजनीतिक दलको कर्तव्य तथा जिम्मेवारी हुनेछ।

१०.६ सिङ्गो मुलुक संविधानसभाको निर्वाचनको मुख्य अभियानमा केन्द्रित भइरहेका बेला आफ्ना समस्या र मागलाई संवाद र वार्ताको माध्यमबाट समाधान गर्न तथा संविधानसभाको निर्वाचन तथा शान्ति सुरक्षाको स्थितिलाई सहयोग पुऱ्याउन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

१०.७ सशस्त्र द्वन्द्वलाई अन्त्य गर्दै संविधानसभाको निर्वाचनद्वारा नयाँ लोकतान्त्रिक नेपालको निर्माण तथा दिगो शान्ति स्थापनाको यो ऐतिहासिक अभियानमा सक्रिय सहभागिता जनाई सफल बनाउन नागरिक

समाज, पेसागत समुदाय, जनवर्गीय सङ्गठनहरू, पत्रकार जगत्, बुद्धिजीवी र आमनेपाली जनसमुदायमा हार्दिक अपिल गर्दछौं ।

१०.८ पूर्ण लोकतन्त्र र दिगो शान्ति स्थापनाको यो अभियानमा नेपाललाई सहयोग पुऱ्याउन सबै मित्र राष्ट्र तथा संयुक्त राष्ट्र संघलगायत अन्तर्राष्ट्रिय समुदायलाई हार्दिक आग्रह गर्दछौं ।

देश र जनताको भविष्यप्रतिको जिम्मेवारी बोध गर्दै र यस विस्तृत शान्ति सम्झौताप्रति पूर्ण प्रतिबद्ध हुँदै हामी-नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का तर्फबाट हस्ताक्षर गरी यो विस्तृत शान्ति सम्झौता सार्वजनिक गर्दछौं ।

| | |
|---|---|
| **प्रचण्ड** | **गिरिजाप्रसाद कोइराला** |
| अध्यक्ष | प्रधानमन्त्री |
| नेपाल कम्युनिस्ट पार्टी (माओवादी) | नेपाल सरकार |

हस्ताक्षर मिति :- २०६३/८/५

## १.२.	मन्त्रालयको स्थापना र कार्यक्षेत्र

नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ साल मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न भएपछि सम्झौताले निर्देश गरेबमोजिम द्वन्द्वका नकारात्मक प्रभावहरूलाई न्यून गर्ने, द्वन्द्वपीडितहरूलाई तत्काल राहत प्रदान गर्ने, पुनर्निर्माण र पुनःस्थापन गरी सामाजिक एकीकरणका माध्यमबाट समाजमा रहेका अवरोधहरूलाई न्यून गर्दै मुलुकमा दिगो शान्ति कायम गर्नुका साथै सो सम्झौताको प्रभावकारी कार्यान्वयन गरी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने गहन जिम्मेबारी शान्ति सचिवालयबाट भन्दा एउटा छुट्टै मन्त्रालयबाट निर्वाह गर्दा बढी उपयोगी र प्रभावकारी हुने देखी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६३/१२/१८ को निर्णयानुसार तत्कालीन शान्ति सचिवालय खारेज गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयको गठन भएको हो ।

**शान्ति प्रकृयाका मुख्य परिघटनाहरूः**

- २०५२ फागुन १ गते, सशस्त्र द्वन्द्वको शुरुवात ।
- ६ वर्षको अन्तराल पश्चात २०५८ सालमा वार्ताको प्रारम्भ ।
- २०५९ फागुन ८ गते गठन भएको कार्यदलले शान्ति समन्वय तथा व्यवस्थापन केन्द्र स्थापनाका लागि सिफारिश ।
- २०६०/२/२९ मा शान्ति वार्ता समन्वय सचिवालयको स्थापना ।
- २०६१/४/२८ मा प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय शान्ति समिति गठन ।
- २०६१/५/२९ मा मुख्य सचिवको नेतृत्वमा शान्ति समिति सचिवालयको स्थापना ।
- २०६१/७/३ गतेको निर्णयले उच्चस्तरीय शान्ति समितिको सचिवालयको नाम शान्ति सचिवालय तोकिएको ।
- २०६३ मंसीर ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न ।
- २०६३/१२/१८ मा शान्ति सचिवालय खारेजी र शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना ।

**मन्त्रालयको दुरदृष्टिः**

- मुलुकमा दिगो शान्ति कायम गरी सुन्दर, शान्त र नयाँ नेपालको निर्माण कार्यमा सहयोग गर्नु ।

**मन्त्रालयको ध्येयः**

- विद्यमान हत्या हिंसाको अध्याय समाप्त गरी मुलुकमा दिगो शान्ति र विकासको मार्ग प्रशस्त गर्नका लागि आवश्यक संस्थागत, प्रक्रियागत र प्राविधिक कार्यमा जुट्नु ।

**कार्यक्षेत्र**

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत देहायका विषयहरू समावेश छन् ः-

१. शान्ति स्थापना, द्वन्द्व व्यवस्थापन, विकास र द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि तत्कालीन र दीर्घकालीन नीति, रणनीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;

२. द्वन्द्वपीडित क्षेत्रको सामाजिक तथा आर्थिक विकासको नीति, रणनीति र कार्यक्रम;

३. विस्तृत शान्ति सम्झौतालगायतका अन्य सम्झौता, सहमति र निर्णयको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन;

४. दीगो शान्ति कायम गर्न आवश्यक संस्थागत, प्रकृयागत तथा प्राविधिक विषय;

५. शान्ति स्थापना तथा द्वन्द्व व्यवस्थापनसम्बन्धी, अध्ययन, विश्लेषण तथा अनुभवको आदान-प्रदान;

६. द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको राहत, आर्थिक सहायता तथा पुनःस्थापन;

७. द्वन्द्व-संवेदनशील प्रणालीबारे अध्ययन तथा अनुसन्धान;

८. शान्ति स्थापना तथा द्वन्द्वको व्यवस्थापनसम्बन्धी सूचना, अध्ययन सामग्री र अध्ययन प्रतिवेदनको अभिलेख केन्द्र तथा शान्ति र द्वन्द्व व्यवस्थापनको प्राविधिक स्रोतकेन्द्र सम्बन्धी;

९. शान्ति प्रक्रिया र द्वन्द्वको संक्रमणकालीन व्यवस्थापन;

१०. द्वन्द्वको कारणबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण तथा पुनःस्थापनाको योजना तर्जुमा, कार्यान्वयन तथा क्षेत्रगत निकायसँगको समन्वय;

११. शान्ति कोषबाट सञ्चालित योजना तथा कार्यक्रमको सञ्चालन र अनुगमन;

१२. शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनसँग सम्बन्धित सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाको सम्पर्क;

१३. सत्य निरुपण तथा मेलमिलाप आयोग;

१४. बेपत्तासम्बन्धी छानबिन आयोग;


१५. शान्ति तथा पुनःस्थापनासम्बन्धी परामर्श समिति;
१६. शान्ति प्रक्रियासम्बन्धी उच्चस्तरीय अनुगमन समिति;
१७. स्थानीय शान्ति समिति।

## १.३. संगठनात्मक पक्ष

मन्त्रालयका उद्देश्य र कार्यक्षेत्र अन्तर्गत पर्ने विषयहरूलाई विभिन्न कार्यक्रम/आयोजना मार्फत सम्वोधन गरी शान्ति प्रक्रियालाई सहजीकरण र विधिवत रुपमा सम्पन्न गर्ने अभिप्रायले मन्त्रालयको संगठनात्मक स्वरुप निर्धारण गरिएको छ। सो का लागि मन्त्रालय अन्तर्गत देहायको संगठनात्मक संरचना कायम रहेको छ।

- महाशाखाहरूः ६ वटा
- शाखाहरूः १६ वटा
- अस्थायी संगठन संरचनाहरूः ४ वटा केन्द्रस्तर र स्थानीयस्तरमा स्थानीय शान्ति समितिहरू
- आयोगहरूः २ वटा संक्रमणकालीन न्यायका लागि गठित आयोगहरू
- माओवादी सेनाका लडाकूहरूको अस्थायी शिविर व्यवस्थापन कार्यको लागि गठन भएको शिविर व्यवस्थापन केन्द्रीय समन्वय कर्ताको कार्यालय, स्था( नीय शिविर व्यवस्थापन कार्यालयहरू तथा माओवादी सेनाका लडाकूहरूको रेखदेख, समायोजन तथा पुनस्थापन सम्वन्धी विशेष समितिको सचिवालय, शान्ति प्रक्रिया सहयोग आयोजना हाल खारेज भैसकेका छन्।

**संगठन संरचना**



## मन्त्रालयको महाशाखा र शाखाहरूको विवरण

| द्वन्द्व व्यवस्थान महाशाखा | | | प्रशासन, योजना तथा वैशिक सहयोग समन्वय महाशाखा | | | | | राहत तथा पुनःस्थापन महाशाखा | | पूर्वाधार पुनर्निर्माण महाशाखा | | शान्ति संयन्त्र समन्वय महाशाखा | | कानून तथा सञ्चार महाशाखा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | १ | २ | ३ | ४ | ५ | १ | २ | १ | २ | १ | २ | १ | २ |
| द्वन्द्व विश्लेषण तथा नीति निर्माण शाखा | शान्ति प्रक्रिया समन्वय तथा अनुगमन शाखा | बाम्दी मुक्ङ व्यवस्थापन शाखा | प्रशासन शाखा | योजना तथा कार्यक्रम समन्वय शाखा | आर्थिक प्रशासन शाखा | वैदेशिक सहयोग समन्वय शाखा | अनुगमन तथा मुल्याङ्कन शाखा | राहत तथा तथ्याङ्क शाखा | पुनःस्थापन शाखा | भौतिक पूर्वाधार पुनर्निर्माण शाखा | अनुगमन तथा मुल्याङ्कन शाखा | आयोग समिति समन्वय शाखा | स्थानीय शान्ति समिति समन्वय शाखा | कानून तथा मानव अधिकार शाखा | सूचना, सञ्चार तथा जनसम्पर्क शाखा |

**जनशक्तिको अवस्थाः**

- मन्त्रालय अन्तर्गतका महाशाखा, शाखाहरूमा कायम दरवन्दी संख्याः ९३ जना
- द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाः परियोजना प्रमुखको रुपमा रा.प.प्रथम (प्राविधिक) को नेतृत्वमा ३८ जना
- राहत तथा पुनस्थापना इकाईमाः इकाई प्रमुखमा रा.प.प्रथम (प्रशासन) को नेतृत्वमा २५ जना
- शान्ति कोष सचिवालयमाः रा.प.प्रथम (प्रशासन) को नेतृत्वमा १७ जना
- स्थानीय शान्ति समितिः ७५ वटै जिल्लामा १ जना कार्यालय सचिव (शाखा अधिकृत सरह) प्रमुख रहने गरी १ जना कार्यालय सहायक (ना.सु. सरह) र १ जना कार्यालय सहयोगी (श्रेणीविहिन) रहने व्यवस्था।

## १.४ मन्त्रालयसँग सम्वन्धित ऐन, नियम, नीति, निर्देशिका र कार्यविधिको विवरण

| | |
|---|---|
| १ | बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ |
| २ | बेपत्ता पारिएका व्यक्तिको छानविन आयेग नियमावली, २०७२ |
| ३ | सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ |
| ४ | आन्तरिक रुपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०६३ |
| ५ | द्वन्द्वका कारण विस्थापित व्यक्ति तथा परिवारलाई राहत सुविधा प्रदान गर्ने निर्देशिका, २०६३ |
| ६ | शान्ति कोष संचालन (कार्यविधि) नियमावली, २०६५ |
| ७ | मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६८ |
| ८ | वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६८ |
| ९ | स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरू (Terms of Reference) |
| १० | द्वन्द्वबाट क्षति भएका भौतिक पूर्वाधारहरूको पुनर्निर्माण/पुनर्स्थापना तथा शान्तिका लागि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ |
| ११ | नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०६८ |
| १२ | स्थानीय शान्ति समिति निर्देशिका, २०६६ |
| १३ | सशस्त्र द्वन्द्वका क्रममा पीडित भएका व्यक्तिलाई रोजगार/स्वरोजगार सेवा संचालन गर्ने निर्देशिका, २०६७ |
| १४ | माओवादी सेनाका लडाकुहरूको रेखदेख, नियन्त्रण, निर्देशन प्रक्रिया र आचारसंहिता सम्बन्धी निर्देशिका, २०६७ |
| १५ | माओवादी सेनाका लडाकुहरूको पुनर्स्थापन सम्बन्धी निर्देशिका, २०६८ |
| १६ | माओवादी सेनाका गर्भवती तथा पाँच वर्षभन्दा कम उमेरका बालबालिका भएका महिला लडाकुहरूको लागि विशेष सुविधा प्रदान गर्ने निर्देशिका, २०६८ |
| १७ | शान्तिको लागि विकास कार्यक्रम संचालन निर्देशिका, २०६८ |

| | |
|---|---|
| १८ | द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम संचालन निर्देशिका, २०६८ |
| १९ | माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरूका लागि पुनर्स्थापन एवं हेरचाह निर्देशिका, २०६८ |
| २० | आमा बाबु गुमाएका बालबालिका पुनःस्थापन कार्यक्रम सञ्चालन कार्यविधि,२०६८ |
| २१ | राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्ति तथा परिवारलाई प्रदान गरिने परिचय पत्र निर्देशिका २०६९ |
| २२ | मनोसामाजिक परामर्श सेवा सञ्चालन सम्बन्धी निर्देशिका, २०७० |
| २३ | स्थानीयस्तरका शान्ति समितिको कार्यक्रम कार्यान्वयनसम्बन्धी मार्गदर्शन, २०७० |

## १.५ मन्त्रालयबाट हालसम्म सञ्चालित कार्यक्रम तथा आयोजनाको विवरण

१. शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट सम्पादन गरिएका शान्ति वार्ता लगायतका कार्य

२. शान्ति कोष

३. पुनर्निर्माण तथा पुनर्स्थापन कार्यक्रम

(क) भौतिक पूर्वाधार पुनर्निर्माण

(ख) राहत तथा पुनर्स्थापन

(ग) मनोसामाजिक परामर्श सेवा परियोजना

(घ) शान्ति प्रकृया सहयोग आयोजना

४. स्थानीय शान्ति समिति

५. द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम

६. शान्तिका लागि विकास कार्यक्रम

७. माओवादी लडाकु सेना समायोजन र शिविर व्यवस्थापन

८. अन्य महत्वपूर्ण विविध क्रियाकलाप

# २ मन्त्रालयबाट सम्पादन भएका मुख्य मुख्य उपलब्धीहरु

## २.१ द्वन्द्वन्यूनिकरणका क्षेत्रमा भएका प्रमुख कार्यहरु

द्वन्द्व व्यवस्थापनका मूलतः तीनवटा पक्ष छन् । पहिलो, शान्ति प्रक्रिया र यससँग जोडिएका व्यवस्थापनका विषयलाई अघि बढाउन नीति, नियम र निर्देशिका बनाउने । दोस्रो, शान्ति वार्ता गरी सहमति र सम्झौता कायम गर्ने । तेस्रो, द्वन्द्वकालमा प्रयोग भएका बारुदी सुरुङ नष्ट गर्ने । साथै द्वन्द्वका अवधिमा मृत्यु वरण गरी सहिदको सूचिमा पर्न बाँकी रहेका १६२६ जनालाइ मिति २०६७ असार ९ गते यस मन्त्रालयको पहलमा सहिद घोषणा गरिएको ।

### २.१.१. वार्ता तथा सम्झौता

विभिन्न समय र रूपमा द्वन्द्वमा सामेल भएका पक्षलाई शान्ति प्रक्रियामा ल्याउनु द्वन्द्व व्यवस्थापनको महत्वपूर्ण पाटो हो । यस क्रममा विभिन्न जिल्लामा द्वन्द्वको कारण, प्रभाव विश्लेषण सम्बन्धी अन्तरकृया एवं छलफल कार्यक्रम सञ्चालन गरिएको छ । सशस्त्र द्वन्द्व कालमा द्वन्द्वमा परी मृत्यु भएका १६२६ जनालाई सम्मान स्वरुप सशस्त्र द्वन्दव कालका सहिदहरु घोषणा गरिएको छ । यस मन्त्रालय स्थापना भएपछि ५७ वटा संघ, संस्था, समूहसँग ७२ वटा सहमति भएका छन् । यस मन्त्रालय स्थापना पूर्व विस्तृत शान्ति सम्झौता देखि संविधानसभा संवैधानिक राजनितिक संवाद तथा सहमति प्ररम्भिक वार्ता उपसमिति को संविधान सभा बाहिर रहेका राजनितिक दल सशस्त्र समसह र सरोकारवाला हरुसंग गरिएको वार्ता सम्वन्धी सूचिसम्म विभिन्न असन्तुष्ट पक्षहरुसंग भएका सहमती, सम्झौताहरुको विवरण एकिकृत गरिएको छ । यस मन्त्रालय स्थापना पूर्वका र यस मन्त्रालय स्थापना भएपछि ५७ वटा संघ, संस्था, समूहसँग ७२ वटा भएका सहमति सम्झौताहरुको त गरी प्रकासन समेत गरिएको छ ।

**१. शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना पूर्व सरकारी वार्ता टोली र विभिन्न पक्षहरुसँग विभिन्न मितिमा वार्ता भई सम्पन्न भएका सम्झौता तथा सहमतिहरुको सूचि देहाय बमोजिम रहेको छ :**

| क्र.स | विषय | मिति |
|---|---|---|
| १ | सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको बाह्र बुंदे समझदारी पत्र | २०६२।८।७ |
| २ | सात राजनीतिक दल र ने.क.पा.(माओवादी) बीच भएको दोस्रो समझदारी पत्र | |
| ३ | तत्कालीन राजा ज्ञानेन्द्रको वैशाख ११, २०६३ को सम्बोधन | २०६३।१।११ |
| ४ | २०६३ जेठ ४ गते भएको प्रतिनिधिसभाको घोषणा, २०६३ | २०६३।२।४ |
| ५ | नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच दुईपक्षीय सहमतिद्वारा लागू गरिएको युद्धविराम आचार–संहिता | २०६३।२।१२ |
| ६ | नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच कोपुण्डोलमा सम्पन्न सहमति | २०६३।३।१ |
| ७ | सात राजनितिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का शीर्ष नेताहरुबीच भएको आठ बुंदे समझदारीपत्रको प्रेस वक्तव्य | २०६३।३।२ |
| ८ | नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच प्रधानमन्त्रीनिवास, बालुवाटारमा सम्पन्न तेस्रो वार्ताको सहमति | २०६३।३।२ |
| ९ | युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार | २०६३।३।१२ |
| १० | युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यविधि, २०६३ | |
| ११ | संयुक्त राष्ट्रसंघ समक्ष नेपाल सरकारद्वारा प्रेषित पाँच बुँदे पत्र | २०६३।४।२४ |
| १२ | संयुक्त राष्ट्रसंघ समक्ष नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा प्रेषित पांच बुंदे पत्र | २०६३।४।२४ |
| १३ | सात दल र ने.क.पा.(माओवादी) का शीर्ष नेताहरुको बैठकका निर्णयहरु | २०६३।७।२२ |

| | | |
|---|---|---|
| १४ | नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता | २०६३।८।५ |
| १५ | नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता, २०६३ | २०६३।८।२२ |
| १६ | वातावरण सहज बनाउने सम्बन्धमा आठ राजनीतिक दलहरुको प्रतिबद्धता | २०६३।१२।१६ |
| १७ | अन्तरिम सरकारको साझा सहमतिको न्यूनतम कार्यक्रम | २०६३।१२।१६ |
| १८ | अन्तरिम सरकार सञ्चालनको सामान्य विधि र मान्यता | २०६३।१२।१६ |
| १९ | संयुक्त समन्वय समिति | २०६३।१२।१६ |
| २० | अन्तरिम सरकारका मन्त्रीहरुले पालना गर्नुपर्ने आचार संहिता | २०६३।१२।१६ |
| २१ | प्रधानमन्त्री पदका लागि सांसद गिरिजाप्रसाद कोइरालालाई सर्वसम्मतिले निर्णय गर्ने राजनीतिक सहमति | २०६३।१२।१६ |
| २२ | संविधानसभाको निर्वाचन २०६४ साल चैत भित्र सम्पन्न गर्ने राष्ट्रिय संकल्पलाई केन्द्र बिन्दुमा राखेर सात राजनीतिक दलहरुबीच भएको २३ बुँदे सहमति | २०६४।९।८ |
| २३ | संविधान संशोधन र शान्ति प्रक्रियालाई अगाडी बढाउन राजनीतिक दलहरुबीच भएको सहमति | २०६५।३।११ |
| २४ | संविधानसभाको म्याद थप गर्न मिति २०६७।२।१४ मा भएको सहमति | २०६७।२।१४ |
| २५ | प्रधानमन्त्री माधवकुमार नेपाल र ए.नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालबीच भएको सहमति | २०६७।५।२८ |
| २६ | माओवादी सेनाका लडाकुहरुको रेखदेख, नियन्त्रण, निर्देशन प्रक्रिया र आचारसंहितासम्बन्धी निर्देशिका, २०६७ | २०६७।५।३१ |
| २७ | शान्तिप्रक्रियाका सम्बन्धमा प्रधानमन्त्री माधवकुमार नेपाल र एनेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) बीच भएको सहमति | २०६७।९।३० |
| २८ | माओवादी सेनाका लडाकुहरु विशेष समिति मातहत आएको घोषणा समारोह | २०६७।१०।८ |

| | | |
|---|---|---|
| २९ | शान्ति प्रक्रिया टुंग्याउन दलहरुबीच भएको सात बुँदे सहमति | २०६८।७।१५ |
| ३० | शान्ति प्रक्रिया टुंग्याउन दलहरुबीच भएको छ बुँदे सहमति | २०६८।८।१३ |

**२. शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना पछि सरकारी वार्ता टोली र विभिन्न पक्षहरुसँग विभिन्न मितिमा वार्ता भई सम्पन्न भएका सम्झौता तथा सहमतिहरुको सूचि देहाय बमोजिम रहेको छ ट्ठट्ठः**

| क.सं. | विषय | मिति | नेपाल सरकारको तर्फबाट हस्ताक्षर गर्ने |
|---|---|---|---|
| ३१.१ | सरकारी वार्ताटोली र निजामती कर्मचारी सम्वद्ध संस्थाहरुका प्रतिनिधिहरुबीच भएको सहमति | २०६४।३।१० | रामचन्द्र पौडेल |
| ३१.२ | सरकारी वार्ताटोली र सरकारी तथा संस्थान सवारी चालक एशोसियशन तथा राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्रका वार्ता टोलीबीच भएको सहमति | २०६४।३।२७ | श्री रामचन्द्र पौडेल |
| ३१.३ | सरकारी वार्ता टोली र नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपालका प्रतिनिधिवीच भएको सहमति | २०६४।४।२२ | श्री रामचन्द्र पौडेल |
| ३१.४ | सम्माननीय प्रधानमन्त्री एवं प्रमुख राजनीतिक दलका शीर्ष नेताहरुको समुपस्थितिमा सरकारी वार्ता टोली र आदिवासी जनजाति संयुक्त संघर्ष समिति नेपालको वार्ता टोलीबीच भएको सहमति | २०६९।२।९ | श्री टोपबहादुर रायमाझी<br>श्री वर्षमान पुन<br>श्री महेन्द्रप्रसाद यादव<br>श्री सूर्यमान गुरुङ्ग<br>श्री राधा ज्ञवाली |
| ३१.५ | नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालबीच | २०६४।५।१३ | श्री रामचन्द्र पौडेल |

| | | | |
|---|---|---|---|
| | भएको सम्झौता | | |
| ३१.६ | नेपाल सरकार र चुरे भावर प्रदेश एकता समाज, नेपालवीच भएको सहमति | २०६४।५।२७ | श्री रामचन्द्र पौडेल |
| ३१.७ | नेपाल सरकार र राष्ट्रिय वादी अधिकार संघर्ष समिति बीच भएको सहमति | २०६४।६।२८ | श्री रामचन्द्र पौडेल |
| ३१.८ | नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच सम्पन्न सम्झौता | २०६४।११।१६ | श्री गिरिजा प्रसाद कोईराला |
| ३१.९ | सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा, नेपालबीच भएको सहमति | २०६४।११।१८ | श्री रामचन्द्र पौडेल<br>श्री शंकर पोखरेल<br>श्री देवप्रसाद गुरुङ्ग<br>श्री धनश्याम शर्मा पौडेल<br>श्री सुनिल प्रजापति<br>श्री केशव नेपाल |
| ३१.१० | सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय लिम्बुवान राज्य परिषदबीच भएको सहमति | २०६४।१२।६ | श्री रामचन्द्र पौडेल |
| ३१.११ | शान्ति तथा पुनर्निर्माण मन्त्री र संघीय लिम्बुवान राज्यपरिषद्बीच भएको सहमति | २०६८।७।३० | श्री सत्य पहाडी |
| ३१.१२ | सरकारी वार्ताटोली र राष्ट्रिय हलिया मुक्ति समाज महासंघको वार्ता टोलीबीच भएको सहमति | २०६५।५।२० | श्री जनार्दन शर्मा "प्रभाकर" |
| ३१.१३ | सरकारी वाताटोली र मधेशी भाइरस किलर्स पार्टीका वार्ता टोलीबीच भएको सहमति | २०६५।८।२६ | श्री जनार्दन शर्मा "प्रभाकर" |
| ३१.१४ | सरकारी वार्ताटोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा बीच भएको सहमति | २०६५।९।११ | श्री जनार्दन शर्मा "प्रभाकर" |

| | | | |
|---|---|---|---|
| ३१.१५ | नेपाल सरकारको वार्ताटोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (संस्थापन पक्ष) बीच भएको सहमति | २०६८।७।१८ | श्री वर्षमान पुन "अनन्त" |
| ३१.१६ | नेपाल सरकारको वार्ताटोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (कौटिल्य समूह) बीच भएको सहमति | २०६८।८।८ | श्री सत्य पहाडी |
| ३१.१७ | सरकारी वार्ताटोली र तराई संयुक्त जनक्रान्ती पार्टी बीच भएको सहमति | २०६५।९।१६ | श्री जनार्दन शर्मा "प्रभाकर" |
| ३१.१८ | सरकारी वार्ताटोली र जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) बीच भएको सहमति | २०६५।९।२६ | श्री जनार्दन शर्मा "प्रभाकर" |
| ३१.१९ | सरकारी वार्ताटोली र किरात जनबादी वर्कश पार्टी बीच भएको सहमति | २०६५।१०।५ | श्री श्री जनार्दन शर्मा "प्रभाकर" |
| ३१.२० | सरकारी वार्ताटोली र किरात जनबादी वर्कश पार्टी बीच भएको सहमति | २०६६।७।२८ | श्री रकम चेम्जोङ्ग |
| ३१.२१ | नेपाल सरकारको वार्ता टोली र किरात जनबादी वर्कश पार्टीबीच भएको सहमति | २०६८।३।१७ | श्री घनश्याम भूसाल |
| ३१.२२ | नेपाल सरकारको वार्ता टोली र किरात जनबादी वर्कश पार्टीबीच भएको सहमति | २०६८।११।३० | श्री सत्य पहाडी<br>श्री भिमराज चौधरी राजवंशी |
| ३१.२३ | सरकारी वार्ता टोली र किरात जनबादी वर्कर्स पार्टी बीच भएको सहमति | २०७०।३।१८ | श्री रामकुमार श्रेष्ठ |
| ३१.२४ | सरकारी वार्ताटोली र लिब्रेशन टाइगर अफ तराई इल्म | २०६५।११।१० | श्री जनार्दन शर्मा "प्रभाकर" |

| | | | |
|---|---|---|---|
| | (एलटीटीइ) का वार्ता टोलीबीच भएको सहमति | | |
| ३१.२५ | नेपाल सरकार र आदीवासी थारू समुदाय तथा नेपाल आदिवासी जनजाति महासंघका प्रतिनिधि बीच भएको सहमति | २०६५।१२।१ | श्री जनार्दन शर्मा "प्रभाकर" |
| ३१.२६ | सरकारी वार्तटोली र संयुक्त मुस्लिम राष्ट्रिय संघर्ष समितिका वार्ता टोलीबीच भएको सहमति | २०६५।१२।३ | श्री जनार्दन शर्मा "प्रभाकर" |
| १.२७ | राजनीतिक दलका शीर्ष नेताहरुको समुपस्थितिमा सरकारी वार्ता टोली र राष्ट्रिय मुस्लिम संघर्ष गठबन्धनबीच भएको सहमति | २०६९।२।७ | श्री टोपवहादुर रायमाझी<br>श्री महेन्द्रप्रसाद यादव<br>श्री सूर्यमान गुरुङ्ग<br>श्री राधा ज्ञवाली |
| ३१.२८ | सरकारी वार्तटोली र मधेश मुक्ति टाईगर्स बीच भएको सहमति | २०६५।१२।७ | श्री जनार्दन शर्मा "प्रभाकर" |
| ३१.२९ | सरकारी वार्तटोली र नेपाल पिछडा वर्ग महासंघका वार्ता टोलीबीच भएको सहमति | २०६५।१२।११ | श्री जनार्दन शर्मा "प्रभाकर" |
| ३१.३० | सरकारी वार्तटोली र नेपाल पिछडा वर्ग महासंघका वार्ता टोलीबीच भएको सहमति | २०६६।३।७ | श्री रकम चेम्जोङ्ग |
| ३१.३१ | सरकारी वार्तटोली र नेपाल पिछडा वर्ग महासंघका वार्ता टोलीबीच भएको सहमति | २०६८।२।६ | श्री विश्वनाथ शाह |
| ३१.३२ | सरकारी वार्तटोली र नेपाल पिछडा वर्ग महासंघ तथा राष्ट्रिय जनता दल, नेपालबीच भएको सहमति | २०६९।१।१३ | श्री सत्य पहाडी |
| ३१.३३ | सरकारी वार्तटोली र ताम्सालीङ | २०६५।१२ | श्री जनार्दन शर्मा |

| | | | |
|---|---|---|---|
| | संयुक्त संघर्ष समिति, नेपालका वार्ता टोलीबीच भएको सहमति | ।२९ | "प्रभाकर" |
| ३१.३४ | सरकारी वार्ताटोली र अखिल तराई मुक्ति मोर्चा (संस्थापन पक्ष) बीच भएको सहमति | २०६७।१।२४ | श्री रकम चेम्जोङ्ग |
| ३१.३५ | सरकारी वार्ताटोली र अखिल तराई मुक्ति मोर्चा (संस्थापन पक्ष) बीच भएको सहमति | २०६८।४।२३ | श्री पम्फा भुसाल |
| ३१.३६ | सरकारी वार्ताटोली र क्षत्री राष्ट्रिय आन्दोलन समिति बीच भएको सहमति | २०६८।२।८ | श्री विश्वनाथ शाह |
| ३१.३७ | सरकारी वार्ता समिति र खस क्षेत्री एकता समाज आदिवासी जनजाति बीच भएको सहमति | २०६९।१।१३ | श्री सत्य पहाडी |
| ३१.३८ | नेपाल सरकारको वार्ता टोली र ब्राम्हण, खस क्षत्री, दशनामी, ठकुरी र दलित सम्मिलित संघर्ष समिति बीच भएको सहमति | २०६८।८।९ | श्री सत्य पहाडी |
| ३१.३९ | सरकारी वार्ताटोली र संयुक्त जनतान्तित्रक तराई मुक्ति मोर्चा (पवन) बीच भएको सहमति | २०६८।४।२८ | श्री पम्फा भुसाल |
| ३१.४० | सरकारी वार्ताटोली र संयुक्त जनतान्तित्रक तराई मुक्ति मोर्चा (पवन) बीच भएको सहमति | २०६८।९।१६ | श्री सत्य पहाडी<br>श्री राजलाल यादव |
| ३१.४१ | नेपाल सरकारको वार्ता टोली र पूर्व जनमुक्ति सेना, नेपाल बीच भएको सहमति | २०६८।५।२ | श्री पम्फा भुसाल |
| ३१.४२ | सरकारी वार्ताटोली र वहिर्गमित जनमुक्ति सेना, नेपाल बीच भएको सहमति | २०६८।९।२१ | श्री सत्य पहाडी |
| ३१.४३ | नेपाल सरकारको तर्फबाट | २०६९।८। | श्री टोपवहादुर रायमाझी |

| | | | |
|---|---|---|---|
| | मा.शान्ति तथा पुनर्निर्माण मन्त्रीज्यू र वहिर्गमित जनमुक्ति, सेना, नेपाल बीच भएको सहमति | २६ | |
| ३१.४४ | सरकारी वार्ताटोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) बीच भएको सहमति | २०६८।५।२ | श्री पम्फा भुसाल |
| ३१.४५ | सरकारी वार्ताटोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) बीच भएको सहमति | २०६८।९।२८ | श्री सत्य पहाडी<br>श्री भीमराज चौधरी राजवंशी |
| ३१.४६ | सरकारी वार्ताटोली र संयुक्त राजनीतिक दलित संघर्ष समिति तथा दलित सभासद् मञ्चबीच भएको सहमति | २०६८।९।१४ | श्री सत्य पहाडी |
| ३१.४७ | सरकारी वार्ता टोली र संयुक्त राजनीतिक दलित संघर्ष समितिबीच भएको सहमति | २०६९।२।१३ | श्री टोपवहादुर रायमाझि<br>श्री महेन्द्र प्रसाद यादव<br>श्री राधा ज्ञवाली |
| ३१.४८ | सरकारी वार्ताटोली र अखिल तराई मुक्ति मोर्चा (जयकृष्ण गोईत समूह) बीच भएको सहमति | २०६८।१०।७ | श्री सत्य पहाडी<br>श्री राजलाल यादव<br>श्री भीमराज चौधरी राजवंशी |
| ३१.४९ | सरकारी वार्ताटोली र जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगत सिंह) बीच भएको सहमति | २०६८।११।१३ | श्री सत्य पहाडी<br>श्री राजलाल यादव |
| ३१.५० | सरकारी वार्ताटोली र जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगत सिंह) बीच भएको सहमति | २०६९।४।२० | श्री टोपवहादुर रायमाझी |
| ३१.५१ | सरकारी वार्ताटोली र जनतान्त्रिक मधेश तराई मुक्ति मोर्चा (झवर | २०६८।११।२१ | श्री सत्य पहाडी |

| | | | |
|---|---|---|---|
| | साह, प्रताप) बीच भएको सहमति | | |
| ३१.५२ | सरकारी वार्तटोली र संयुक्त क्रान्तिकारी तराई मधेस मुक्ति मोर्चा बीच भएको सहमति | २०६९।१।६ | |
| ३१.५३ | सरकारी वार्तटोली एवं नेपाल डिफेन्स आर्मीका वार्तटोलीका प्रतिनिधिहरुसँग भएको सहमति | २०६८।५।२७ | श्री पम्फा भुसाल<br>श्री हरि नारायण यादव |
| ३१.५४ | सरकारी वार्ता समिति र फैजान अहमद–संघर्ष समितिको वार्ता टोलीबीच भएको सहमति | २०६८।८।१८ | श्री सत्य पहाडी<br>श्री भीमराज चौधरी राजवंशी |
| ३१.५५ | सरकारी वार्ता समिति र नेपाल दशनामी सन्यासी राष्ट्रिय संघर्ष समितिका प्रतिनिधिहरुबीच भएको सहमति | २०६८।१२।२७ | श्री सत्य पहाडी<br>श्री राजलाल यादव |
| ३१.५६ | सरकारी वार्ता समिति र राष्ट्रिय जनमुक्ति पार्टी जनआन्दोलन परिचालन समितिबीच भएको सहमति | २०६९।१।३ | श्री सत्य पहाडी |
| ३१.५७ | सरकारी वार्ता समिति र अखण्ड सुदुर पश्चिम संघर्ष समिति | २०६९।२।१ | श्री कृष्णप्रसाद सिटौला<br>श्री वर्षमान पुन<br>श्री महेन्द्रप्रसाद यादव |
| ३१.५८ | समाननीय प्रधानमन्त्रीज्यू र प्रमुख राजनितिक दलहरुका शीर्ष नेताहरुको उपस्थितमा सरकारी बार्तटोली र राष्ट्रिय अखण्डता र जातीय सद्भावकालागि संयुक्त संघर्ष समितिबीच भएको सहमति | २०६९।२।४ | श्री कृष्णप्रसाद सिटौला |
| ३१.५९ | नेपाल सरकारको वार्ता टोली र थारु संयुक्त संघर्ष समिति, नेपाल बीच भएको सहमति | २०६९।२।१० | श्री टोपवहादुर रायमाझी<br>श्री सूर्यमान गुरुङ्ग<br>श्री राधा ज्ञवाली |

| | | | |
|---|---|---|---|
| ३१.६० | सरकारी वार्ता टोली र मिथिला राज्य संघर्ष समितिबीच भएको सहमति | २०६९।२।१२ | श्री टोपवहादुर रायमाझी<br>श्री महेन्द्र प्रसाद यादव<br>श्री राधा ज्ञवाली |
| ३१.६१ | सरकारी वार्ता टोली र राष्ट्रिय ख्रीष्टियन महासंघ, नेपालबीच भएको सहमति | २०६९।२।१३ | श्री टोपवहादुर रायमाझी<br>श्री महेन्द्रप्रसाद यादव<br>श्री राधा ज्ञवाली |
| ३१.६२ | सरकारी वार्ता टोली र संयुक्त लोकतान्त्रिक थारु मोर्चाबीच भएको सहमति | २०६९।२।१३ | श्री टोपवहादुर रायमाझी<br>श्री महेन्द्रप्रसाद यादव |
| ३१.६३ | सरकारी वार्ता टोली र कर्णाली स्वायत्त प्रदेश संघर्ष समितिबीच भएको सहमति | २०६९।२।१३ | श्री टोपवहादुर रायमाझी<br>श्री महेन्द्रप्रसाद यादव<br>श्री राधा ज्ञवाली |
| ३१.६४ | सरकारी वार्ता टोली एवं रानाथारु संयुक्त संघर्ष समितिबीच भएको सहमति | २०६९।२।१४ | श्री टोपवहादुर रायमाझी<br>श्री महेन्द्रप्रसाद यादव<br>श्री राधा ज्ञवाली |
| ३१.६५ | सरकारी वार्ता टोली एवं संखुवासभा एकता संघर्ष समिति सिङ्गो संखुवासभा जिल्ला सरोकार समितिबीच भएको सहमति | २०६९।२।१४ | श्री टोपवहादुर रायमाझी<br>श्री महेन्द्रप्रसाद यादव<br>श्री राधा ज्ञवाली |
| ३१.६६ | सरकारी वार्ता टोली एवं संयुक्त मधेशी विद्यार्थी मोर्चा र नेपाल आदिवासी जनजाति विद्यार्थी महासंघबीच भएको सहमति | २०६९।२।१४ | श्री टोपवहादुर रायमाझी<br>श्री महेन्द्रप्रसाद यादव |
| ३१.६७ | मा. शान्ति तथा पुनर्निर्माण मन्त्री एवं खम्बुवान मुक्ति मोर्चा (संयुक्त)को वार्तीटोलीबीच भएको | २०६९।४।२० | श्री टोपवहादुर रायमाझी |
| ३१.६८ | मा. शान्ति तथा पुनर्निर्माण मन्त्री र तराई जनतान्त्रिक पार्टी, मधेश (विरेन्द्र साह – क्रान्ति) को वार्ता टोलीबिच भएको सहमति | २०६९।६।२२ | श्री टोपवहादुर रायमाझी |

| | | | |
|---|---|---|---|
| ३१.६९ | मा.शान्ति तथा पुनर्निर्माण मन्त्री र तराई कोवरा (शिवा समूह) को वार्ता टोलीबीच भएको सहमति | २०६९।६।२२ | श्री टोपवहादुर रायमाझी |
| ३१.७० | मा. शान्ति तथा पुनर्निर्माण मन्त्री तथा माओवादी कम्युनिष्ट केन्द्र, नेपालको वार्ता टोलीबीच भएको सहमति | २०६९।७।२ | श्री टोपवहादुर रायमाझी |
| ३१.७१ | सरकारी वार्ताटोली र जनतान्त्रिक तराईमुक्ति मोर्चा (पृथ्वी समूह) विच भएको सहमति | २०७०।१।१९ | श्री रामकुमार श्रेष्ठ |
| ३१.७२ | सरकारी वार्ताटोली र संयुक्त जातीय मुक्ति मोर्चा, नेपालविच भएको सहमति | २०७०।३।४ | श्री रामकुमार श्रेष्ठ |

**३. संविधानसभा, संवैधानिक_राजनितिक संवाद तथा सहमति समितिको प्ररम्भिक वार्ता उपसमितिले संविधान सभा बाहिर रहेका राजनितिक दल सशस्त्र समूह र सरोकारवालाहरुसंग गरिएको वार्ता सम्वन्धी सूचि देहाय बमोजिम रहेको छ :**

| क्र.श | समुहको नाम | संयोजक | वार्ता मिति र समय | कैफियत |
|---|---|---|---|---|
| १ | किराँत जनवादी वर्कस पार्टी | सुमन वान्तवा | २०७१।४।११ इलाम | |
| २ | संयुक्त जातीय मुक्ति मोर्चा नेपाल | विजय डंगोल | २०७१।४।११ इलाम | |
| ३ | स्टेट फोर्स लिम्बुवान | सालिन नेम्वाङ | २०७१।४।११ इलाम | |
| ४ | किराँत जनवादी वर्कस पार्टी | साङकेन्मा किराँती | २०७१।४।११ इलाम | मिति २०७१ पुस २२ गते खोटाङ जल्ला प्रशासन कार्यालयमा नेपाल सरकारसमक्ष हतियार |

| | | | | |
|---|---|---|---|---|
| | | | | बुझाएको । |
| ५ | मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषद | कुमार लिङदेन (मिराक) | २०७१।४।११ इलाम | |
| ६ | संयुक्त लिम्बुवान मुक्ति मोर्चा नेपाल (विद्रोही समुह) | अविरल | २०७१।४।१२ इलाम | |
| ७ | संघीय लिम्बुवान राज्य परिषद | सन्जुहाङ पालुङवा | २०७१।४।१२ इलाम | |
| ८ | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (गुप्ता समुह) | संजयकुमार गुप्ता | २०७१।४।२५ जनकपुर | मिति २०७१ असोज १० गते कपिलवस्तुमा नेपाल सरकारसमक्ष हतियार बुझाएको । |
| ९ | मधेशी भाईरश किर्लस | विजय यादव | २०७१।४।२६ जनकपुर | |
| १० | जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समुह) | महाराज यादव | २०७१।४।२६ जनकपुर | मिति २०७१ असोज ९ गते विरगञ्जमा नेपाल सरकारसमक्ष हतियार बुझाएको । |
| ११ | अखिल तराइ मुक्ति मोर्चा (अजित सिंह) | अजय यादव | २०७१।४।२६ जनकपुर | मिति २०७१ मंसिर ३ गते सप्तरी जिल्ला प्रशासन कार्यालयमा नेपाल सरकारसमक्ष हतियार बुझाएको । |
| १२ | मधेशी राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी) | रामबाबु यादव | २०७१।४।२६ जनकपुर | मिति २०७१ मंसिर २० गते जनकपुर र २० गते सप्तरीमा नेपाल सरकारसमक्ष हतियार बुझाएको । |
| १३ | जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी | श्री चरण महतो | २०७१।५।०७ नेपालगञ्ज | वार्ता पुर्व नै नेपाल सरकार समक्ष |

| | | | | |
|---|---|---|---|---|
| | (भगतसिंह समुह) | (सुर्यदेव सिंह) | | हतियार बुझाएको । |
| १४ | माओवादी कम्युनिष्ट केन्द्र नेपाल | निर्माण | २०७१।५।०८ नेपालगञ्ज | मिति २०७१ कार्तिक ३० गते हेटौडामा नेपाल सरकारसमक्ष हतियार बुझाएको । |
| १५ | संयुक्त जनतान्त्रिक तराइ मुक्ति मोर्चा (पवन समुह) | श्री रमेश गिरी | २०७१।६।७ काठमाण्डौ | वार्ता पुर्व नै नेपाल सरकार समक्ष हतियार बुझाएको । |
| १६ | मंगोलियन नेशनल रिभोल्युसनरी पार्टी | श्री तुकमान पुन | २०७१।६।७ काठमाण्डौ | |
| १७ | जनतान्त्रिक तराइ मुक्ति मोर्चा (मनोज मुक्ति समुह) | श्री डा.मनोज मुक्ति (विवेक) | २०७१।६।९ जनकपुर | |
| १८ | संयुक्त जनतान्त्रिक पार्टी नेपाल (गजेन्द्र मण्डल समुह) | श्री भुवनेश्वर मण्डल | २०७१।६।१२ काठडमाण्डौ | मिति २०७१ मंसिर २० गते जनकपुरमा र २१ गते सप्तरीमा नेपाल सरकारसमक्ष हतियार बुझाएको । |
| १९ | तराई मलेटरी मोर्चा | श्री मकेश्वर महतो (आहुत सिंह) | २०७१।६।२६ काठमाण्डौ | मिति २०७१ मंसिर २० गते जनकपुरमा नेपाल सरकारसमक्ष हतियार बुझाएको । |
| २० | संयुक्त जातीय मुक्ति मोर्चा महरा समुह | श्री जागेश्वर महरा | २०७१।८।२४ काठमाण्डौ | |
| २१ | तराई मधेशी टाईगर्स पार्टी | श्री जयप्काश यादव | २०७१।८।२६ भैरहवा | मिति २०७१ पुस २० गते रुपेन्देहीमा नेपाल सरकारसमक्ष हतियार बुझाएको । |

### २.१.२ सहमति सम्झौता कार्यान्वयन सम्वन्धमा

शान्ति प्रक्रियाका विभिन्न सहमति सम्झौता कार्यान्वयन गर्न समय समयमा विभिन्न आयोग तथा कार्यदलहरु गठन भई प्रतिवेदन पेश गरेका छन् । यी मध्ये प्रमुख प्रतिवेदनहरुका निष्कर्ष तथा सुझावहरुलाई मात्र मूल रुपमै यहा उल्लेख गरिएको छ । सहमति सम्झौता कार्यान्वयनका लागि जिम्वेवार निकाय समेत तोकी कार्यान्वयनका लागि सिफारिस गरेकोमा यस मन्त्रालयले सम्वन्धित सरोकारवाला निकायहरुमा कार्यान्वनयका लागि कार्य योजना सहित पठाएको छ । प्रतिवेदनहरुले गरेका सिफारिसहरु मध्ये अधिकाशं सुझावहरु नेपालको संविधान मार्फत संवोधन भएका छन । प्रतिवेदनहरु कार्यान्वयनको विस्तृत अवस्था बारे ठोस अध्ययन भएको दखिदैन ।

### १. शान्ति तथा पुनर्निर्माण मन्त्रालय स्थापना पश्चात् भएका सहमति सम्झौता कार्यान्वयन सिफारिस आयोग, २०७१

उक्त आयोगले सहमति सम्झौता कार्यान्वयनका लागि कार्य योजना सहित देहाय बमोजम सिफारिस गरेको छ :

**संविधानसभासँगसम्बन्धित विषयको पहिचान र सम्बोधनः**

सहमति सम्झौताका बुँदाहरू मध्ये कतिपय बुँदाहरू संविधानसभासँग सम्बन्धितभएकाले प्रस्तुत बुँदाहरूलाई सरकारमार्फत संविधानसभामा प्रस्तुत गर्नु आवश्यक छ।

**क. राज्य पुनःसंरचनाका सन्दर्भमाः**

मधेशी जनअधिकार फोरम नेपाल, लोकतान्त्रिक मधेशी मोर्चा, नेपाल आदिवासी जनजाति महासंघ, चुरे भावर प्रदेश एकता समाज, संघीय लिम्वुवान राज्य परिषद्, राष्ट्रिय जनमुक्ति पार्टी, आदिवासी जनजाति संयुक्त संघर्ष समिति, संघीय गणतान्त्रिक राष्ट्रिय मुक्ति मोर्चा, थारु संयुक्त संघर्ष समिति, संयुक्त लोकतान्त्रिक थारु मोर्चा, राना थारु संयुक्त संघर्ष समिति, अखण्ड सुदूर पश्चिम सङ्घर्ष समिति लगाएतका समूहहरुसँग नेपाल सरकारले राज्य पुनःसंरचनाको सम्वन्धमा सम्झौता गरेको देखिन्छ । यस सन्दर्भमा मधेशी जनाधिकार फोरम, नेपालले गरेको २२ बुँदे सम्झौताको बुँदा नं. ६

मा "राज्य पुनर्संरचना गर्दा राज्यको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतालाई अविछिन्न राख्दै स्वायत्तता युक्त प्रदेशहरु सहितको सङ्घीय शासन प्रणालीको व्यवस्था गरिनेछ । उक्त स्वायत्तताको अधिकार, प्रकृति र सीमा संविधानसभाले निर्धारण गरेबमोजिमको हुनेछ" भनी सम्झौता भएको छ । त्यस्तै, सरकारी वार्ता टोली तथा आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले २०६९ साल जेष्ठ ९ गते गरेको सम्झौताको बुँदा नं. ४ मा "राष्ट्रिय एकता, अखण्डता, स्वतन्त्रता र राष्ट्रिय स्वाभिमानलाई आत्मसात गर्दै आत्मनिर्णयको अधिकार, अग्राधिकार, स्वशासन र स्वायत्तता सहितको प्रदेश, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र एवं विशेष क्षेत्र कायम गर्ने" भन्ने रहेको र अखण्ड सुदूरपश्चिम सङ्घर्ष समितिले २०६९।२।१ मा गरेको सम्झौमा कैलाली र कंचनपुर समेत सबै जिल्लामा एउटै प्रदेश गरहने माग गरेको र मिथिला राज्य सङ्घर्ष समितिले २०६९।२।१२ गते गरेको सम्झौतामा मिथिला प्रदेशको माग गरेको आदि जस्ता माथि प्रस्तुत सबै समूहहरूको माग संविधानसभासँग सम्वन्धित भएकोले संवैधानि राजनीतिक सम्वाद तथा सहमति समितिमार्फत् यो विषय सम्वोधन हुन सिफारिस गरिन्छ ।

### ख. निर्वाचन प्रणालीका सन्दर्भमाः

नेपाल आदिबासी जनजाति महासङ्घ, क्षत्री एकता समाज र मधेशी जनअधिकार फोरम नेपाललगायत अन्य पक्षहरूसँग समानुपातिक निर्वाचन प्रणालीका सन्दर्भमा नेपाल सरकारले सम्झौता गरेकाले मिश्रित निर्वाचन प्रणाली अपनाउँदा यी दुई सम्झौताको भावना समेटिने हुनाले मिश्रित निर्वाचन प्रणाली अपनाउन सुझाव दिइन्छ ।

### ग. समानुपातिक समावेशीका सन्दर्भमाः

आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, हलिया, बादीलगायतका सीमान्तकृत वर्ग समुदायको प्रतिनिधित्व राज्यको हरेक संरचनामा न्यून रहेको हुँदा उनीहरूको प्रतिनिधित्व राज्यका अङ्गहरूमा बढाउनका लागि समानुपातिक समावेशी सुनिश्चित गर्न नयाँ संविधानको मौलिक हकअन्तर्गत नै सामाजिक न्यायको हक (समावेशी) राख्न सुझाव दिइन्छ ।

### ५.नागरिकताका सन्दर्भमा

नेपाल सरकार र मधेशी जनाधिकार फोरमबिच २०६४ साल भदौ १३ गते भएको २२ बुँदे सम्झौताको बुँदा नं.१३ मा “नागरिकताबाट वन्चित रहेका नागरिकहरूलाई नागरिकता प्रमाणपत्र सरल र सुलभ तरिकाबाट वितरण गर्न नागरिकता टोली पुनः गाउँगाउँमा पठाई नागरिकता समस्या समाधान गर्ने” भन्ने सम्झौता गरेको सन्दर्भमा यो सम्झौताको विषय संविधानसभासँग सम्वन्धित भएकोले संवैधानिक, राजनीतिक सम्वाद तथा सहमति समितिमार्फत यो विषय सम्वोधन हुन सिफारिस गरिन्छ ।

## सरकार तथा व्यवस्थापिकाको क्षेत्राधिकारसँग सम्बन्धित विषय

### १. माफीका सन्दर्भमाः

यस प्रतिवेदनको अनुसूची १ मा रहेको नामावली अनुसार हातहतियार खरखजानालगायत अन्य मुद्दामा सजाय पाएका सशस्त्र समूह वा अन्य समूहका मानिसहरूलाई नेपाल सरकार मन्त्रिपरिषद्ले महत्वपूर्ण राष्ट्रिय चाडपर्वको अवसर वा महत्वपूर्ण राष्ट्रिय दिवसको अवसर पारेर नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५१ बमोजिम सजाय माफी दिन सिफारिस गरिन्छ ।

### २. मुद्दा फिर्ताको सन्दर्भमाः

(क) जिल्ला प्रशासन कार्यालयमा विचाराधीन आवस्थामा रहेका विभिन्न समूहका मुद्दाहरू, नेपाल सरकारले फिर्ता लिने सहमति गरिसकेको अवस्थाको मुद्दा फिर्ता लिनका लागि नामावली अनुसूची १ र छुटेका केही समूहका तथ्याङ्क गृह मन्त्रालयबाट झिकाई नामावलीसहित सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९(१) बमोजिम नेपाल सरकार वादी भै हेरिने वा नेपाल सरकारका तर्फबाट चलाइएको मुद्दा सरकारी वकिलको कार्यालयमार्फत नेपाल सरकारले मन्त्रिपरिषद्बाट निर्णय गरी अदालतमा रहेका मुद्दा फिर्ता गर्न सिफारिस गरिन्छ ।

(ख) हातहतियार तथा खरखजाना मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्ने भएकाले सशस्त्र समूहहरूका कार्यकर्ताविरुद्ध लगाइएका यस्ता मुद्दाहरूका सम्बन्धमा

मन्त्रिपरिष्दबाट निर्णय गरी गृह मन्त्रालयबाट मुद्दाफिर्ता सम्बन्धी परिपत्र गराई ती मुद्दाहरू फिर्ता लिन सिफारिस गरिन्छ ।

(ग) हातहतियार खरखजाना मुद्दामा पुर्पक्षको सिलसिलामा थुनामा रहेका सशस्त्र समूहहरूका कार्यकर्ताहरूको मुद्दा तत्काल फिर्ता गरी उनीहरूलाई रिहा गर्ने र सोही मुद्दामा जेल सजाय भोगिरहेका सशस्त्र समूहहरूका कार्यकर्ताहरूका हकमा उनीहरूको बाँकी सजाय मिनाहा गरी रिहा गर्न सिफारिस गरिन्छ ।

(घ) सार्वजनिक अपराध तथा अर्धन्यायिक निकायबाट हेरिने यस्तै प्रकारका मुद्दा लागेका सशस्त्र समूहका कार्यकर्ता विरुद्धका मुद्दाहरू फिर्ता लिन गृह मन्त्रालयबाट पत्राचार गर्न लगाई सो मुद्दाहरूको विवरण सङ्कलन गरी मुद्दाहरू फिर्ता लिन सिफारिस गरिन्छ ।

(ङ) जिल्ला अदालतलगायत अन्य अदालतमा विचाराधीन गम्भीर प्रकृतिका मुद्दाहरू जस्तैः ज्यान मुद्दा, लागू औषध मुद्दालगायतका मुद्दाहरूमा सशस्त्र समूहका कार्यकर्ताहरूका सम्बन्धमा निर्णय गर्नका लागि सरकारी वकिलको प्रतिनिधि, बरिष्ठ प्रहरी उपरिक्षक, गृह मन्त्रालयका उपसचिवका साथै पुनरावेदन अदालतका पूर्व न्यायाधीशको संयोजनमा “मुद्दा अध्ययन, अनुसन्धान, अभियोजन तथा फिर्ता समिति” गठन गरी सो समितिको राय सिफारिसअनुसार अभियोजन गर्नुपर्ने मुद्दाहरू अभियोजनका लागि महान्यायाधिवक्तको कार्यालयमा पठाउने र फिर्ता लिन सकिने मुद्दाहरू फिर्ताका लागि सिफारिस गर्ने हैसियतसहितको समिति बनाउन सिफारिस गरिन्छ । मुद्दा फिर्ता सबैभन्दा जटिल विषय रहेकाले यसका लागि यो समितिलाई कम्तीमा ६ महिनाको समयावधि दिई जिल्लामा गई सम्पूर्ण मुद्दाहरूको अध्ययन गरी विभिन्न समूह र राज्यपक्षबाट भएका गम्भीर प्रकृतिका घटनाहरूको छानबीन गर्ने कार्य समितिले तल उल्लिखत परिधिभित्र रही गर्नसमेत सिफारिस गरिन्छः

१. मुद्दा फिर्ता लिँदा राजनीतिक प्रतिशोध वा राजनीतिक विचारधाराका आधारमा मुद्दा लगाएको देखिनुपर्ने

२. प्रहरी प्रतिवेदनका आधारमा मुद्दा लगाएको हुनुपर्ने ।

३. प्रमुख जिल्ला अधिकारी वा अन्य कुनै प्रशासनिक निकायबाट छिनिएका मुद्दाहरू जस्तैः हातहतियार, खरखजाना, सार्वजनिक अपराधलगायतका मुद्दाहरू फिर्ता गर्नुपर्ने ।

४. जिल्ला अदालतमा हाल कारबाही चलिरहेका मुद्दाहरू, अपराधको गम्भीरतालाई ख्याल गरी फिर्ता लिनुपर्ने ।

५. अदालतको मन्जुरीलाई प्रक्रिया र सारभूत दुईवटै विषयलाई ध्यानमा राखेर मुद्दा फिर्ता लिनुपर्ने ।

६. अपराधको फलस्वरूप सम्बन्धित व्यक्ति, परिवार र समाजलाई परेको पीडा तथा क्षतिलाई समेत ध्यान दिनुपर्ने ।

७. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९(१) को कानुनी व्यवस्थाबमोजिम मुद्दा फिर्ता लिनुपर्ने ।

८. नेपाल सरकारविरुद्ध गगन राय यादवसमेत संवत् २०६१ फौ.पु.नं. ३३०२ आदेश मिति २०६५।९।२९ तथा श्री ५ को सरकारविरुद्ध दिलबहादुर लामासमेत २०५१ फौ.पु.इ.नं. ३२ (ने.का.प. २०५१ अङ्क ७ निर्णय नं. ४९४० पृष्ठ ५०४) को मुद्दामा सर्वोच्च अदालतले मुद्दा फिर्ताका सम्बन्धमा तोकेको मापदण्डलाई समेत ध्यान दिनुपर्ने ।

९. मुद्दा अध्यन, अनुसन्धान, अभियोजन तथा फिर्ता समितिले सशस्त्र समूहहरूबाट भएका घटनाका साथै सुरक्षा निकायबाट भएका घटनाहरूसमेतलाई समेट्नुपर्नेछ । सशस्त्र समूहहरूबाट भएका ज्यादतिका घटनाहरूलाई मात्रै अनुसन्धान, अभियोजन वा मुद्दा फिर्तीका प्रक्रिया अगाडि बढाउँदा विवाद खडा हुनसक्ने भएकाले सशस्त्र समूह र सुरक्षा निकायलगायतका दुवै पक्षबाट भएका ज्यादतिहरूलाई यो समितिको क्षेत्राधिकारभित्र समेट्नुपर्ने ।

## ३. सशस्त्र समूहका कार्यकर्ताका सुरक्षाको प्रत्याभूतिः

(क) नेपाली जनता देशमा दिगो शान्ति चाहन्छन् । सशस्त्र समूहमा लागेका नेता तथा कार्यकर्ताहरूलाई समाजमा पुनस्थापना गर्नका लागि उनीहरूलाई समाजमा फर्कनसक्ने वातावरण सिर्जना गर्न उनीहरूको सुरक्षाको प्रत्याभूति राज्यले गर्नुपर्ने हुन्छ । भारत वा नेपालभित्र वा सीमा क्षेत्रमा लुकेर बसेका सशस्त्र समूहका कार्यकर्ताहरूलाई शान्तिपूर्ण जीवनमा फर्काउनका लागि निश्चित समयावधि तोकेर मन्त्रिपरिषद्को निर्णय गराई गृह मन्त्रालयमार्फत खासगरी मधेशका २० जिल्लाका हकमा जिल्ला प्रहरी कार्यालयहरूलाई पत्राचार गरी नेपाल फर्कन चाहने सशस्त्र समूहका कार्यकर्ताहरूलाई सरकारले धरपकड नगर्ने, पक्राउ नगर्ने र मुद्दा नलगाउने

व्यवस्था गर्न आवश्यक छ । यस कामको कार्यान्वयन यो प्रतिवेदन बुझाइएको १ महिनाभित्र पत्राचार गरी कार्यान्वयन गर्न सिफारिस गरिन्छ ।

(ख) त्यस्तै, वैदेशिक रोजगारीमा जान चाहने सशस्त्र समूहका कार्यकर्ताहरूले साना व्यापार गर्न खोजे उनीहरू लाई सरकारले बिनाधितो र बिनाब्याज ऋणको व्यवस्था गर्ने, सीपमूलक तालिम प्रदान गर्ने र त्यसका लागि CTEVT संग सम्पर्क गर्ने र राजनीतिक मूलधारमा आउन चाहेमा सरकारले वतावरण मिलाई दिन सिफारिस गरिन्छ ।

## ४. समावेशीका सन्दर्भमाः

खासगरी नेपाल आदिबासी जनजाति महासङ्घ र मधेसी जन अधिकार फोरम, नेपाल तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासँग नेपाल सरकारले राज्यका हरेक अङ्गमा सीमान्तकृत (दलित तथा अन्य) समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व गराउने सहमति गरेकाले सरकारले सो प्रतिबद्धता पूरा गर्न यथाशीघ्र समावेशी ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउन सिफारिस गरिन्छ। त्यस्तै, राज्यको कार्यपालिका र संविधानसभा व्यवस्थापिकामा समावेसीको प्रकृया सुरुवात भइसकेको अवस्थामा न्यायपरिषद् ऐनमा पनी समावेशीको प्रावधान तत्काल राखी न्यायपरिषद् ऐन संशोधन गर्न सिफारिस गरिन्छ ।

## ५. राहत, क्षतिपूर्ति, पुनर्स्थापना तथा अभियोजनका सन्दर्भमाः

### क. राहतः

मधेश आन्दोलन, जनजाति आन्दोलन, चुरे भावर आन्दोलन, थारूहट आन्दोलन, अखण्ड सुदूर पश्चिम आन्दोलनलगायतका आन्दोलनमा शहादत प्राप्त गरेका व्यक्तिका परिवारहरूले राहत प्राप्त गरेका वा नगरेका विषयमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत जानकारी लिई गृह मन्त्रालयमार्फत राहत प्राप्त नगरेका परिवारलाई यथाशीघ्र राहत उपलब्ध गराउन सिफारिस गरिन्छ ।

## ख. क्षतिपूर्तिः

- नेपाल सरकारले वार्ता र सहमति गरेपछिको समयमा पक्राउ परेका, कारावास भोगिसकेका र कारावास सजाय भोगिरहेका व्यक्तिका लागि क्षतिपूर्तिको व्यवस्था सशस्त्र समूहसँग गरिएका सहमतिको आधारमा गर्नुपर्ने देखिन्छ ।
- सशस्त्र समूहको कारबाहीका कारण मारिएका, अङ्गभङ्ग भएका, बेपत्ता भएका, अनाथ र टुहुरा भएका बालबालिका र परिवारलाई राज्यले सशस्त्र द्वन्द्वको क्रममा मारिएका परिवारका व्यक्ति वा परिवारसरह क्षतिपूर्ति र राहतको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- वार्तामा सहमति भएअनुसार सशस्त्र समूहका मारिएका कार्यकर्ताको परिवार तथा बालबच्चालाई जीवीकोपार्जनका लागि तत्काल १ लाखदेखि अधिकतम ५ लाखसम्म क्षतिपूर्ति दिन सिफारिस गरिन्छ ।

ग. पुनर्स्थापनाः सशस्त्र समूहमा लागेका व्यक्तिहरूलाई समाजमा पुनर्स्थापना हुन र मर्यादित जीवनयापन गर्नसक्ने बन्न तथा व्यवसाय गर्न सरकारले उनीहरूका लागि व्यावसायिक तथा सीपमूलक कार्यक्रम ल्याउन आवश्यक हुन्छ । सशस्त्र समूहका मारिएका कार्यकर्ता वा सशस्त्र समूहको कारबाहीमा मारिएका व्यक्तिको परिवारका बालबालिकाहरूका लागि १२ कक्षासम्मको निःशुल्क शिक्षाको व्यवस्था गर्नु उचित हुनेछ । परिवारका सदस्यका लागि आवश्यकता र क्षमताअनुसारको आय आर्जन गर्ने सीपमूलक तालिम दिन सिफारिस गरिन्छ ।

घ. परिवारको भरणपोषण तथा आयमूलक कार्यक्रमः सशस्त्र समूहमा लागेका परिवार वा सशस्त्र समूहको कारबाहीमा मारिएका व्यक्तिको परिवारका सदस्यहरूको लागि न्यून ब्याजदरमा ऋण वा पुँजी वा राहत पुँजीको व्यवस्था, आयमूलक कार्यमा सहभागिता वा रोजगारीको सुनिश्चितता गर्ने व्यवसायमा लगाउने व्यवस्था गरिनुपर्दछ। साथै अङ्गभङ्ग भएका, परिवारमा रहेका जेष्ठ नागरिकका आवास तथा जीविकोपार्जनको व्यवस्था गर्नुपर्ने देखिन्छ । युवा समूहअन्तर्गत रहेका महिला पुरुषलाई स्वरोजगारमुलक तालिमपछि बिउ पुँजीको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

ङ. मनोसमाजिक परामर्श तथा घटना नदोहोरिने प्रतिबद्धताः सशस्त्र समूहका वा सशस्त्र समूहद्वारा मारिएका परिवारका सदस्यहरूलाई अनिवार्यरूपमा मनोसामाजिक परामर्ष सेवा प्रदान गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ । मनोसामाजिक परामर्श

सेवा प्रदान गर्दा आपसी समझदारी, आघात र पीडा न्यूनीकरण, भएको गल्ती नदोहऱ्याउने प्रतिबद्धता र द्वेषको भावना न्युनीकरण गरी समाजमा सहज रूपमा बस्ने वातावरण निर्माणमा केन्द्रित हुनु पर्नेछ । यसका साथसाथै समुदाय स्तरमा पुनर्एकीकरण र पुनर्स्थापनका कार्यक्रमहरू सञ्चालन गरी सामुदायिक द्वन्द्व न्यूनीकरणका गतिविधिहरूलाई प्रवर्धन गर्नुपर्ने छ । यस कार्यका लागि सामुदायिक मेलमिलाप केन्द्रको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक पहल गर्ने सिफारिस गरिन्छ ।

## ६. अभियोजनः

मानव अधिकार उल्लङ्घनको अनुसन्धान, अभियोजन तथा परिपूरणका लागि मधेशमा सशस्त्र द्वन्द्व सुरु भएपछि राज्यबाट भएका तथा विभिन्न सशस्त्र समूहबाट भएका हत्या हिंसा आदि जस्ता घटनाहरूको छानबीन गर्न माथि उल्लेख गरिएको "मुद्दा अध्ययन, अनुसन्धान, अभियोजन तथा फिर्ता समिति" मार्फत अभियोजन सम्बन्धी कार्य अगाडि बढाउन सिफारिस गरिन्छ ।

## ७. सहिद पहिचानः

सहिद घोषणा गर्ने सम्बन्धमा सर्वप्रथम "सहिदको मापदण्ड निर्धारण गर्नुपर्ने र सो मापदण्डभित्र परेका व्यक्तिहरूलाई तत्काल सहिद घोषणा गर्ने कार्य गृह मन्त्रालयले गर्ने ।

## ८. आदिबासी पहिचानः

"आदिबासी" शब्द अङ्ग्रेजी भाषाको Indeginous शब्दबाट आएको र त्यसको अर्थ "मूल थलो" भन्ने हुन आउँछ । नेपालका सन्दर्भमा को आदिबासी हो भन्ने अध्ययन हालसम्म नभएको हुनाले यस सम्बन्धमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले अध्ययन गराई निक्यौंल गर्नुपर्ने देखिन्छ ।

## ९. जातीय धार्मिक एवं साँस्कृतिक विषयः

सबै जाति समुदायहरूका धार्मिक, साँस्कृतिक विषयवस्तु सम्बोधन गर्न, राज्यले दिने अनुदानहरूको पारदर्शी व्यवस्थापन गर्न धार्मिक, शैक्षिक संस्थाहरू सञ्चालन गर्ने

सम्बन्धमा संस्कृति तथा पर्यटन मन्त्रालय र शिक्षा मन्त्रालयले यससम्बन्धी कानुनको प्रस्ट व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

### १०. सम्झौता कार्यान्वयन अनुगमन समिति गठनः

यसै गरी विभिन्न निकायसँग सम्बन्धित सम्झौताहरूको कार्यान्वयनका लागि सहमति सम्झौतासँग सम्बन्धित सरोकारवाल निकायहरूको सम्लग्नतामा “सम्झौता कार्यान्वयन अनुगमन समिति” गठन गर्नुपर्ने आवश्यकता देखिन्छ । शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई संयोजनको भूमिका दिई गृह मन्त्रालय, सरकारी वकिलको कार्यालय, शिक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प्रतिनिधिसमेत राखी सम्झौता कार्यान्वयन अनुगमन समिति तत्काल गठन गर्न सिफारिस गरिन्छ ।

### ११. अधिकार संरक्षण र सहमतिका बुँदाको कार्यान्वयनः

वार्ता टोलीले सहमति गर्दा प्रतिबद्धता व्यक्त गरे अनुसार समानुपातिक समावेशी प्रतिनिधित्व, राज्यको निकायमा समावेशी सहभागिता, सरकारले सुरक्षा अङ्गलगायत राज्यका सबै निकायहरूमा मधेसी, आदिबासी, जनजाति, महिला, दलित, पिछडिएको क्षेत्र र अल्पसङ्ख्यक समुदायको समावेशी समानुपातिक सहभागिता हुनेगरी सरकारले नियुक्ति, बढुवा र मनोनयनको सुनिश्चितता गर्न सिफारिस गरिन्छ ।

### १२. पिछडा वर्ग महासङ्घसँग भएको सम्झौताका सन्दर्भमाः

पिछडा वर्गसँग भएको सम्झौता पनि कार्यान्वयन हुनसकेको छैन । पिछडा वर्गसँग भएको सम्झौतामा “पिछडिएको समुदाय” भन्ने शब्द लेखिएबाट आफूहरूको पहिचान मेटिने संशय उनीहरूले व्यक्त गरेका छन् । पिछडा वर्गको कल्याणको लागि गठित समिति प्रभावकारी नहुनु उक्त समितिको भूमिकालाई प्रभावकारी बनाउनका लागि एक सिफारिस समिति बनाउने भन्ने कुरा सम्झौतामा रहे पनि सो काम अहिलेसम्म नभएको हुँदा तत्काल सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई समिति गठन गर्न सिफारिस गरिन्छ । त्यस्तै, सरकारले पिछडा वर्ग महासङ्घको आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको गृह मन्त्रालयमार्फत नाम सङ्कलन गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत तत्काल उपचार गाउन

वा उपचार खर्च दिन सिफारिस गरिन्छ । पिछडा वर्गसँग भएको सम्झौता बमोजिम मगही भाषाको प्रचार प्रसारका लागि सरकारी सञ्चार माध्यमलाई सञ्चार मन्त्रालयमार्फत कार्यान्वयन गराउन सिफारिस गरिन्छ ।

१३. बादी समुदायको सम्बन्धमा अध्ययन गर्न गठित कार्यदलको प्रतिवेदन २०६५ पूर्णरूपमा कार्यान्वयन गर्नेतर्फ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले गर्ने ।

१४. सबै मुक्त हलियाहरूलाई परिचयपत्र वितरण गरी त्यसका आधारमा तोकिए बमोजिमको घर जग्गा उपलब्ध गराउनुपर्ने । साथै यो कार्यमा सहमति बमोजिम हलियाको समेत सहभागिता गराउनुपर्ने । हलिया श्रम निषेध कानुनका सम्बन्धमा हाल सर्वोच्च अदालतमा रीट निवेदन परी विचाराधीन रहेकाले अदालतको आदेश भइसकेपछि त्यसको पालना गर्नुपर्ने जस्ता विषयहरूमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले अग्रसरता लिने ।

१५. वहिर्गमित जनमुक्ति सेनाका लडाकुहरूलाई परिचयपत्र दिने कामलाई शान्ति तथा पुनर्निर्माण मन्त्रालयले निरन्तरता दिनुपर्ने तथा आर्थिक प्याकेज दिने सम्बन्धमा अधिवक्ता विश्वाश आचार्य समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको रीट निवेदन नं. २०६९-०४७१ मा सर्वोच्च अदालतले दिएको आदेश बमोजिमको प्रक्रिया पुर्‍याएर कारबाही अगाडि बढाउनुपर्ने ।

१६. खिश्चियन समुदयसँग सम्बन्धित शैक्षिक, आर्थिक, सामाजिक र धार्मिक पक्षलाई व्यवस्थित गर्न शान्ति तथा पुनर्निर्माण मन्त्रालयको संयोजकत्वमा सरोकारवाला निकाय/पक्ष सम्मिलित समिति निर्माण गरी सम्बोधन गर्ने ।

१७. वार्ता अधुरै छोडिएका पक्षहरूसँग शान्ति तथा पुनर्निर्माण मन्त्रालयले पुनः वार्ता गरी उनीहरूलाई शान्ति प्रक्रियामा सम्लग्न गराउनुपर्ने देखिन्छ

क **संविधान सभा बाहिरका राजनीतिक दल शसस्त्र समूहसंग भएका सहमती/संझौता कार्यान्वयन सुझाव कार्यदल २०७१** ले गरेका का निष्कर्ष र सुझावहरु देहाय बमोजिम रहेका छन्

**निष्कर्ष:**

हाम्रो जस्तो अभियोजनात्मक प्रणालीमा फौजदारी कसूरमा संलग्न प्रतिवादीलाई कानून बमोजिम अनुसन्धान गरी अभियोजन गर्ने कार्य सरकार (कार्यकारणी) पक्षबाट हुन्छ । अभियोग दायरी पछि कसूर ठहर हुने नहुने र कस्तो सजाय हुने भनी न्यायीक निकायबाट फैसला गरिन्छ । फौजदारी कसूरको घट्नामा अनुसन्धान गरी प्रमाणको आधारमा मुद्दा चलाईने र प्रमाणको मुल्यांकन कै आधारमा सजाय ठहर हुने हुँदा यस्ता मुद्दा नै फिर्ता गर्ने र ठहर भै सकेको सजायलाई माफी मिनाहा गर्ने कार्यलाई सामान्यतया स्वीकार गरिदैन ।

दण्ड सजायको उद्देश्य कसूरदारलाई सुधार गर्नु पनि भएको हुँदा ठहर भई तोकीएको सजाय कार्यान्वयनका क्रममा कसूरदारको चालचलनको मुल्यांकन गरी अभिलेख राख्ने र यही अभिलेखका आधारमा निश्चित सजाय भुक्तान गरी सकेपछि कसूरद्वारमा सुधार भएको पाइएमा बाँकी सजाय मिनाहा दिने कुरालाई अपराधशास्त्रीय अवधारणामा मान्यता दिइएको हुँदा यही अवधारणा अनुसार हाम्रो कारागार नियमावली २०२० को नियम २९ मा आधा सजाय मुक्तान भए पश्चात सजाय मिनाहा दिने व्यवस्था भएको पाइन्छ ।

नाबालकबाट भएको फौजदारी कानून विरुद्धका कार्यमा परिस्थितीबस पहिलो पटक कम गम्भिर कसूरजन्य कार्यमा संलग्न वयस्कलाई पनि घोषित दण्ड सजाय कार्यान्वयन नगरी मुल्तवीमा राख्ने, निगरानीमा बसीसजाय भुक्तान (प्रोवेशन, प्यारोलमा राख्ने) गराउने कुरालाई अपराध शास्त्रीय एवं दण्डशास्त्रीय अवधारणामा स्वीकार गरिएको छ । हामी कहाँ सजाय स्थगन सम्मको व्यवस्था नाबालकको हकमा बालबालिका ऐन बमोजिम अभ्यास भएतापनि बयस्कका हकमा कानूनी व्यवस्थाका लागि विधेयकहरु संसदमा विचाराधिन भए पनि कानून नबनेको हुँदा अभ्यास हुन सकेको छैन ।

उपरोक्त सामान्य र नियमित प्रकृया बाहेक पनि राज्यको कार्यकारी अधिकार अन्तर्गत विशेष अवस्थामा राष्ट्र प्रमुखबाट सजाय माफी दिन सक्ने अवधारणलाई स्वीकार गरी नेपालको अन्तरिम संविधानको धारा १५१ मा माफी सम्बन्धि व्यवस्था गरिएको छ । उपरोक्त प्रकृतिका सजाय माफी तथा परिवर्तन सम्बन्धी व्यवस्थलाई पारदर्शी र सरल बनाउन २०६९ सालको कार्यविधि खारेज गरी

"सजाय माफी, मुल्तवी परिवर्तन, वा कम गर्ने सम्बन्धि कार्यविधि २०७१" नेपाल सरकारबाट जारी गरिएको छ । उक्त कार्यविधिबाट निश्चित मुद्दाहरुमा सजाय माफी, मुल्तवी, परिवर्तन तथा कम गर्ने कार्य नगरिने गरी निषेध गरेको छ र निषेधमा नपरेका मुद्दाको हकमा पनि प्रतिवादी फरार भएमा पुनरावेदनमा विचाराधिन भएका तथा एकपटक यस्तो कारवाही भैसकेका पटके प्रतिवादीका हकमा पुन कारवाही नगरिने व्यवस्था गरिएको छ ।

यसै गरी मुद्दा फिर्ता सम्बन्धित व्यवस्थालाई पनि विशेष अवस्थामा अपवादका रुपमा कार्यकारिणी अधिकार प्रयोग गरी फिर्ता गर्न सकिने अवधारणा विकास हुँदै आएको र हाम्रो देशमा २००७ साल देखि फौजदारी मुद्दा फिर्ताको अभ्यास हुँदै आएको पाइन्छ । सजाय माफीको व्यवस्था जसरी फौजदारी मुद्दा फिर्ताको व्यवस्था संविधानमा नै नभएता पनि २०३१ सालमा भएको संसोधनले सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ मा व्यवस्था गरिएको र यो ऐन खारेज गरी जारी भएको सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ मा नेपाल सरकारबाट सरकारवादी फौजदारी मुद्दा फिर्ताको निर्णय गर्न सक्ने र अदालतबाट अनुमती भएमा मुद्दा फिर्ता हुने व्यवस्था विधमान रहेको छ । तर कस्ता मुद्दा फिर्ता गर्न सकिने भन्ने आधार र कारणका सम्बन्धमा भने प्रस्तुत कानूनमा कुनै व्यवस्था नहुँदा सबै मुद्दा फिर्ता हुने हो की भन्ने अन्यौल रहेको पाइन्छ ।

उक्त कानूनी व्यवस्था बमोजिम सरकारबाट मुद्दा फिर्ता गर्ने गरी भएका कतिपय निर्णहरु उपर त्यस्तो निर्णय बदर गराउनलाई अदालतमा विवाद उठाई मुद्दाहरु पुगेका र ती मुद्दाहरुमा समय समयमा अदालतबाट भएका व्याख्या र निर्देशनात्मक आशेशबाट फौजदारी मुद्दा फिर्ता सम्बन्धी विधिशास्त्रको विकास भएको छ । सर्वोच्च अदालतको आदेश फैसलाहरुबाट पनि सरकारले कार्यकारिणी अधिकार अन्तर्गत फौजदारी कसूरका मुद्दा शुरु अदालतबाट फैसला हुन अगावै फिर्ता गर्न सक्ने अवधारणालाई मान्यता प्रदान गरिएतापनि यसरी मुद्दा फिर्ता गर्ने कार्यका सिमा तथा औचित्यपूर्ण आधारहरु हुनु पर्ने र प्रकृया निश्चित हुनु पर्ने कुराहरुमा जोड दिइएको पाइन्छ ।

सर्वोच्च अदालतका आदेश फैसलाबाट फौजदारी मुद्दा फिर्ताको लागि सिमा तोक्दा मानव अधिकार उलंघनका गम्भिर र जघन्य कसूरहरुका मुद्दा एवं विशुद्ध

आपराधिक प्रकृतिका घट्नाका मुद्दा फिर्ताको कारवाही हुन नहुने, राजनैतिक कारणबाट पूर्वाग्रह राखि लागेका तथा राजनैतिक उद्देश्य पुरा गर्न घटेका घट्नाका कारण लागेका लगाईएका मुद्दासम्म प्रकृया अवलंबन गरी फिर्ताको कारवाही गर्न सकिने र यस्तो प्रकृयामा राज्यका फौजदारी मुद्दाको कारवाहीमा संलग्न पदाधिकारीको समेत संलग्नता हुनु पर्ने भनी मापदण्ड बनाउन निर्देश भएको पाइन्छ ।

यसैगरी कानूनी कारवाहीमा राज्य समक्ष उपस्थित नभई अटेर गरी भागी फरार हुने र शुरु तहको अदालतबाट न्यायिक निरोपण भैसकेका मुद्दा र वारदातमा संलग्न सबै प्रतिवादीको फिर्ता नगरी केही प्रतिवादीहरुको हकमा आंसिक मुद्दा फिर्ताको कारवाही गर्न नहुने भनि फैसलाबाट विकसित विधिशास्त्रीय धारणा आएको पाइन्छ । यसरी सर्वोच्च अदालतबाट विकसित विधिशास्त्रीय अवधारणा समेतलाई समेटी नेपाल सरकारबाट शुरुमा २०५५ सालमा र त्यसलाई खारेज गरी पछि २०७१ सालमा "नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि २०७१" जारी गरिएको छ ।

संविधान सभा वार्ता उप समितिबाट प्राप्त वार्ता भएका दल/समुहका मुद्दा लागेका भनीएका नेता कार्यकर्ताहरुको सम्बन्धमा मुद्दा फिर्ता तथा रिहाई सम्बन्धी कार्यहरु राज्यको कार्यकारिणी अधिकार प्रयोग गरी नेपाल सरकारबाट गर्नु पर्ने देखिन्छ । संविधानसभाको वार्ता उप समितीबाट वार्ता भएका दल/समुहका नेता कार्यकर्ताको मुद्दा फिर्ता र रिहाईको आवश्यकता महसुस गरिएतापनि सो अनुरुपको कार्य वर्तमान संविधान, कानून कार्यविधिको परिधी भित्र रही नेपाल सरकारबाट सम्पन्न गर्नु पर्ने देखिन्छ ।

मुद्दा फिर्ता र रिहाईका कारबाहीका लागि संविधानसभा वार्ता उप-समितिबाट प्राप्त दल/समुह सम्बद्ध नेता/कार्यकर्ताहरुको नाम विवरणमा उल्लेखित व्यक्तिहरुको सम्बन्धमा वर्तामान संविधान ऐन, नियम र कार्यविधि अनुसार कार्य सम्पन्न गर्नका लागि के कस्तो अवस्था देखिन्छ भनी गरिएको अध्ययन विश्लेषणबाट निम्नानुसारको अवस्था देखिएको छ ।

कार्यदलमा प्राप्त विवरण अनुसार संविधानसभा वार्ता उपसमितिबाट जम्मा २२ वटा दल/समुहसंग वार्ता गरी सहमति गरेको र ती तलमध्ये १५ वटा दल/समुहबाट हतियार बुझाएको र २ वटा दल शुरुबाटै निःशस्त्र रही शान्तिपूर्ण राजनीतिक गतिविधिमा संलग्न रहेको देखियो । यसरी वार्ता भएका मध्ये २१ वटा दल/समुहका नेता तथा कार्यकर्ताहरुलाई लागेको मुद्दा फिर्ता र रिहाईका लागि व्यक्तिहरुको नाम सहितका विवरण प्राप्त भएको देखियो । यसरी प्राप्त विवरण अनुसार ११७६ जना व्यक्तिहरुको नाम प्राप्त भएको र वार्ता भएका मध्ये सालिन नेम्वाङ्ग संयोजक रहेको स्टेट् फोर्स लिम्बुवान १ दल/समुहबाट मुद्दा फिर्ता तथा रिहाईका लागि व्यक्तिहरुको नाम विवरण प्राप्त हुन सकेन ।

प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ को तालिका नं. ३ मा नाम उल्लेखित १५ जना व्यक्तिहरु उपर कुनै मुद्दा दर्ता रहेको नपाईएको भनी सम्बन्धित प्रहरी कार्यालयहरुबाट लेखी आएको पाइयो । प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ तालिका नं. ४ मा नाम उल्लेखित ४९ जना व्यक्तिहरु तालिकाको कैफियतमा उल्लेख भए अुनसार लागेको मुद्दामा सफाई पाई वा कैद भुक्तान गरी छुटी गएको देखियो । प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ को तालिका नं. ५ मा नाम उल्लेखित ४८० जना व्यक्तिहरु मुद्दाको कारवाहीका क्रममा पक्राउ नपरी वा उपस्थित नभई फरार रहेको पाइयो ।

यस्तै प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ को तालिका नं.६ मा नाम भएका ३८ जना व्यक्तिहरुको मुद्दा पुनरावेदन वा सर्वोच्च अदालतमा विचाराधिन रहेको पाईयो । प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ को तालिका नं. ७ मा नाम भएका ११० जना मासिसहरुको के कुन मुद्दा लागेको हो भन्ने कुनै विवरण प्राप्त नभई मुद्दा खुल्न नसकेको पाइयो । प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ को तालिका नं. ८ मा नाम भएका १७१ जना व्यक्तिहरुको मुद्दा शुरु अनुसन्धान तथा शुरु अदालतमा विचाराधिन रहेको देखिएता पनि त्यस्ता व्यक्तिहरुलाई लागेका मुद्दामा मुद्दा फिर्ताको कारवाही नगरिने भनी "नेपाल सरकार वादी भई चलाईएका फौजदारी मुद्दा फिर्ता सम्बन्धी कार्यविधि २०७१" को दफा ३ का कैफियत महलमा उल्लेखित भए बमोजिमका उपदफा बमोजिम निषेध गरिएका मुद्दा रहेको पाइयो ।

प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ को तालिका नं. ९ मा नाम समावेश भएका २९४ जना व्यक्तिहरुलाई लागेका मुद्दा अनुसन्धान तथा शुरु अदालतमा विचाराधिन रहेको र "नेपाल सरकार वादी भई चलाईएका फौजदारी मुद्दा फिर्ता सम्बन्धी कार्यविधि २०७१" को दफा ३ बमोजिम मुद्दा फिर्ता कारवाही नगरिने भनी निषेध गरिएको सुचिमा नपरेको पाईयो । प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ को तालिका नं. १० मा नाम समावेश भएका ५९ जना व्यक्तिहरुको मुद्दा शुरु तह अदालतबाट सजाय ठहर गरी फैसला भैसकेको देखियो । साथै उनीहरुलाई लागेको मुद्दामा सजाय माफीको कारवाही गर्न नमिल्ने भनी "सजाय माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि २०७१" को दफा ३ को सोही तालिकाको कैफियत महलमा उल्लेखित उपदफा बमोजिम निषेध गरिएको र कैफियतमा कुनै विवरण नजनिइ खालि रहेकाको हकमा माफीको कारवाही गर्न निषेध नभएको पाइयो । प्राप्त नाम विवरणका व्यक्तिहरु मध्येका परिच्छेद २ को तालिका नं. ११ मा नाम उल्लेखित ६३१ जना व्यक्तिहरु विभिन्न कारागारहरुमा कैफियतमा उल्लेख भए बमोजिम पुर्पक्ष वा कैद मुक्तानका क्रममा थुनामा रहेको देखियो । कतिपय व्यक्तिहरु थुनामा रहेको कारागार भने खुल्न नसकेको पाइयो ।

**सुझावः**

उपरोक्तानुसारको अध्ययन, विश्लेषण र निष्कर्षका आधारमा कार्यदलबाट निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

**क) संविधान सभा  वार्ता उप समितिबाट प्राप्त दल/समुहका नाम विवरणका व्यक्तिहरुको मुद्दा फिर्ता तथा रिहाई समबन्धी सुझाव**

परिच्छेद ३ को तालिका ३ र ४ मा नाम भएका व्यक्तिहरु छुटी सकेको तथा मुद्दा नै नरहेको देखिदा केही गर्न नपर्ने ।

परिच्छेद ३ को तालिका ५ र ६ मा नाम भएका व्यक्तिहरुको मुद्दा पुनरावेदन समेतको कारवाहीमा पुनरावेदन अदालत तथा सर्वोच्च अदालतमा विचाराधिन रहेको वा प्रतिवादीहरु फरार रहेको हुँदा "नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि २०७१" को दफा १४ को खण्ड (क) र (ग) बमोजिम मुद्दा फिर्ताको कारवाही अगाडी बढाउन नसकिने र सजाय माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि २०७१ को दफा ११ को खण्ड

(घ) र (ङ) बमोजिम सजाय माफीको कारवाही समेत गर्न नमिल्ने देखियो । यसरी फरार रहेका व्यक्तिहरुको अवस्थामा पछि परिवर्तन भएमा र थप अध्ययन गरी सरकारबाट अवश्यकता महसुस गरिएमा र कानुन बमोजिम मिल्ने भएमा मुद्दा फिर्ता तथा सजाय माफीको कारवाही चलाउन सकिने देखिन्छ ।

यस कार्यदललाई प्राप्त विवरण एवं छानविनको क्रममा संकलित विवरण समेतबाट परिच्छेद ३ को तालिका नं. ७ मा नाम भएका व्यक्तिहरुलाई के कुन मुद्दा लागेको हो र उनीहरुको मुद्दाको स्थिती समेत खुल्न नसेको हुँदा उनीहरुका सम्बन्धमा कुनै सुझाव दिन सकिएन । यसरी मुद्दा तथा मुद्दाको स्थिति खुल्न नसकेको व्यक्तिहरुका सम्बन्धमा थप अध्ययनबाट मुद्दा र सोको स्थिती खुली राजनीतिक उद्देश्य र कारणबाट लागेका सामान्य प्रकृतिका मुद्दामा सरकारबाट आवश्यकता महशुस गरिएमा एवं कानून बमोजिम मिल्ने भएमा मुद्दा फिर्ता तथा सजाय माफीको कारवाही चलाउन सकिने हुन सक्छ ।

परिच्छेद ३ को तालिका नं. ८ मा नाम समावेश भएका व्यक्तिहरुको मुद्दा उपलब्ध भए सम्मका विवरणबाट अनुसन्धानका क्रममा वा शुरु तह अदालत निकायमा विचाराधिन रहेको देखिएता पनि नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि २०७१ को दफा ३ बमोजिम मुद्दा फिर्ताको कारवाही नगरिने निषेधित सुचिमा परेको देखिंदा कुनै कारवाही गर्नु पर्ने देखिएन । परिच्छेद ३ को तालिका नं. ९ मा नाम समावेश भएका व्यक्तिहरुलाई लागेका मुद्दाहरु अनुसन्धानका क्रममा एवं शुरु तह, अदालतमा रही नेपाल सरकार वादी भई चलाइएका, फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि २०७१ को दफा ३ बाट निषेध गरिएको सुचिमा नपरेको हुँदा थप विवरण खुलाई मुद्दा फिर्ता कारवाही गर्न सकिने देखियो ।

कार्यदललाई वार्ता उप समितीबाट प्राप्त नामावली विवरण अनुसारको व्यक्तिहरु नाम प्राप्त भएतापनि ती व्यक्तिहरुका उपर लागेको मुद्दा कुन जिल्लाका हुन मुद्दाको स्थिती के छ, ती व्यक्तिहरु कुन कारागारमा छन, तिनको वतन कहाँ हो भन्ने समेतका विवरण यथासक्य खुलाई तालिकामा प्रस्तुत गरिएको छ । तापनि ति व्यक्तिहरुलाई लागेका मुद्दाको स्थिती विवरणमा खुलाइएको स्थिती भन्दा फरक पर्न

सक्ने दखिंदा थप विवरण खुलाउन आवश्यक रहेको छ । थप विवरण खुलाउदा देहायका कुरा खुलाउन आवश्यक छ । तालिका नं. ९ मा नाम भएका व्यक्तिहरुका मुद्दा हाल शुरु तहमा देखिएतापनि, वार्ता समितिलाई ती दलहरुले विवरण उपलब्ध गराएको समय पछि शुरु तहबाट फैसला भएको हुन सक्ने संभावना हुँदा फैसला नभए मुद्दा फिर्ता र फैसला भएका व्यक्तिका हकमा संजाय ठहर भएमा माफी तर्फको कारवाही गर्नु पर्ने हुन्छ ।

नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि २०७१ को दफा ३ को निषेध नभएका भनी यस तालिका नं. ९ मा उल्लेखित भएका मुद्दा पनि सबै फिर्ता गर्न मिल्ने नभई सोही कार्यविधिको दफा २ र दफा १३ बमोजिम राजनैतिक उद्देश्य प्राप्तीका लागि भएका घटना र राजनैतिक पूर्वाग्रह, राजनैतिक आस्था वा प्रतिशोधका कारण लागेका मुद्दासम्म फिर्ता हुन सक्ने देखिदा, ती मुद्दामा घट्ना घट्नुको कारण राजनैतिक प्रकृतिको हो होइन र मुद्दा पूर्वाग्रहपूर्ण तरिकाले लागेको हो होइन भन्ने कुरा एकीन हुन आवश्यक हुन्छ । कार्यदलबाट मुद्दाका कागजात मगाइए पनि सम्बन्धीत निकायहरुबाट अत्यन्तै न्यून मुद्दामा (१०/१२ वटा जति) मात्र मिसिल प्राप्त भएकोले उक्त कारणहरुको खोजी गर्न संभव भएन । यसर्थ उपरोक्त तालिका नं. ९ अनुसारका व्यक्तिहरुको मुद्दा फिर्ताको कारवाहीका क्रममा राजनैतिक उद्देश्य प्राप्तिका लागि घटेका घट्नासंग सम्बन्धित कुरा पहिचान गरी कारवाही गुर्न पर्ने हुन्छ ।

यसै गरी तालिका नं. ९ मा नाम भएका व्यक्तिहरुका मुद्दामा सोही मुद्दामा अन्य प्रतिवादीहरु पनि समावेश भएको देखिएमा नेपाल सरकारवादी भई चलाईएका फौजदारी मुद्दा फिर्ता सम्बन्धी कार्यविधि, २०७१ को दफा १४ को खण्ड 'ख' बमोजिम आंसिक रुपमा मुद्दा फिर्ता गर्न नमिल्ने हुँदा एउटै मुद्दामा संलग्न सबै प्रतिवादीहरुका हकमा कारवाही गर्नु पर्ने हुन्छ ।

परिच्छेद ३ को तालिका १० मा नाम समावेश भएका व्यक्तिहरुलाई लागेका मुद्दा शुरु तह अदालतबाट फैसला भै सकेको र पुनरावेदन नपरी वा पुनरावेदन तहबाट समेत फैसला भई अन्तिम भएको हुँदा ती व्यक्तिहरु संजाय भुक्तानका क्रममा रहेको पाइयो । त्यस्ता व्यक्तिहरुका सम्बन्धमा नेपाल सरकारले आवश्यक र उपयुक्त ठानेमा संजाय माफी तर्फको कारवाही गर्न नगर्न सक्ने देखिन्छ । यस सम्बन्धमा

देहाय बमोजिको कार्य गर्न पर्ने देखिन्छ । यस तालिकामा नाम समावेश मध्ये कैफियत महलमा केही उल्लेख नभएका व्यक्तिहरुका हकमा सजाय मिनाहाको कारवाही गर्न सकिने देखियो ।

तालिकामा नाम समावेश व्यक्ति मध्ये कतिपयको कैफियत महलमा नेपाली वर्णमालाका अक्षरहरु लेखिएको छ । ती वर्णमालाका अक्षरहरु सजाय माफी, मुल्तवी परिवर्तन, वा कम गर्ने सम्बन्धि कार्यविधि २०७१ को दफा ३ का विभिन्न खण्डहरु जनाउन प्रयोग गरिएको हो । यसरी कैफियतमा ढ र ठ दुवै उल्लेख भएका बाहेकका अन्य कैफियत उल्लेख भएका व्यक्तिहरुको मुद्दामा सजाय माफी, मुल्तवी परिवर्तन, वा कम गर्ने सम्बन्धि कार्यविधि २०७१ को दफा ३ को सोही कैफियतमा उल्लेखित खण्ड बमोजिम सजाय माफीको कारवाही गर्नलाई निषेध गरिएको हुँदा संजाय माफी हुन सक्ने देखिएन ।

३. उक्त तालिकाकै कैफियत महलमा ढ र ठ संगै उल्लेख भएका व्यक्तिहरुको मुद्दा क्रुर, हिंस्रक वा विभत्स तरिकाले गरिको हत्या वा जाती हत्या वा यिनैको उद्योग हो होइन भन्ने सम्बन्धमा उपलब्ध र माग गरी प्राप्त विवरणबाट नखुलेको हुँदा सो सम्बन्धि विवरण खुलाई उक्त सजाय माफी, मुल्तवी परिवर्तन, वा कम गर्ने सम्बन्धि कार्यविधि २०७१ को दफा ३ को खण्ड (ढ) र (ठ) को अवस्था नभएमा सजाय माफीको कारवाही गर्न सकिने देखियो । वार्ता भएका दल/समुहमध्ये नेपाल सरकारलाई हतियार बुझाई निःशस्त्र रहेका दल/समुहका कार्यकर्ताहरुको हकमा मात्र मुद्दा फिर्ता तथा सजाय माफीको कारवाही अगाडी बढाउन उपयुक्त देखिन्छ ।नेपाल सरकारलाई हतियार नबुझाएका दल/समूहका हकमा ति दल समूहबाट हतियार बुझाई निःशस्त्र भई शान्तिपूर्ण गतिविधिमा संलग्न रहने प्रतिवद्धता भएमा सो पछि मात्र मुद्दा फिर्ता तथा सजाय माफीको कारवाही गर्न उपयुक्त देखिन्छ । वार्ता गरी सहमती गर्ने मध्येका दुई दल/समुह भने शुरु देखि निःशस्त्र रही शान्तिपूर्ण राजनीतिक गतिविधिमा संलग्न रहेको भन्ने देखिदा हतियार बुझाई निःशस्त्र रहनु पर्ने शर्त राख्नु पर्ने देखिएन ।

### ख) ऐन कानूनमा हुनुपर्ने सुधारका सम्बन्धमा

कैद सजाय भुक्तानका क्रममा कारागारमा रहेका व्यक्तिहरुको आधा कैद भुक्तान पश्चात बाँकी कैद मिनाहा गर्ने सम्बन्धी व्यवस्था ऐनमा नभई कारागार नियमावलीमा

रहेको हुँदा कस्ता मुद्दामा कति सम्म बाँकी कैद मिनाहा वा परिवर्तन गर्ने भन्ने सारवान व्यवस्था नियमावलीमा नभई ऐनमा नै राख्नु उपयुक्त हुने साथै यो व्यवस्था अधिकार नभई निश्चित आधार, कारण र औचित्यका आधारमा प्रयोग हुने भनी व्यवस्था गर्नु पर्ने देखिन्छ । यसरी बाँकी कैद मिनाहा गर्नलाई थुना वा कैदमा रहेको व्यक्तिको चालचालनको मुल्यांकनका आधारहरु पारदर्शी बनाउनु पर्ने, चालनचलन मुल्यांकन गर्ने र सुपरिवेक्षण गर्ने अधिकारी फरक फरक तोक्नु पर्ने । यसरी बाँकी कैद मिनाहाको प्रकृया र कार्यविधि नियमावलीमा व्यवस्था गर्नु पर्ने । हाल सजाय माफी मुलतवी परिवर्तन, वा कम गर्ने सम्बन्धी कार्यविधिद्वारा ब्यवस्था भएकोमा नियमावली मै व्यवस्था गर्नु पर्ने उपयुक्तत हुने देखिन्छ ।

यसै गरी सरकारवादी फौजदारी मुद्दा फिर्ता सम्बन्धमा सरकारी मुद्दा सम्बन्धि ऐनको दफा २९ मा व्यवस्था भए पनि यस्तो मुद्दा फिर्ताको कारवाहीको आधार, कारण र सिमाहरु नतोकीएई खुल्ला छाडीएको छ । यी व्यवस्था ऐनमा प्रष्ट हुन पर्ने । हाल ऐनमा व्यवस्था नहुँदा सारवान व्यवस्था समेत कार्यविधिद्धारा व्यवस्था गरिएको छ । यसर्थ वर्तमान "नेपाल सरकार वादी भई चलाईएका फौजदारी मुद्दा फिर्ता सम्बन्धी कार्यविधि २०७१" का सारवान व्यवस्था समेत समाविष्ट गरी ऐनमा नै व्यवस्था गरिनु पर्ने देखिन्छ । यसै गरी फौजदारी मुद्दा फिर्ता सम्बन्धी वर्तमान कार्यविधिका प्रकृया र कार्यविधि संग सम्बन्धित व्यवस्थाहरुलाई नियमावलीमा व्यवस्था गरिनु पर्ने ।

यसैगरी मुद्दा फिर्ता सम्बन्धी र संजाय माफी मिनाहा सम्बन्धी वर्तमान कार्यविधिहरुमा भएका मुद्दा फिर्ता र माफीको कारवाही नगरिने भनी दुवै कार्यविधिको दफा ३ मा व्यवस्था भएको निषेध सुचिमा परिमार्जन गर्नुपर्ने । यस कार्यदलबाट महशुस भएको छ । निषेध सुचि परिमार्जन गर्दा अपराधशास्त्र र फौजदारी कानूनका विज्ञहरुसँग परामर्श गरी परिमार्जन गर्नु उपयुक्त हुन्छ । मानव सभ्यताका सुरुवाता देखि नै अपराध भनिएका अपराधहरुलाई निषेध सुचिमा समावेश गर्नु पर्ने । राज्यको सञ्चालनका लागि राज्यद्वारा निषेध गरी फौजदारी कसूर भनी परिभाषित कसूरलाई मुद्दा फिर्ता तथा सजाय माफी मिनाहा गर्न निषेध सुचिमा समावेश गर्ने वा नगर्ने भनी राज्यद्वारा प्राथमिकताका आधारमा निषेधको सुचि निर्धारण गर्नु पर्ने ।

राजनीतिक प्रकृतिका कसूरलाई मात्र मुद्दा फिर्ता वा सजाय माफी हुन सक्ने र नेपाल सरकारले आवश्यक र उपयुक्त ठानेमा त्यस्ता प्रकृतिका मुद्दा फिर्ता हुने व्यवस्था हुनु पर्ने देखियो । उदाहरणका लागि राज्य विरुद्धको कसूर सामान्यत राजनैतिक प्रकृतिको कसूर भित्र पर्दछ तर वर्तमान मुद्दा फिर्ता कार्यविधि र सजाय माफी सम्बन्धी दुवै कार्यविधिमा यस कसूरलाई निषेधित सुचिमा राखिएको छ । यसैगरी लागु औषध सेवनकै कसूर भए पनि लागु औषध मुद्दालाई मुद्दा फिर्ता नहुने गरी निषेध गरिएको छ तर जाति हत्या बाहेकको अन्य कर्तव्य ज्यान मुद्दा फिर्ता कारवाही नगरिने निषेधको सुचिमा पर्न सकेको पाइएन ।

मुद्दा फिर्ता वा सजाय माफी हुने नहुने सुचि निर्धारण गर्दा प्रयोग हुने भाषा स्पष्ट हुनु पर्ने, प्राविधिक शब्द प्रयोग भएकोमा त्यसको व्याख्या पनि समावेश गरिनु पर्ने । वर्तमान कार्यविधिहरुको सुचिमा क्रुर, हिंस्रक वा विभत्स तरिकारले गरिएको हत्या, जातिय हत्या जस्ता कसूरहरु निषेधित सुचिमा रहेको देखिएता पनि कस्ता हत्यालाई परिभाषित गरी आधारहरु तोकिएको नपाईदा अस्पष्टता रहेको देखिन्छ ।

यसै गरी नेपाल सरकार वादी भई चलाइएको सरकारवादी फौजदारी मुद्दा फिर्ता सम्बन्धी कार्यविधिको दफा १४ मा मुद्दाको कारबाहीका क्रममा अनुपस्थित रही फरार रहेको प्रतिवादीको हकमा मुद्दा फिर्ताको कारवाही नगरीने भनी निषेध गरिएको छ । यो व्यवस्थमा पनि सरकारबाट आवश्यक महशुस भएमा केही खुकुलो हुने गरी संसोधन गर्न उपयुक्त हुन सक्छ । तर यसरी खुकुलो हुने गरी संसोधन गर्दा सावधानी पनि अवलम्बन गर्नु उतिकै आवश्यक छ । यसर्थ विशुद्ध राजनैतिक उद्देश्य प्राप्तीका लागि भएका केही सार्वजनीक अपराध जस्ता सामान्य प्रकृतिका मुद्दामा प्रतिवादी फरार रहेपनि प्रतिवादीले सुध्रने प्रतिवद्धता गरेमा मुद्दा फिर्ता कारवाही हुन सक्ने गरी संसोधन हुन उपयुक्त देखिन्छ ।

संविधानसभाबाट नयाँ संविधान जारी गर्नका लागि व्यापक राजनीतिक सहमति जुटाउने क्रममा वार्ता गरी सहमति भए अनुसार शान्तिपूर्ण रुपमा राजनीतिमा समावेश हुन चाहाने दल/समुहका व्यक्तिहरुलाई निजहरुबाट विगतमा राजनीतिक उद्देश्य राखी आन्दोलन गर्ने क्रममा लागेका मुद्दाहरु मुद्दा फिर्ता तथा सजाय माफी सम्बन्धी कार्य गर्ने आवश्यकता महसुस भएमा संविधान सभा संवैधानिक राजनीतिक

सम्वाद तथा सहमती समितिले नेपाल सरकारलाई नेपाल पक्ष रहेका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता सिद्धान्त र सर्वोच्च अदालतका आदेश/फैसलाबाट विकशित विधीशास्त्रीय मापदण्ड भित्र रही वर्तमान ऐन नियम र कार्यविधिमा आवश्यक संशोधान, निलम्बन, परिमार्जन गरी एकपटकका लागि मुद्दा फिर्ता वा सजाय माफी सम्बन्धी कार्य गर्न निर्देशन दिई उपयुक्त निकाश दिन सक्ने देखिन्छ । संसोधन निलम्बनको कार्य ऐनका हकमा व्यवस्थापिका संसदबाट संशोधन गरी र नियम तथा कार्यविधिका हकमा स्वयं नेपाल सरकार एवं संविधानसभा व्यवस्थापिका संसदको निर्देशनमा नेपाल सरकारबाट संसोधन गरी कारवाही गर्न सकिने देखिन्छ ।

## ख नेपाल सरकार, गृह मन्त्रालय मार्फत संविधानसभा संवैधानिक-राजनीतिक सम्बाद तथा सहमती समितीद्वारा गठित प्रारम्भिक वार्ता उपसमिति समक्ष पेश गरिएको प्रतिवेदन, २०७२ को निष्कर्ष र भविष्यपरक सोच भनी देहाय बमोजिम उल्लेख गरेको छ

शसस्त्र द्वन्द्वबाट बढि प्रभावित सुरक्षकर्मी र तिनका परिवार तथा सन्ततीको भविष्य राज्यका प्रमुख दायित्वहरु भित्र पर्ने विषय हो । राज्यले यस विषयलाई गम्भीरतापुर्वक मनन गरी तदअनुरुप राहतका प्याकेज ल्याउन नसकेको गुनासो द्वन्द्वपिडीत सुरक्षाकर्मी, तिनका परिवार र सन्ततीहरुबाट वारम्वार आइरहेको छ । उनीहरुबाट संगठित र व्यक्तिगत रुपमा पनि प्रधानमन्त्री, मन्त्री एवं सम्वद्ध निकायहरुमा ज्ञापनपत्र तथा मागहरु प्रस्तुत हुदै आएको सन्दर्भमा कार्यदललाई प्राप्त TOR अन्तर्गतका विषयहरुमा देहायबमोजिम अध्ययन विश्लेषण गरी निष्कर्षमा पुगेको छ ।

(क) नेपाली सेना र निजामति तर्फका पुर्व कर्मचारीहरुको माग गृह मन्त्रालयमा प्राप्त हुन आएको नदेखिएकाले तिनीका बारेमा अध्ययन हुने अवस्था भएन ।

(ख) सशस्त्र द्वन्द्वका समयमा ड्युटी छाडी भागेका र गैर हाजिरीका कारण सेवाबाट हटाइएका सुरक्षकर्मीहरुलाई पुर्नवहाली गर्न नसकिने । निजहरुको सीप र विगतको अनुभव राज्यले के कस्तो क्षेत्रमा उपयोगी हुनसक्दछ भन्ने पक्षमा भने थप अध्ययन गरी कार्यान्वयनमा ल्याउने नीति लिन उपयुक्त हुने ।

(ग) भु.पु.प्र.ना.उ गञ्जसिंह गुरुङको सजाय माफी मिनाहा सम्बन्धमा सोही अभियोगका मुल कारणी पुर्व महासेनानी भरत गुरुङ तथा पुर्व प्रहरी महानिरिक्षक दिल बहादुर लामा उपरको सजाय पुरै माफी मिनाहाका लागी यथासिघ्र निर्णय गरी निजले पाउने  सुविधा उपलब्ध गराउनुपर्ने देखियो ।

(घ) पुर्व प्रहरी संगठन तथा संघ र मञ्चहरुका तर्फबाट प्रस्तुत मागको प्रकृति र विशेषताका आधारमा समुहीकृत गरी सोझै सरकारका तर्फबाट वा मन्त्रालय र सम्वद्ध अन्य निकायहरुबाट के कसरी सम्बोधन गरिनुपर्ने होरु तिनको मौजुदा अवस्थालाई समेत विचार गरी कार्यदलले सुझावहरु प्रस्तुत गरेको छ ।

(ङ) कार्यदलबाट प्रस्तुत सुझावहरुका सम्बन्धमा सरकार र मातहतका निकायहरुबाट सम्वद्ध सरोकारवाला पक्षको आवश्यकता र उनीहरुमा पर्ने भावनात्मक प्रभाव समेतलाई दृष्टिगत गरी ठोस कार्यान्वयनको अपेक्षा यस कार्यदलले गरेको छ ।

(च) प्रस्तुत मागको अध्ययन विश्लेषण  तिनको पृष्ठभुमि समेतको आधारमा भविष्यका यस प्रकारको अवस्था सिर्जना हुन नदिन निम्नानुसारको भविष्यपरक सोच राख्नुपर्ने ठानिएको छ ।

- द्वन्द्वको स्थिति सिर्जना नहुने वातावरण राज्यले बनाउनुपर्ने ।
- द्वन्द्वमा बहादुरीपुर्वक लड्ने सुरक्षाकर्मीहरुका सम्बन्धमा सुस्पष्ट कानुनी संरक्षण र सुविधाको प्रत्याभुति राज्यले गर्न उपयुक्त हुने ।
- विगतको द्वन्द्वबाट पिडति सुरक्षाकर्मीहरुले पाउन बाँकि सुविधाहरु तत्काल उपलब्ध गराउने नीति लिने ।
- राज्यलाई थप आर्थिक दायित्व  नपर्ने र तत्कालै पुरा गर्न सकिने मागहरु सम्बन्धीत निकायहरुबाट तदारुकताकापुर्वक पुरा गर्ने ।
- विद्यमान नीतिगत व्यवस्था र कानुनमा प्रभाव पर्ने विषयहरुका सम्बन्धमा नीति निर्माण एवं कानुन परिर्माजनका क्रममा माग सम्बोधन हुने व्यवस्था गर्ने ।

**ग  अवकासमा परेका सेना प्रहरी सम्वन्धी अध्ययन प्रतिवेदनको निष्कर्श र सुझाव** देहाय बमोजिम उल्लेख गरेको छ

क) द्वन्द्वको अवधिमा द्वन्द्वको कारणले सरकारी सेवामा रहेका राष्ट्रसेवकहरुको वाध्यतावश सेवाबाट अलग हुनु परेको यर्थातलाई मध्यनजर गरी राज्यले कुनै न कूनै तरिकाबाट उनीहरुको समस्यालाई सम्बोधन गरिदिनु पर्दछ भन्ने मान्यता राखे हो भने पनि राज्यले उनीहरको मागलाई सम्बोधन गर्न एक निर्दिष्ट नीतिगत तथा कानूनी व्यवस्थाका आधारमा सम्बोधन गरिनु पर्ने हुन्छ । वर्तमानमा रहेका प्रतलित नीतिगत कानूनी व्यवस्था अन्तर्गत राज्यले उक्त सम्स्या सम्बोधन गर्न सक्ने अवस्था नदेखिएकोले उपयुक्त कानूनी व्यवस्था गरी उचित निकास दिनु आवश्यक देखिन्छ ।

ख) नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीमा कार्यरत कर्मचारीहरुसंग सम्बधित कानूनी व्यवस्था अवलोकन गर्दा भागेर वा बीर्चमा छाडी भगौडा भएका त्यस्ता कर्मचारीहरुलाई पक्राउ गरी सजाय गरी जरिवाना वा कैद समेत ठेक्नु पर्ने कानूनी प्रावाधान रहे भएको अवस्था समेत देखिन्छ । प्रचलित कानूनी सजाय वा कैद गर्ने कानूनी व्यवस्था संशोधन नभई त्यस्ता कर्मचारीहरुको जागीरमा पुनर्वहाली होस् भन्ने मागलाई सम्बोधन हुने गरी सम्बन्धित सेवामा पुनर्वहाली गर्न समेत कानूनी सिद्धान्तको आधारमा मिल्न सक्ने अवस्था देखिदैन ।

ग) प्राप्त भएका प्रारम्भीक विवरणहरुमा उल्लेखित सबै द्वन्द्वको क्रममा अवकासमा परेका हुन् भनी आँकलन गर्न सकिदैन । सशस्त्र द्वन्द्वको कारणले नै सेवाबाट अवकास लिएको पुष्टि हुने आधिकारिक प्रमाण हालसम्म प्राप्त भएको विवरणमा कतै भेटिदैन । विना आधार र प्रमाण अहिले नै ती सबै सेना प्रहरीहरु द्वन्द्वको क्रममा अवकासमा परेका हुन् भनी निष्कर्शमा पुग्न समेत सान्दर्भिक हुदैन ।

घ) पुनर्वहाली गर्नु पर्नेको हकमा पनि प्रचलित कानूनमा रहेको प्रावधानमा शंसोधननहुँदा सम्म विद्यमान ऐन नियमा भएका प्रावधान भन्दा वाहिर गएर पुर्नवहाली गर्न नसकिने र अहिले अखितयार गर्ने नितीले आगामी दिनहरुमा संगठनको मर्यादा र आचरण कायम राखे कठिन हुने गरी सुविधा उपलब्ध गराउन नहुने तर्फ समेत उचित ध्यान दिनु पर्ने देखिन्छ ।

ङ) हालै संक्रमणकालीन न्यायका व्यवस्थापन गर्नका लागी नेपाल सरकारबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिउका व्यक्तिको छानविन आयोग गठन भइसकेकोले यस्ता परिपुरणका विषयहरु सम्बन्धित आयोगको कार्यक्षेत्र भित्र पर्ने हुन्छ । अतः यी सबै परिदृश्यहरुलाई मध्यनजर गरी

द्वन्द्व पीडित सेना प्रहरी संघर्ष समितिको मागलाई ध्यानमा राखी यो समस्या निम्न विकल्पहरु प्रयोग गरी समाधान गर्न उपयुक्त देखि सुझाव प्रस्तुत गरिएको छ ।

१. आफ्नो संगठनमा काम गरी विभिन्न अवस्थाबाट काम गर्न नसक्ने भै नोकरी छाड्नु परेका र त्यसरी नोकरी छाड्दा राजिनामा दिई वा विभागीय कारवाही गरी हटाएका सुरक्षाकर्मीहरुको सम्बन्धित संगठनको ऐन नियम अनुसार पाउने पर्ने सुविधा लिन बाँकी रहेका भए त्यस्ता सुविधाहरु उपलब्ध गराउने ।

२. सरकारी तथा अर्ध सरकारी निकाय र स्वायत्त संस्थाहरु (चुरे,संरक्षण, पहरा गण, कार्यालय सुरक्षा आदि जस्ता) को लागी कामको आवश्यकता परेको अवस्थामा ती संस्थाहरुले निर्णय गरी सर्त पुरा गर्न सक्ने अवस्थामा पहरा गण व्यवस्थापनको माध्यमबाट यस प्रकारका सुरक्षाकर्मीहरु उक्त संस्थामा काम गर्न इच्छुक भए तिनीहरुलाई प्राथमिकता दिने,

३. औद्योगिक क्षेत्र, सीमा क्षेत्र, बन क्षेत्र जस्ता विशेष प्रकृतिका क्षेत्रहरुमा राष्ट्रले सुरक्षाको स्थिति मजबुत बनाउन पर्ने अवस्था रहेकोले औद्योगिक सुरक्षा, सीमा सुरक्षा तथा बन सुरक्षा बल गठन गरी ती क्षेत्रका सुरक्षा गर्ने जिम्मेवारी दिन उपयुक्त हुने ।

४. व्यवसायिक र सिपमूलक तालिम लिन इच्छुक व्यक्तिहरुलाई योग्यता र क्षमता अनुसार न्यूनतम ६ महिना वा सो भन्दा बढी अवधिको व्यवसायिक तालिमा सहभागी हुने अवसर दिने । यसको लागी सम्बन्धित तालिम दिने संस्थाले १० प्रतिशत निःशुल्क कोटा यस प्रयोजनको लागि छुट्याउने व्यवस्था मिलाउने ।

५. सुरक्ष सेवाको लागि विदेश जान चाहने व्यक्तिहरुलाई बैदेशिक रोजगारको लागि सुरक्षा सेवा वा अन्तर्गत १० प्रतिशत कोटा को व्यवस्था गर्नै र त्यसरी जान इच्छुक व्यक्तिको एकतर्फी बाटो खर्च सरकारले व्यहोर्नै व्यवस्था गर्ने ।

६. व्यापार व्यवसाय गर्न इच्छुक व्यक्तिलाई छोटो वा मध्यम अवधिको निर्व्याजी ऋण उपलब्ध गराउने व्यवस्था गर्नै ।

७. सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग ऐन २०७१ को दफा ३३ मा व्यवस्था भए अनुरुप वास्तविक द्वन्द्वकै कारण सेवा छोड्न परेको विषय छानविन गरी यकिन गर्ने सम्बन्धमा

आयोगहरु गठन भएको अवस्था मा यसको जिम्मेवारी सम्मन्धित आयोगलाई दिन सकिने,

प्रस्तुत सुविधा प्रदान गर्ने सम्बन्धमा व्यक्ति छनोट गर्ने, सिफारिस गर्ने र सम्बन्धित निकायसम्म पुगी सेवा सुविधा प्रयोग गर्ने व्यवस्था मिलाउन द्वन्द्व पीडित सेना प्रहरी संघर्ष समितिले सम्बन्धित निकायहरलाई कार्यान्वयनार्थ सहयोग गर्न गरी प्रक्रिया अगाडी बढाउन उपयुक्त हुनदेखि सिफारिश प्रस्तुत गरिएको छ ।

**घ जन आन्दोलन एवं मधेस आन्दोलनका घाइतेबारे अध्ययन पतिवेदन ०६६ को विश्लेषण सहितको निष्कर्श** देहाय बमोजिम उल्लेख गरेको छ

मुलुकमा दश बर्षे सशस्त्र द्वन्द्व र जनआन्दोलन क्रममा घाइते, अंगभंग, अपाङ्ग हुन पुगेका व्यक्तिहरुको यथोचित उपचार, सम्मान एंव आर्थिक सहायता सम्बद्ध निकायहरुद्वारा उपलब्ध गराउदै आएकोमा यसलाइ एक निश्चित समय सीमा तोकी दुत्र द्रुगले सम्पन्न गर्नू पर्दछ । यसका निम्ति जनआन्दोलनका वर्गीकृत घाइते ११६३ जनाले पाउन बाँकी आर्थिक सहायता वितरण गरिसकनु पर्नेमा सिमित विघटन भएको र यो कार्य अन्य निकाय वा संस्थालाई नतोकिएको कारण सम्पन्न हुन नसकेको अवस्था छ । यस्ता घाइतेले पाउने बाँकी आर्थिक सहायता जिल्ला स्तरबाटै वितरण गर्ने प्रबन्ध मिलाउनु पर्दछ, यसका लागि मन्त्रिपरिषदले जिम्मेवारी तोक्ने र श्रोत उपलब्ध गराइदिन निर्णय गरी दिनुपर्दछ । वर्गीकरण हुन बाँकी अन्य घाइतेको शिघ्र वर्गीकरण गरी आर्थिक सहायता प्रदान गरिनु आवश्यक छ । विगतको उपचार खर्च स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्र्तगतका निकायबाट हुँदै गरेकोमा बेलैमा रकम निकासा नहुँदा सेवाग्राहीले समयमै उपयुक्त सेवा नपाउने, जनगुनासो रहेको र सय सम्बन्धी काम अधुरो रहेकोमा तुरुन्त सम्बद्ध निकासाका लागी ध्यानाकर्षण गराइनु जरुरी छ । विस्तृत शान्ति सम्झौता पश्चात र मधेश तराई आन्दोलनका घटनामा अंगभंग भएका घाइतेको उपचार सहयोग व्यवस्था र वर्गीकरणका निम्ति स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहत एक निर्देशक समिति गठन गरी काम तोक्नु युक्ति संगत हुनेछ । म.प. को मिति २०६३/०९/२७ को निर्णय अनुसार घाइते, अपाङ्गता भएका व्यक्तिहरुलाई राज्यद्वारा प्रदान गरिने भनिएको सेवा, सहुलियत र अवसर लगायत सम्पूर्ण विषयहरुमा कार्यान्वयनगत समन्वय गर्न नियमित अनुगमन एंव निर्देशनका निमित्त महिला, वालवालिका तथा समाजकल्याण मन्त्रालयको संयोजनमा एक संयन्त्र तोकिनु पर्दछ । अतः घाइते, अंगभंग,

अपाङ्गहरुको उपचार, आर्थिक सहायता र सम्मानका निमित्त यस उप समितिले प्रस्तुत गरेको एंव कार्ययोजना अनुरुपको कार्यहरु समयवद्ध ढंगले सम्पन्न गर्न सके यस्ता व्यक्तिहरुको जीवन सहज र सम्मानपूर्वक व्यतित हुनेछ ।

## २.१.३ बारुदी सुरुङ नष्ट गर्ने कार्य तथा यस सम्बन्धी सचेतना

विभिन्न ५३ ठाउँमा द्वन्द्वकालमा बिछ्याइएका सबै बारुदी सुरुङ र ३४१ ठाउँमा राखिएका Improvised Explosive Devices (IED) विस्फोटक उपकरण नष्ट गरिएका छन् । यस क्रममा बारुदी सुरुङको जोखिम रहेका ५५ जिल्लाका समुदाय र ३० जिल्लाका विद्यालयमा बारुदी सुरुङ जोखिम शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ । हरेक बर्ष अप्रील ४ मा अन्तराष्ट्रिय बारुदी सुरुङ्ग सचेतना दिवस मनाइदै आएको छ । ३० वटा भन्दा बढी जिल्लाहरुबाट बारुदी सुरुङ्गबाट पीडित भएकाहरुको तथ्यांक संकलन गरिएको ।

## २.१.४ शान्ति संवेदनशील विकास

नेपालले प्रत्येक दशक जस्तो राजनैतिक परिवर्तनको मुद्दाका कारणले अस्थीरता भोगेको छ । यस्तो अस्थीरताले गर्दा राष्ट्रले दीगो रुपमा विकास गर्न सकिरहेको छैन । यस्तो अस्थीरता र द्वन्द्वको पछाडि राजनैतिक र आर्थिक दुबै कारणहरु छन् विभेदकारी सामाजिक र आर्थिक अवस्था, अशिक्षा, गरिबी, चेतनाको अभाव सबै कुराले द्वन्द्व निम्त्याउने गरेको छ। राष्ट्रलाई यस प्रकारका द्वन्द्वहरुको चक्रबाट बाहिर ल्याउन विकासका अवधारणामा नै परिवर्तन र परिमार्जन गर्नु पर्ने र राष्ट्रलाई शान्तिप्रति संवेदनशील विकास चाहिएको छ भन्ने अहिलेको सोच हो । के गर्दा विकास प्रकृयामा द्वन्द्व उब्जदैन र कसो गर्दा विकासको प्रतिफलको वितरणले द्वन्द्व निम्त्याउदैन र दिगोविकास र दिगो शान्ति स्थापना गर्न सकिन्छ ? अबको चुनौति त्यही हो । यसको लागि शान्ति के हो र यसलाई कसरी विकाससँग एकीकृत गर्न सकिन्छ भन्ने विषय रणनीतिक रुपमै प्रष्ट हुनुपर्ने र कार्यन्वयन गनुपर्ने देखिन्छ ।

विकासलाई शान्तिप्रति संवेदनशील बनाउनु पर्ने आवश्यकता पहिले नै आएको हो तर पनि हालसालैको सशस्त्र द्वन्द्व र त्यसबाट भएका भौतिक र मानवीय क्षतिलाई दृष्टिगत गर्दा अब यस प्रकारको द्वन्द्व हुन दिन हुदैन भन्ने राष्ट्रिय मानसिकता बनेको

छ । यस क्रममा राष्ट्रले सिकेका पाठहरुलाई ध्यानमा राख्दै द्वन्द्वका कारणहरुलाई न्युनीकरण गर्दै अत्यन्त कम बनाउनु पर्ने आम मानसिकता बनेको छ ।

विकासका गतिविधिहरुले विद्वेष, विभाजन र विग्रहलाई बल पुर्याउन तथा कुनै व्यक्ति समूह वर्ग वा समुदाय विशेषलाई हानी पुर्याउनु हुँदैन भन्ने मान्यतालाई विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन प्रक्रियामा स्थापित गर्नु पर्दछ। साथै विकास कार्यक्रमहरुले शान्तिपूर्ण सम्बन्धहरु स्थापित गर्न र दीर्घकालीन रुपमा शान्ति स्थापना गर्न सहयोग पुर्याउनुपर्छ भन्ने मान्यताबाट शान्ति संवेदनशील विकासको अवधारणा अवलम्वन गरिएको छ ।

विकासका नीति कार्यक्रमहरुको पृष्ठभूमिमा रहेका दृश्य वा अदृश्य सक्रिय वा निस्कृय विवाद, अन्तरविरोध र तिनका परस्पर क्रिया प्रतिक्रिया अनि संयोजनकारी र विभाजनकारी तत्वको विश्लेषण लैङ्गिक, वातावरण, गरीबी आदि माथि विकास प्रक्रियाले पार्ने प्रभाव मूल्याङ्कन आदी मार्फत शान्तिप्रतिको संवेदनशीलताको विश्लेषण पनि गर्नुपर्ने हुन्छ ।

नेपाललाई शान्ति, सहिष्णुता तथा परस्पर सद्भावमा आधारित समावेशी, समतामूलक, न्यायपूर्ण, समृद्ध र अग्रगामी राज्यका रुपमा रुपान्तरित गर्ने सोचका साथ समावेशी तथा समतामूलक विकास प्रक्रियालाई संस्थागत गर्दै उच्चस्तरको आर्थिक, सामाजिक र साँस्कृतिक विकास हासिल गरी दीगो शान्ति स्थापना गर्ने उद्देश्यले शान्ति संवेदनशिल विकासको अवधारणा अगाडि सारिएको हो ।

विकास नीति, कार्यक्रम वा परियोजनाबाट उल्लेखित पृष्ठभूमि, त्यसमा विद्यमान पात्रहरु र उनीहरुबीचको सम्बन्धमा पर्न सक्ने प्रभावहरुको पूर्वानूमान र विश्लेषण गर्ने, विकास निर्माणसँग सम्बन्धीत नीति, कार्यक्रमहरु, आयोजना र त्यसमा संलग्न भै काम गर्ने व्यक्ति, प्रक्रिया तथा संयन्त्र सबैमा विकास प्रक्रिया र द्वन्द्वबीचको आपसी सम्बन्ध, द्वन्द्वका स्रोत एवं आयामहरुको बारेमा सचेत गर्ने र शान्ति संवेद्य माध्यमहरुको प्रयोग गर्न सक्ने र आपसी मतभेदहरुलाई शान्तिपूर्ण र सिर्जनात्मक ढंगले व्यवस्थापन गर्ने क्षमताको विकास गर्ने, समुदायको पृष्ठभूमि, त्यसको सामाजिक आर्थिक अवस्था, समूहका विशेषताहरु, उनीहरुबीचको अन्तरसम्बन्धहरु, तिनलाई संयोजन गर्ने र विभाजन गर्ने तत्वहरुको विश्लेषण गरी कार्यक्रम प्रस्ताव गर्ने र त्यस्ता विश्लेषणका आधारमा नकारात्मक वा विवादमूलक प्रभावबाट बच्ने र सकारात्मक र शान्तिपूर्ण प्रभावलाई आत्मसात गर्ने सचेत प्रयास गर्ने, विवाद वा

द्वन्द्वको प्रारम्भिक लक्षणहरुलाई पहिचान गरी त्यसको निवारणका लागि उपयुक्त कारवाही गर्ने, अनुगमन र निगरानी प्रणालीलाई सशक्त बनाउने र कार्यक्रमको सफलताको मुल्याङ्कन लक्षित समुदायमा सामाजिक सद्भाव तथा शान्ति स्थापनामा पुर्याएको योगदानका आधारमा गर्ने परीपाटी अवलम्बन गर्ने, समाजका सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरुको समतामूलक ढङ्गले जीवनस्तर उकास्ने, सामाजिक न्याय एवं मानव अधिकारको प्रबर्धन गर्ने र आर्थिक, राजनीतिक एवं सामाजिक हैसियत उठाउने खालका दीर्घकालीन उपायहरु अवलम्बन गर्ने तथा द्वन्द्वबाट प्रभावित व्यक्ति, क्षेत्र, समुदायहरुको नक्शाङ्कन गरी द्वन्द्वका असर कम गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने यस अवधारणाका मुख्य मार्गदर्शक कुराहरु हुन ।

उक्त कुराहरु प्राप्तीको लागि दीगो शान्ति, सामाजिक सद्भाव र न्यायको मार्गमा रहेका जोखिमहरु न्यूनीकरण गर्ने विविधतालाई राष्ट्रिय सम्पदाको रुपमा विकास गर्ने र स्थानीय समुदायहरुलाई विकास कार्यक्रमहरु तर्जुमा कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र विवाद समाधानका कार्यका बढी भूमिका प्रदान गर्ने, देशको समग्र विकास तथा निर्माणका कार्यक्रम र प्रक्रियालाई शान्ति संवेद्य बनाउने, नीतिगत, कानुनी, एवं संस्थागत सुधारका माध्यमबाट सुशासन कायम गर्ने, शान्ति, अहिंसा, परस्पर सम्मान, सहिष्णुता र सद्भावमा आधारित सँस्कृतिको विकास गर्ने, शान्ति संवेद्य विकासका लागि प्रभावकारी संचार पद्धतिको विकास र कार्यान्वयन गर्ने, उमेर, लिङ्ग, जातीय, वर्गीय, धार्मिक वा क्षेत्रीय आधारमा सीमान्तकृत समुदायलाई विशेष रुपमा लक्षित विकास कार्यक्रमहरु मार्फत समावेशीकरण गर्ने जस्ता उपायहरु अवलम्वन गर्नुपर्ने हुन्छ । यसरी शान्ति संवेदनशील विकासको अवधारणालाई आवधिक तथा वार्षिक योजनाहरुमा आन्तरिकिकरण गरी सोहि बमोजिम कार्यान्वयन शुरु भएपछि मात्र शान्ति निर्माण प्रक्रियाको एक चरण पूरा हुन्छ । हाल मन्त्रालय यस दिशामा क्रियाशील छ ।

मन्त्रालयको नियमित कार्यक्रम अन्तर्गत रसुवा, सप्तरी, धनुषा र मुगु जिल्लामा शान्ति संवेदनशील विकासको अवधारणपत्रमा सुझाव एवं राय संकलन गरिएको छ । त्यसै गरी शान्ति संवेदनशील विकास अवधारणलाई Conflict Transformation and Peace Building Though Constitution Making Project मार्फत केन्द्रस्तरमा हरेक केन्द्रीयस्तरका निकायहरुका ४५ जना शान्ति सम्पर्क बिन्दु (Peace Focal Person) हरुसँग छलफल गरी PSDA लाई मुलप्रवाहिकरण गरिएको छ । ५१ जिल्लाहरुलाई समेटी बिभिन्न ८ वटा कल्ष्टर शान्ति संवेदनशिल विकाशको

अवधारणपत्रमा सुझाव एवं राय संकलन गरिएको छ । यसै अन्तर्गत यस मन्त्रालयमा रहेका कर्मचारीसँग अन्तर्कृया गरी सुझाव लिनुको साथै ५९ जिल्लाका १९० स्थानमा नेपालको संविधान (२०७२) को अनुशिक्षण कार्यक्रम सञ्चालन गरी संविधानका विशेषताहरुको बारेमा अनुशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ । करिब १६ हजार जति संविधानको बुकलेट, ब्रोसर तयार गरी वितरण गरिएको र संविधानको रेडियो र टेलिभिजनबाट कार्यक्रम संचालन गरिएको र दिगो विकास र समृद्धि विषयमा डकुमेन्ट्री तयार गरिएको छ ।

## २.२. पुनर्निर्माण

विस्तृत शान्ति संझौता पछि देशमा नयां वातावरण सिर्जना भै शान्ति, सद्भाव तथा सामाजिक पुनर्निर्माणको अतिरिक्त भौतिक पुनर्निर्माणको दिशामा विभिन्न प्रयासहरूको थालनी भयो । नेपाल सरकारबाट द्वन्द्वका क्रममा क्षति भएका भौतिक संरचनाहरूको पुनर्निर्माण तथा शान्तिका लागि विकास कार्यक्रम सञ्चालनार्थ "द्वन्द्वबाट क्षति भएका भौतिक पुर्वाधारहरूको पुनर्निर्माण/पुनस्थापना तथा शान्तिका लागि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६५" र "**शान्तिका लागि विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०६८**" स्विकृत भै कार्यान्वयनमा रहेको छन् भने द्वन्द्वबाट अति प्रभावित मध्य र सुदुर पश्चिमका २४ जिल्लाहरूमा "द्वन्द्व प्रभावित **क्षेत्र विशेष कार्यक्रम सञ्चालन निर्देशिका, २०६८**" मार्फत केहि कार्यक्रम सम्पन्न भै सञ्चालनमा समेत रहेका छन् ।

### २.२.१ पुनर्निर्माण तथा पुनस्थापना कार्यक्रम

द्वन्द्वबाट क्षति भएका भौतिक पुर्वाधारहरूको पुनर्निर्माण/पुनस्थापना तथा शान्तिका लागि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ अन्तर्गत सञ्चालित पुनर्निर्माण तथा पुनस्थापना कार्यक्रमबाट विगत देखि हालसम्म गरिएको लगानी र सोबाट आ.व. २०७२/७३ सम्ममा प्राप्त प्रतिफलको विवरण निम्नानुसार रहेको छ ।

| सिनं | आयोजनाको क्षेत्रगत विवरण | पुनर्निर्माण गर्न माग भएको कुल संख्या | पुनर्निर्माण गर्न लाग्ने अनुमानित लागत रु हजारमा | आ.व. ०७२/७३ सम्ममा सम्पन्न भएको | | पुनर्निर्माण गर्न बाकीको विवरण | |
|---|---|---|---|---|---|---|---|
| | | | | आयोजना संख्या | खर्च रु हजारमा | बांकी संख्या | लाग्ने अनुमानित लागत रु हजारमा |
| १ | विद्यालय भवन, बालमन्दिर | २१४९ | ५९७९६२३ | ८५२ | १४१९४०३ | १२९७ | ४५६०२२० |
| २ | गा वि स भवन | २०७२ | ४४००७६७ | १०३४ | २६७८३१३ | १०३८ | १७२२४५४ |
| ३ | सदरमुकामस्थित सरकारी कार्यालयहरू | ९८६ | ५७२२८४८ | ४३२ | ३०१४७१४ | ५५४ | २७०८१३४ |
| ४ | इलाकास्तरीय सरकारी कार्यालयहरू | १०४७ | १८३१०४९ | ४०० | ६६३३२० | ६४७ | ११६७७२९ |
| ५ | जि वि स, न पा तथा जिल्ला प्राविधिक कार्यालय | १३० | ४६८२४८५ | ६२ | ६४९०५५ | ६८ | ४०३३४३० |
| ६ | झो. पु. | १०१ | २१२७८१ | २६ | ६०६४० | ७५ | १५२१४१ |
| ७ | अन्य | २२२३ | ६५२६०५३ | १८६ | ५३६१२९ | २०३७ | ५९८९९२४ |
| ८ | पार्क स्मारक नमुनावस्ती, प्रवेश द्वार, शालिक | २०८ | १२७६०३५ | ७२ | १००५२८३ | १३६ | २७०७५२ |
| | **जम्मा** | ८९१६ | ३०६३१६४१ | ३०६४ | १००२६८५७ | ५८५२ | २०६०४७८४ |

### २.२.२ शान्तिकालागि विकास कार्यक्रम

त्यसैगरी शान्तिका लागि विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ को अधिनमा रहि सञ्चालित शान्तिका लागि विकास कार्यक्रम अन्तर्गत शान्तिका लागि योगदान पुऱ्याउने ससाना आयोजनाहरूको पुनर्निर्माण तथा नवनिर्माण हुने गरेको छ। तथापी आयोजनाको उर्लिदो मांग र सिमित विनियोजित रकमका कारण धेरै आयोजनाहरूमा अत्यन्तै न्यून विनियोजन गर्नु परेको स्थिति छ। यस कार्यक्रम अन्तर्गत भएको लगानी र आ.व. ०७२/७३ सम्म प्राप्त प्रतिफल निम्नानुसार रहेको छ।

| सिनं | आयोजनाको क्षेत्रगत विवरण | निर्माण गर्न माग भएको कुल संख्या | निर्माण गर्न लाग्ने अनुमानित लागत रु हजारमा | आ.व. ०७२/७३ सम्ममा सम्पन्न भएको | | निर्माण गर्न बाकीको विवरण | |
|---|---|---|---|---|---|---|---|
| | | | | आयोजना संख्या | खर्च रु हजारमा | बांकी संख्या | लाग्ने अनुमानित लागत रु हजारमा |
| १ | विद्यालय भवन, बालमन्दिर | २२४५ | ३१५७५०० | १७६ | ५४४०१७ | २०६९ | २६१३४८३ |
| २ | गा वि स भवन | २ | ८००० | ० | ६०८५ | २ | १९१५ |
| ३ | सदरमुकामस्थित सरकारी कार्यालयहरू | १ | ५००० | ० | २६५५ | १ | २३४५ |
| ४ | इलाकास्तरीय सरकारी कार्यालयहरू | ३४ | ८५००० | ४ | २८१६४ | ३० | ५६८३६ |
| ५ | जि वि स, न पा तथा जिल्ला प्राविधिक कार्यालय | १ | १०० | ० | १०० | १ | ० |
| ६ | झो. पु. | ० | ० | ० | ० | ० | ० |
| ७ | अन्य | १५३५ | ३०७०००० | १०० | ५७८५१५ | १४३५ | २४९१४८५ |
| ८ | पार्क स्मारक नमुनावस्ती, प्रवेश द्वार, शालिक | ५५० | ११००००० | ५६ | १८७०७५ | ४९४ | ९१२९२५ |
| | **जम्मा** | ४३६८ | ७४२५६०० | ३३६ | १३४६६११ | ४०३२ | ६०७८९८९ |

### २.२.३ द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम

विगतका द्वन्द्वका घाउहरूमा मलमपट्टी लगाउदै मेलमिलाप र आपसी सद्भावको वातावरण निर्माण गर्दै दिगो शान्ति प्रवर्ध्दनका लागि तिव्र आर्थिक विकास गर्ने कार्यलाई सहयोग पुऱ्याउन द्वन्द्वका क्रममा बढी प्रभावित भएका मध्य र सुदुर पश्चिमका जिल्लाहरूका विभिन्न स्थानहरूलाई विशेष प्राथमिकता दिई कृषि तथा पशु विकास सम्बन्धि साना आयोजनाहरूलाई गाउं गाउं स्तरसम्म पुऱ्याइ स्थानीय स्तरवाटै आयोजना कार्यान्वयन गराउने यस कार्यक्रमको उद्देश्य रहेको थियो ।

आ व ०६८/६९ देखि सुरु भएको यस कार्यक्रम संचालन गर्न मिति २०६८/८/२० मा एक निर्देशिका स्वीकृत भएको छ । यस कार्यक्रमको अनुगमन जिल्ला स्तरमा सम्बन्धित जि.वि.स., स्थानीय शान्ति समिति र जिल्ला पुननिर्माण समितिले गर्नेछ भने केन्द्रीय स्तरमा केन्द्रिय निर्देशन तथा अनुगमन समितिले गर्ने ब्यवस्थ रहेको थियो ।

यस कार्यक्रम अन्तरगत कृषि क्षेत्रको व्यवसायीकरण र बजारीकरण गर्न सहयोग पुर्‍याउने कृषि उत्पादकत्व प्रवर्द्धन गर्ने भौतिक संरचनाहरूको निर्माण एवं मर्मत सम्भार सम्वन्धी आयोजनाहरू, द्वन्द्व प्रभावितहरूलाइ लक्षित गरी संचालन गरिने कृषि, पशुपालन, बागबानी, नर्सरी, जडिबुटी सम्वन्धी आयोजनाहरू, कृषि, पशुपालन लगायतका उत्पादनहरूको सहज आपुर्ती एवं भण्डारणका लागि बजार केन्द्र, स्टोरेज भवन, प्रशोधन केन्द्र लगायतका पूर्वाधारहरूको निर्माण एवं मर्मत सम्भार सम्वन्धी आयोजनाहरू र मन्त्रालयले कृषिक्षेत्रको ब्यवसायिकरण एवं बजारीकरण प्रबर्द्धन गर्न आवश्यक ठानेका अन्य भौतिक संरचना सम्बन्धी आयोजनाहरू निर्माण गरिने ब्यवस्था रहेको र हाल सो कार्यक्रम सम्पन्न भै Phase Out भै सकेको छ ।

यस कार्यक्रम अन्तरगत स्वीकृत आयोजनाहरू निम्नानुसार निकाय मार्फत संचालन गर्ने ब्यवस्था रहेको थियो ।

(क) मध्य पश्चिम र सुदुर पश्चिमाञ्चल २४ जिल्ला विकास समितिका कार्यालयहरू

आ व ०७०/७१ सम्ममा यस कार्यक्रम अन्तरगत सम्पादन भएका कार्य विवरण निम्नानुसार छ

| सि नं | विवरण | सम्पन्न संख्या | खर्च रु हजारमा |
|---|---|---|---|
| १ | कृषि तथा पशु विकास संग सम्बन्धित आयोजनाहरू | ४९३ | २७४००९ |
| | **जम्मा** | ४९३ | २७४००९ |

समग्रमा, उल्लेखित कार्यक्रमहरू अन्तर्गत हालसम्म भएको प्रगतिको विवरण यस प्रकार रहेको छ।

| सिनं | आयोजनाको क्षेत्रगत विवरण | पुननिर्माण गर्न माग भएको कुल संख्या | पुनर्निर्माण गर्न लाग्ने अनुमानित लागत रु हजारमा | आ.व. ०७२/७३ सम्ममा सम्पन्न भएको | | पुनर्निर्माण गर्न बाकीको विवरण | |
|---|---|---|---|---|---|---|---|
| | | | | आयोजना संख्या | खर्च रु हजारमा | बांकी संख्या | लाग्ने अनुमानित लागत रु हजारमा |
| १ | विद्यालय भवन, बालमन्दिर | ४३९४ | ९१३७१२३ | १०२८ | १९६३४२० | ३३६६ | ७१७३७०३ |
| २ | गा वि स भवन | २०७४ | ४४०८७६७ | १०३४ | २६८४३९८ | १०४० | १७२४३६९ |
| ३ | सदरमुकामस्थित सरकारी कार्यालयहरू | ९८७ | ५७२७८४८ | ४०० | २७९८८५४ | ५८७ | २९२८९९४ |
| ४ | इलाकास्तरीय सरकारी कार्यालयहरू | १०८१ | १९१६०४९ | ४०४ | ६९१४८४ | ६७७ | १२२४५६५ |
| ५ | जि वि स, न पा तथा जिल्ला प्राविधिक कार्यालय | १३१ | ४६८२५८५ | ६२ | ६४९१५५ | ६९ | ४०३३४३० |
| ६ | भ्mो. पु. | १०१ | २१२७८१ | २६ | ६०६४० | ७५ | १५२१४१ |
| ७ | अन्य (कृषि र पशुविकास सम्बन्धि आयोजनाहरू समेत) | ४२५१ | ९८७००६२ | ७७९ | १३८८६५३ | ३४७२ | ८४८१४०९ |
| ८ | पार्क स्मारक नमुनावस्ती, प्रवेश द्वार, शालिक | ७५८ | २३७६०३५ | १२८ | ११९२३५८ | ६३० | ११८३६७७ |
| | **जम्मा** | १३७७७ | ३८३३१२५० | ३८६१ | ११४२८९६२ | ९९१६ | २६९०२२८८ |

### २.२.४ राष्ट्रिय शहीद तथा निजामति पार्क आयोजना गोकर्णेश्वर, काठमाडौं

काठमाण्डौ जिल्लाको गोकर्ण गा.वि.स.स्थित यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समितिद्वारा उक्त वन क्षेत्रभित्र राष्ट्रिय शहीद स्मारक पार्क निर्माण गर्न नेपाल सरकारलाई अनुरोध भइ आए पछि नेपाल सरकारबाट शहिदपार्क, निजामतीपार्क र घुन्सा दुर्घटनामा परेकाहरूको स्मृतिमा पार्क बनाउन २०६४ साल ज्येष्ठ ११ गते स्वीकृति भई पार्क निर्माण कार्यदल कार्यसम्पादन समिति गठन गरि मिति २०६७/४/१३ मा शान्ति तथा पुनर्निर्माण मत्रालयबाट विस्तृत आयोजना प्रतिवेदन तयार गरियो । मिति २०६८/१/२३ मा अर्थ मन्त्रालयबाट आयोजना प्रतिवेदन कार्यान्वयन गर्न  सहमति प्राप्त भइ मिति २०६८/२/१ मा माननीय शान्ति तथा पुनर्निर्माण मन्त्रीज्यूको अध्यक्षतामा सम्बद्ध बिभिन्न ६ वटा मन्त्रालयका प्रतिनिधी सहितको उपस्थितिमा बसेको बैठकले आयोजनाको बिस्तृत प्रतिवेदन बमोजिम कार्यान्वयन प्रकृया अघि बढाउने निर्णय भए अनुसार हाल राष्ट्रिय शहीद तथा निजामति पार्कका निर्माण कार्यहरू निर्माणधिन अवस्थामा रहेका छन् ।

यस राष्ट्रिय शहीद स्मारक पार्क निर्माणको मुख्य उद्देश्यमा दोश्रो जनआन्दोलनको ऐतिहासिक क्षणहरूको अभिलेख राख्नु, राष्ट्रका लागि प्राणको आहुति दिने शहीदहरूलाई सम्मान र श्रद्धा व्यक्त गर्नु तथा शान्ति तथा राष्ट्रिय एकताको सन्देश फैलाउनु रहेको छ । जम्मा ६५० रोपनीमा फैलिएको यस पार्कमा स्मृति क्षेत्र, मनोरन्जन क्षेत्र, संस्थागत क्षेत्र र धार्मिक क्षेत्र को लागी ३११ रोपनी जग्गा छुट्र्याई बाँकी रहेको ३३९ रोपनी जग्गा  संरक्षित क्षेत्र, सहायक सेवा तथा नर्सरी, र फोहोर व्यवस्थापन आदिका लागि छुटयाईएको छ ।

पार्कका मुख्य संरचनाहरूमा स्मृति क्षेत्रमा शहीद स्मृतिस्मारक, शहीद संग्रहालय, घुन्सा स्मारक पार्क, निजामति स्मारक पार्क, शान्ति स्तूप रहेका छन भने मनोरञ्जन क्षेत्रमा बाल उद्यान,चैत्य,बगैंचा, पिकनिकस्थल, भ्यूटावर,बांसको पूल रहेको छ। त्यस्तै संस्थागत क्षेत्रमा व्यवस्थापन कार्यालय तथा पसल घर र रेष्टुरां तथा बहुउद्देश्यीय घर रहेको छ। धार्मिक क्षेत्रमा भजन मण्डली रहेको छ भने अन्य संरचनाहरूमा प्रवेशद्धार तथा पार्किङ्ग उद्यान, सामुदायिक प्रहरी विट, सूचना केन्द्र, कोसेली घर तथा आगन्तुक प्रतिक्षालय, सार्वजनिक धारा तथा शौचालयहरू, पैदलमार्ग तथा विश्रामस्थल, हेलिप्याड, पार्किङ्गस्थल, र गेटहरू आदी रहेको देखिन्छ। यस पार्क क्षेत्र भित्रको सम्पूर्ण निर्माण कार्यहरू सम्पन्नका क्रममा आवश्यक समन्वय गर्न र निमार्ण सम्पन्न भई  हस्तान्तरण पश्चात सो को  व्यवस्थापन गरी संचालन गर्न एक राष्ट्रिय शाहिद तथा (स्मारक) पार्क ब्याबस्थापन समिति समेत गठन भई सञ्चालनमा रहेको  छ।

यस आयोजनाको विभिन्न निर्माण कार्यका लागी रु ४६७१०००००।०० लागत अनुमान

स्वीकृत भएकोमा विभिन्न ७ वटा प्याकेज वनाइ ठेक्का प्रकृया द्वारा निर्माण कार्य खरीद गर्दा रु २७०९५९०००।०० रकमको बिभिन्न ठेक्का स्विकृत भएकोमा उपभोक्ता समितिहरूबाट भएको कार्य समेतको आ.व. २०७२/७३ सम्ममा रु २६२४५५०००।०० भुक्तानि भई सम्पुर्ण आयोजनाको बित्तिय प्रगति ५६।७१ प्रतिशत भएको देखिन्छ। बाँकी निर्माणकार्यहरू हाल संचालनमा रहेको छ।

बिभिन्न संरचनाहरू निर्माण गर्ने क्षेत्रमा रहेका रुखहरू कटान गर्ने निर्णय हुन करीव एक वर्ष लागेको कारणले समयमानै ठेक्का स्वीकृत भएता पनि निर्माण व्यवसायीहरू लाई एक वर्ष सम्म साईट उपलब्ध गराउन नसकिएको, समय समयमा भएको देश व्यापी वन्द हडताल,इन्धन अभाव, निर्माण सामाग्रीको अभाव, २०७२ बैसाख १२ गतेको भूकम्प, नाकावन्दी , वर्षात तथा निर्माण व्यवसायीको ढिला सुस्तिको कारणले तोकिएको समय भित्र निर्माणकार्य सम्पन्न हुन नसकिनु मुख्य समस्याको रुपमा रहेको छ। हाल निर्माणकार्यहरू सन्तोषजनक रुपमा अगाडी वढको छ।

**संक्षेपमा**

| सि.नं. | प्याकेज | कामको बिवरण | कुल लागत रु हजारमा | जम्मा खर्च रकम रु हजारमा |
|---|---|---|---|---|
| १ | काठमाण्डौ | • पानी टयाङ्की तथा सतह ढल<br>• पैदल मार्ग, गेट तथा गार्ड सेडहरू<br>• पार्किङ्ग क्षेत्र, रिटेनिङ्ग पर्खाल<br>• निजामति स्मारक पार्क<br>• घुन्सा स्मारक पार्क<br>• सार्वजनिक शौचालय | ११५९०० | ४०८०८ |
| २ | काठमाण्डौ | • स्मृति स्मारक तथा शान्ति पिरामिड<br>• संग्रहालय | ७४२०० | ४२१५५ |
| ३ | काठमाण्डौ | • सूचना केन्द्र<br>• रेष्टुराँ, हल<br>• पसल तथा कार्यालय<br>• सामुदायिक भवन | ४८००० | २००६६ |

| सि.नं. | प्याकेज | कामको बिवरण | कुल लागत रु हजारमा | जम्मा खर्च रकम रु हजारमा |
|---|---|---|---|---|
| ४ | काठमाण्डौ | • मूर्तिस्थल | ९२०० | ५५३० |
| | | • चार शहीद पार्क | | |
| | | • शान्ति स्तूप, चैत्यहरू | | |
| | | • वगैंचा | | |
| ५ | काठमाण्डौ | • पिकनिक क्षेत्र, भ्यूटावर | २८८०० | ४७४७ |
| | | • खानेपानी, तारवार | | |
| | | • आन्दोलन पार्क | | |
| | | • टिकटघर, भजन मण्डली | | |
| ६ | काठमाण्डौ | • बृक्षारोपण तथा मूर्ति | २९००० | ९२३३ |
| | | • उत्तरतर्फको पहुंच मार्ग | | |
| ७ | काठमाण्डौ | मुख्य प्रवेशद्वार र त्यस भित्रका वाल फुटपाथ सिंढी र ग्यावीयन | ११५६०० | ११५६०० |
| | | पहुंच सडक तथा सुधार, ग्यावियन टेवापर्खाल ड्रेन कल्भर्ट | | |
| | | कम्पाउण्ड वाल निर्माण | | |
| | | उत्तर तर्फको पहु‘चसडक सुधार | | |
| ८ | काठमाण्डौ | निर्माण सुपरिवेक्षण तथा आयोजना व्यवस्थापन | ६४०० | ४९८६ |
| ९ | काठमाण्डौ | • सडक कालोपत्रे गर्ने | ४०००० | १९३३० |
| | | मर्मत संभार निर्देशिका तयार गर्ने | | |
| | | क्षमता बिकास योजना | | |
| | | • रेन्जपोष्ट भपन निर्माण | | |
| जम्मा | | | ४६७१०० | २६२४५५ |

आयोजनाको कूल लागत :४६७१००००।००
आयोजनाले ओगटेको जग्गाको कूल क्षेत्रफल : ६५० रोपनी।
हाल सम्मको खर्च :२६२४५५०००।००
हाल सम्मको बितिय प्रगती :५६।७१ %

| गोकर्ण पार्क आयोजनाको २०७३ असार मसान्त सम्मको बजेट तथा खर्च बिवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | बिवरण | कुल लागत | आ.व.२०७१/७२ सम्मको | गत आ.व.२०७२/७३ को | जम्मा रकम | कैफियत |
| १ | प्याकेज नं. १ | ११५९०० | ३९९६३ | ८४५ | ४०८०८ | |
| २ | प्याकेज नं. २ | ७४२०० | ३१२५५ | १०९०० | ४२१५५ | |
| ३ | प्याकेज नं. ३ | ४८००० | २००६६ | ०।०० | २००६६ | |
| ४ | प्याकेज नं. ४ | ९२०० | ५५३० | ०।०० | ५५३० | |
| ५ | प्याकेज नं. ५ | २८८०० | ४७४७ | ०।०० | ४७४७ | |
| ६ | प्याकेज नं. ६ | २९००० | ९२३३ | ०।०० | ९२३३ | |
| ७ | प्याकेज नं. ७ | ११५६०० | ११५६०० | ०।०० | ११५६०० | |
| ८ | प्याकेज नं. ८ | ६४०० | ४५७१ | ४१५ | ४९८६ | |
| ९ | प्याकेज नं. ९ | ४०००० | १७८७८ | १४५२ | १९३३० | |
| | जम्मा रकम | ४६७१०० | २४८८४३ | १३६१२ | २६२४५५ | |

## २.२.५ पुनर्निर्माण तथा पुनस्थापन कार्यक्रम बाट द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना मार्फत संचालीत अन्य आयोजनाहरू २०७२/७३ सम्मको विवरण

| सि नं | आयोजनाको नाम ठेगाना | | स्वीकृत कुल लागत रु हजारमा | आ.व. २०७२/७३ सम्मको | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | प्रगति प्रतिशत | खर्च रु हजारमा | |
| १ | इलाम | कन्याम राष्ट्रिय शहिद पार्क | २८२३४.०० | ७५.७२ | २१३७९.०० | |
| २ | धनकुटा | छिन्ताङ राष्ट्रिय शहिद पार्क | ३२०००.०० | ४८.०० | १५३०७.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | धनकुटा | राजारानी नमुना बस्ती | १२७५००.०० | ८.०० | १००२६.०० | |
| ४ | सिन्धुली | लालवस्ती नमूना बस्ति अमले पटवास | १००००.०० | ९९.९६ | ९९९६.०० | सम्पन्न |
| ५ | रामेछाप | दोरम्बा नमुना वस्ती | ५८४७०.०० | ३५.८४ | १८९४८.०० | |
| ६ | सिन्धुपाल्चोक | पिस्कर नमूना वस्ती | ५२६००.०० | ५.५७ | २९३०.०० | |
| ७ | नुवाकोट | कविलास नमुना वस्ती | ४४१००.०० | ४३.१८ | १९०४३.०० | |
| ८ | काठमाडौं | गोकर्ण शहिद तथा शान्ति स्मारक पार्क निर्माण | ४६७१००.०० | ५६.१९ | २६२४५४.०० | |
| ९ | काभ्रेपलान्चोक | अनेकट नमुना वस्ती | ३६४६२.०० | ५२.१० | १८९९७.०० | |
| १० | चितवन | सिध्दी नमुना वस्ती | १४२३५.०० | १००.०० | १४२३५.०० | सम्पन्न |
| ११ | चितवन | चैनपुर नमुना वस्ती | ८५७६.०० | १००.०० | ८३८५.०० | सम्पन्न |
| १२ | रौतहट | जुडीबेला राष्ट्रिय शहिद पार्क | २२०००.०० | ९६.६० | २१२५२.०० | |
| १३ | कपीलवस्तु | शिवपुर नमुना वस्ती | ११३०९६.०० | २६.२२ | २९६५९.०० | |
| १४ | तनहुँ | क्यामीन गाविस छापेथोक नमुना वस्ती | ३१७३७.०० | ८८.२१ | २७९९५.०० | |
| १५ | डोल्पा | साल्दाङ नमुना वस्ती | १००००.०० | १००.०० | १००००.०० | सम्पन्न |
| १६ | जुम्ला | जुम्ला सदरमुकाम पुनर्निर्माण | ३५८५३२.०० | ५९.५८ | २१३५९९.०० | |
| १७ | कालिकोट | पालांटा नमुना वस्ती | ४५३५२.०० | ४३.७९ | १९८५९.०० | |
| १८ | रुकुम | खारा नमुना वस्ती | ५४६००.०० | ६८.४९ | ३७३९७.०० | |
| १९ | रोल्पा | जेल्वाङ नमुना वस्ती | ६९६४०.०० | ४८.३७ | ३३६८३.०० | |
| २० | दाङ | गोल्टाकुरी नमुना वस्ती गोल्टाकुरी ८ कौवाधारी | १००००.०० | ९९.९२ | ९९९२.०० | सम्पन्न |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | सल्यान | गुरासे नमुना वस्ती | ३३२४९.०० | ९९.९७ | ३३२३९.०० | सम्पन्न |
| २२ | जाजरकोट | पिपे नमुना वस्ती | ४४४१०.०० | ८१.४७ | ३६१८१.०० | |
| २३ | दैलेख | नौमुले नमुना वस्ती | ७३१००.०० | ५२.५१ | ३८३८६.०० | |
| २४ | कैलाली | जोशीपुर नमुना वस्ती | ७४५८४.०० | ६०.५६ | ४५१६७.०० | |
| २५ | म्याग्दी | रहुघाट झो.पु. | १८२२.०० | ०.०० | १००.०० | रद्ध |
| २६ | मुगु | सुमली झो.पु. | ५५६०.०० | १००.०० | १४२०.०० | सम्पन्न |
| २७ | मुगु | माथीभित्ता झो.पु | ३७६४.०० | १००.०० | २३०५.०० | सम्पन्न |
| | | जम्मा | १८३०७२३.०० | | ९६१९३४.०० | |

## २.३. राहत तथा पुनःस्थापन कार्यक्रम

नेपाल सरकारबाट विगत सशस्त्र द्वन्द्वको क्रममा घटेका घटनाहरूबाट पीडित व्यक्तिहरूलाई राहत तथा आर्थिक सहयोग गर्न २०६५।०१।१३ मा शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत रहने गरी राहत तथा पुनःस्थापन इकाई अस्थायी प्रकृतिको विभागीय स्तरको कार्यालय स्थापना गरेको र पटक पटक यस इकाईको म्याद थप भई २०७३ साल पौष मसान्तसम्म म्याद थप गरिएको छ। यस इकाईको कार्यादेश देहाय बमोजिमको छ।

**कार्यादेशः**

- नेपाल सरकारबाट विभिन्न मितिमा भएको निर्णय र स्वीकृत कार्यविधि, निर्देशिका र मापदण्डको परिधिभित्र रही सशस्त्र द्वन्द्वको क्रममा मृत्युवरण गरेका, वेपत्ता पारिएका, सम्पत्ति क्षति भएका, घाइते/अपाङ्ग भएका, अपहरणमा परेका व्यक्तिलाई राहत/आर्थिक सहायता उपलब्ध गराउने।
- नेपाल सरकारको निर्णय बमोजिमको बिशेष राहत उपलब्ध गराउने।
- यसैगरी ऐतिहासिक जनआन्दोलनका शहिद परिवार तथा घाइतेहरूलाई मासिक जीवन निर्वाह वृत्ति, निजका सन्ततिहरूलाई छात्रवृत्ति, टुहुरा बालबालिकालाई आर्थिक सहायता, तथा विस्तृत शान्ति सम्झौता पश्चात्का घटनामा परी मृत्यु भएका व्यक्तिका हकदारलाई राहत/आर्थिक सहायता उपलब्ध गराउने।

विगत सशस्त्र द्वन्द्वको क्रममा घटेका घटनाहरूबाट पीडित व्यक्तिहरूलाई शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना (२०६३।१२।२८) पश्चात् विभिन्न कार्यविधि तथा निर्देशिकाहरू बनाई राहत तथा आर्थिक सहयोग वितरण हुँदै आएको छ। यो मन्त्रालय स्थापना हुनु भन्दा पहिले द्वन्द्व पीडितहरूलाई राहत सहयोग वितरण गर्ने कार्य नेपाल सरकार गृह मन्त्रालय मार्फत हुँदै आएको थियो। सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरूलाई राहत तथा आर्थिक सहयोग वितरण गर्न नेपाल सरकारबाट विभिन्न मितिमा निम्न कार्यविधि तथा निर्देशिकाहरू जारी गरिएको छ।

१. आन्तरिक रुपमा विस्थापित व्यक्ति सम्बन्धी राष्ट्रिय नीति, २०६३
२. द्वन्द्वका कारण विस्थापित व्यक्ति तथा परिवारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६३
३. नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि २०६६
४. मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका, २०६५

५. बेपत्ता पारिएका व्यक्तिहरूका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६५

६. राजनीतिक द्वन्द्वका क्रममा मारिएका, बेपत्ता पारिएका व्यक्तिका परिवारलाई प्रदान गरिने परिचयपत्र निर्देशिका, २०६९

७. माओवादी सेनाका घाइते, अपाङ्ग, लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गता भएकाहरूका लागि पुनःस्थापन एवं हेरचाह निर्देशिका, २०६८

८. आमाबाबु गुमाएका बालबालिका पुनःस्थापना कार्यक्रम संचालन कार्यविधि, २०६८

९. सशस्त्र द्वन्द्वको क्रममा पीडित भएका व्यक्तिलाई रोजगार (स्वरोजगार) सेवा संचालन गर्ने निर्देशिका, २०६७

उल्लिखित निर्देशिका तथा कार्यविधि अनुसार द्वन्द्व पीडितहरूलाई देहाय बमोजिमका राहत तथा आर्थिक सहयोग सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत उपलब्ध गराईदै आइएको छ ।

## लगत संकलनको लागि कार्यदल गठन

विगत सशस्त्र द्वन्द्वको समयमा भएको मानवीय र भौतिक सम्पत्ति क्षति सम्बन्धी अद्यावधिक अभिलेख स्थापना कालमा शान्ति मन्त्रालयसँग थिएन । द्वन्द्वका क्रममा घटेका मुख्य मुख्य घटनाहरूको अभिलेख नेपाल सरकारका सुरक्षा निकायहरूसँग थियो । तात्कालिन विद्रोही पक्षमा भएको क्षतिको आधिकारिक अभिलेख नेपाल सरकारसँग थिएन । द्वन्द्व कालिन समयमा भय र त्रासको कारण द्वन्द्वको क्रममा भएको क्षति सम्बन्धी विवरणहरू दर्ता हुन सकेका थिएनन् । सुरक्षा निकायहरू क्रमशः जिल्ला सदरमुकाममा केन्द्रित हुन थालेको अवस्था थियो । नव गठित मन्त्रालयलाई अभिलेखको अभावमा द्वन्द्व पीडितलाई राहत तथा पुनस्थापनका कार्यक्रमहरू संचालन गर्न कठिनाई उत्पन्न भएकोले सर्वप्रथम द्वन्द्वकालमा घटेका घटनाहरूको लगत तयार गर्नु पर्ने आवश्यकता महशुस भयो ।

यस समस्यालाई समाधान गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६४।०२।११ मा द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन विशेष कार्यक्रम, २०६४ जारी गरी राजनीतिक दलको सहमतिमा शान्ति तथा पुनर्निर्माण मन्त्रालय मातहतमा सर्वप्रथम मिति २०६४।०२।२७ मा द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन प्रथम कार्यदल हुदै हालसम्म पाँचवटा कार्यदलहरू गठन भएका छन् ।

**कार्यदलहरूको गठन**

नेपाल सरकारबाट २०६४ सालदेखि हालसम्म सशस्त्र द्वन्द्वको क्रममा घटेका घटनाहरूको विवरण संकलन गर्न हालसम्म पाँचवटा कार्यदलहरू गठन भएका छन् । कार्यदलका पदाधिकारीहरूको नामावली र कार्यकाल निम्नानुसार छ ।

**प्रथम कार्यदल** (२०६४।२।२७ – २०६५।५।२६)

| | | | |
|---|---|---|---|
| १. | श्री श्रीकान्त रेग्मी | - | संयोजक |
| २. | श्री श्रीराम न्यौपाने | - | सदस्य |
| ३. | श्री खेम बहादुर गिरी | - | सदस्य |
| ४. | श्री शान्ति कृष्ण अधिकारी | - | सदस्य |
| ५. | डा.श्री प्रेम श्रेष्ठ | - | सदस्य |
| ६. | श्री हरी फुँयाल | - | सदस्य |
| ७. | श्री दुर्गानिधि शर्मा | - | सदस्य सचिव |

**दोश्रो कार्यदल** (२०६५।७।११ – २०६६।३।११)

| | | | |
|---|---|---|---|
| १. | श्री गोविन्द प्रसाद पाण्डे | - | योजक |
| २. | श्री खेम बहादुर गिरी | - | सदस्य |
| ३. | श्री उपेन्द्र झा | - | सदस्य |
| ४. | श्री नरेन्द्र प्रसाद खनाल | - | सदस्य |
| ५. | श्री यम बहादुर आले | - | सदस्य |
| ६. | श्री दिपक साउद | - | सदस्य |
| ७. | श्री ध्रुव गैडा | - | सदस्य सचिव |

**तेश्रो कार्यदल** (२०६६।५।१०–२०६८।३।११)

| | | | |
|---|---|---|---|
| १. | श्री मोति प्रसाद पौडेल | - | संयोजक |
| २. | श्री उपेन्द्र झा | - | सदस्य |
| ३. | श्री बलराम वि.क. | - | सदस्य |
| ४. | श्री ईश्वरी शर्मा | - | सदस्य |
| ५. | श्री नरेन्द्र प्रकाश खनाल | - | सदस्य |
| ६. | श्री चन्द्र बहादुर शाही | - | सदस्य |
| ७. | श्री रुपलाल राई | - | सदस्य |
| ८. | श्री उपेन्द्र लावती | - | सदस्य |

९. श्री जिवन खड्का - सदस्य
१०. श्री शर्मिला त्रिपाठी - सदस्य
११. श्री नारायण कोइराला - सदस्य
१२. श्री कृष्ण कुश्मा - सदस्य
१३. श्री कृष्ण बुढा - सदस्य
१४. श्री विमला धिताल - सदस्य
१५. श्री ध्रुव गैडा - सदस्य सचिव

**चौथो कार्यदल** (२०६८।७।८–२०७०।३।३२)

१. श्री दिपेन्द्र कुमार पुन मगर - संयोजक
२. श्री मोति प्रसाद पौडेल - सदस्य
३. श्री नारायण प्रसाद कोइराला - सदस्य
४. श्री शर्मिला त्रिपाठी - सदस्य
५. श्री भिम बहादुर बस्नेत - सदस्य
६. श्री रघुनाथ पौडेल - सदस्य
७. श्री नन्द किसोर शाह - सदस्य
८. श्री उर्मिलादेवी महतो - सदस्य
९. श्री ध्रुव गैडा - सदस्य सचिव

**पाँचौ कार्यदल** (२०७१।१०।५–२०७२।०१।०५)

१. श्री नरबहादुर (निरज) पुन, बाग्लुङ्ग, पूर्व सभासद् - संयोजक
२. श्री रामचन्द्र घिमिरे, तनहुँ - सदस्य
३. श्री शिव बहादुर भुजेल, कास्की - सदस्य
४. श्री शर्मिला त्रिपाठी, चितवन - सदस्य
५. श्री मैना कार्की, जाजरकोट - सदस्य
६. श्री लक्ष्मी कुमारी ठाकुर, सुनसरी - सदस्य
७. श्री भोजराज तिमिल्सैना, अछाम - सदस्य
८. उप सचिव श्री सुदेव कुमार पोखरेल - सचिव

**चौथो कार्यदलसम्मको लगत संकलनको स्थिति**

चौथो कार्यदलको अन्त्यसम्ममा विगत सशस्त्र द्वन्द्वबाट प्रभावित व्यक्तिहरूको अप्रशोधित तथ्याङ्क निम्नानुसार रहेको छ।

| सि.नं. | द्वन्द्वपीडितका प्रकार | कुल सङ्ख्या | प्रतिवेदन संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मृतक | १७८८६ | २० | |
| २ | बेपत्ता | १५३० | १० | |
| ३ | विस्थापित | ७९५७१ | ३४ | |
| ४ | व्यक्तिगत सम्पत्ति क्षति | १७४८४ | १२ | |
| ५ | अङ्गभङ्ग अपाङ्ग | ८१९१ | ९ | |
| ६ | अपहरण | ३१४२ | ६ | |
| ७ | आमाबाबु दुवै गुमाएका टुहुरा बालबालिकालाई | ६२० | ६ | |
| ८ | कैद हिरासत | २०९४ | ३ | |
| ९ | उपचार गर्नु पर्ने घाईते | १७३५ | ३ | |

**पाँचौ कार्यदलसम्मको लगत संकलनको अप्रशोधित तथ्यांक**

| सि.नं. | द्वन्द्वपीडितका प्रकार | कुल सङ्ख्या | पाँचौ कार्यदलबाट थप संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | मृतक | १७८८६ | १४४ | १८०३० |
| २ | बेपत्ता | १५३० | ८३ | १६१३ |
| ४ | विस्थापित | ७९५७१ | ६५१ | ८०२२२ |
| ५ | व्यक्तिगत सम्पत्ति क्षति | १७४८४ | ४८५ | १७९६९ |
| ६ | अङ्गभङ्ग अपाङ्ग | ८१९१ | १६२९ | ९८२० |
| ७ | अपहरण | ३१४२ | ७५१ | ३८९३ |
| ८ | कैद हिरासत | २०९४ | ० | २०९४ |
| ९ | आमाबाबु दुवै गुमाएका टुहुरा बालबालिकालाई | ६२० | ६९ | ६८९ |
| १० | उपचार गर्नु पर्ने घाईते | १७३५ | ० | १७३५ |
| जम्मा | | १३२२५३ | ३८१२ | १३६०६५ |

विभिन्न कार्यदलबाट मन्त्रालयमा पेश भएका प्रतिवेदनहरूको विवरण पुनरावलोकन गरी जिल्लागत रुपमा अद्यावधिक गर्ने कार्य सम्पन्न गर्न प्रतिवेदनमा नाम उल्लेख भएका व्यक्तिहरूको घर घरमा गै स्थानीय राजनीतिक दलका प्रतिनिधि र नागरिक समाजका व्यक्तिहरूको रोहवरमा सम्बन्धित व्यक्तिका परिवारलाई भेटी परिक्षण गर्नु पर्ने आवश्यकता देखियो । यसको लागि प्रयाप्त समय, साधन स्रोत र जनशक्तिको व्यवस्था गरी निशि(चत समय तोकी विशेष कार्यक्रम बनाई विवरणहरू प्रशोधन गर्नु पर्ने आवश्यकता छ । अल्पकालीन समयको लागि गठित यस कार्यदलबाट समय,साधन स्रोत र आबश्यक जन(शक्तिको अभावमा जिल्लाहरूबाट प्राप्त विवरणहरू प्रशोधन गर्न सकिएको छैन । विगतका कार्यदलहरू र यस कार्यदलले पेश गरेको सबै प्रकारका प्रतिवेदनका विवरणहरू प्रशोधन पश्चात् राहत तथा आर्थिक सहयोग वितरण व्यबस्था मिलाउन सिफारिश गरिएको छ । प्रशोधन गर्ने कार्य विद्यमान स्थानीय निकायको सिफारिशको आधारमा मात्र गर्दा त्रुटी रहित हुन नसक्ने अवस्था देखिएकोले केन्द्रबाट विशेष टोली गठन गरी पीडित भनिएका सबै व्यक्तिहरूको  घरघरमा गै स्थलगत रुपमा परिक्षण गर्न आवश्यक देखिन्छ भनि पाँचौ कार्यदलले सिफारिस गरेको हुँदा सो कार्यदलको प्रतिवेदन स्वीकृत एवं कार्यान्वयन हुन बाँकी रहेको छ ।

**कार्यसमुह**

द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको विवरण प्रशोधन तथा राहत प्रदान गर्न सुझाव पेश गर्न गठीत कार्यदलको (पाँचौ कार्यदल) म्याद समाप्त भएपछि प्राप्त हुन आएका, जिल्लाबाट पटक पटक निर्णय गदै पठाएका विवरण र आवश्यक कागजात सहित प्राप्त नभएका विवरणहरूलाई प्रशोधन गरि लगत प्रतिवेदन तयार गर्न नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७२।०२।३१ को निणर्य बाट निम्न बमोजिम कार्यसमुह गठन भै पूर्व कार्यदलको मार्गदर्शन बमोजिम नै कार्य गरि लगत प्रतिवेदन तयार भएको ।

१. संयोजक - सह-सचिव श्री लक्ष्मी कुमारी बस्नेत, राहत तथा पुनस्थापन महाशाखा
२. सदस्य - उपसचिव श्री विश्वराज न्यौपाने, राहत तथा पुनस्थापन महाशाखा
३. विज्ञ - श्री मैना कार्की रावल, पूर्व सदस्य, द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको विवरण प्रशोधन तथा राहत प्रदान गर्न सुझाव पेश गर्ने सम्बन्धी कार्यदल ।
४. सदस्य सचिव - शाखा अधिकृत श्री पितानाथ लुइटेल, राहत तथा पुनस्थापन इकाई ।

**कार्य समुहले तयार गरेको लगत प्रतिवेदनमा समावेश भएको तथ्यांङ्क**

| क्र.सं. | किसिम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | मृतक | ६२ | |
| २ | वेपत्ता | ११० | |
| ३ | विस्थापित | १७१० | |
| ४ | व्यक्तिगत सम्पत्ति क्षति | ६२०७ | |
| ५ | अंगभंग अपाङ्ग | १२५९ | |
| ६ | अपहरण | १७७९ | |
| ७ | कैद हिरासत | | |
| ८ | आमाबाबु दुवै गुमाएका टुहुरा बालबालिका | | |
| ९ | उपचार गर्नुपर्ने घाईत | ४९ | |
| **जम्मा** | | ११९७६ | |

**राहत तथा पुन:स्थापना कार्यक्रम अन्तर्गत हालसम्मको कार्य प्रगति**

१. **नियमित राहत प्राप्त गर्ने द्वन्द्वपीडितहरू**

- जनआन्दोलनका शहिद परिवारलाई मासिक भत्ता - २६ जना
- जनआन्दोलनका घाइते (५०% भन्दा माथि) मासिक वृत्ति - २८ जना
- जनआन्दोलनका घाइतेका सन्ततिलाई छात्रवृत्ति - ३८ जना
- सशस्त्र द्वन्द्वमा ५१% भन्दा माथि अङ्गभङ्ग भएकालाई जीवन निर्वाह भत्ता - ७४४ जना
- आमाबाबु दुवै गुमाएका टुहुरा बालबालिकालाई राहत - ६२० जना

२. **शुरु देखि हालसम्म पाएको अन्य राहत**

- सर्वसाधारण मृतकका एकल महिला र बेपत्ता पारिएका व्यक्तिका पत्नीलाई आर्थिक सहायता (२५ हजारका दरले) - ५३०१ जना
- विस्थापित भएकालाई आर्थिक सहायता - २५००० जना
- व्यक्तिगत सम्पत्ति क्षति भएकालाई आर्थिक सहायता - ९२९४ जना
- अङ्गभङ्ग अपाङ्ग भएकाहरूलाई आर्थिक सहायता - ८१९१ जना
- अपहरणमा परेका व्यक्तिलाई राहत (२५ हजारका दरले) - ३१४२ जना

- ऐतिहासिक जनआन्दोलनका घाइतेलाई राहत - ३२१६ जना (गृह समेतको )
- शान्ति सम्झौता पश्चात्का घटनामा परी मृत्यु हुनेका हकदारलाई राहत - ५९ जना
- मानव अधिकार आयोगको सिफारिश बमोजिम राहत - १०८ जना

३. मृतक र बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत

- शुरुको १ लाख प्राप्त गर्ने - १५९४३ जना (बेपत्ता १५३० समेत)
- २०७१।१२।१३ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार रु.१ लाख देखि रु.३ लाख प्राप्त गर्नेलाई थप रु.२ लाख थपि पाँच लाख पुऱ्याउने गरी भए बमोजिम विशेष राहत ५ लाख सम्म प्राप्त गर्ने - १२४६४ जना (मृतक र बेपत्ता)

हालसम्म विभिन्न कार्यदलले पेश गरेको प्रतिवेदन र राहत निकासा वितरणको अवस्था निम्नानुसार छ।

**राहत वितरणको अवस्था शुरुदेखि हालसम्मको अवस्था**

| सि.नं. | द्वन्द्वपीडित र राहतको प्रकार | कुल संख्या | शुरु देखि आ.व. २०७२/०७३ आषाढ सम्मको राहत प्राप्त गर्ने व्यक्तिको संख्या र प्रदान गरिएको निकासा रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|
| | | | संख्या | रकम | |
| १ | मृतकका हकदारलाई राहत (रु.१ लाख) | १७८८६ | १४४१८ | १४४१८०० | |
| २ | सर्वसाधारण मृतकका एकल महिला (रु.२५ हजारका दरले) | ९००० | ४६४९ | ११६२२५ | |
| ३ | बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत (रु.१ लाखका दरले) | १५३० | १५३० | १५३००० | |
| ४ | विस्थापित भएकालाई आर्थिक सहायता | ७९५७१ | २५००० | २४०१४४ | |

| सि.नं. | द्वन्द्वपीडित र राहतको प्रकार | कुल संख्या | शुरु देखि आ.व. २०७२/०७३ आषाढ सम्मको राहत प्राप्त गर्ने व्यक्तिको संख्या र प्रदान गरिएको निकासा रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|
| | | | संख्या | रकम | |
| ५ | व्यक्तिगत सम्पत्ति क्षति भएकालाई आर्थिक सहायता | १७४८४ | ९२९४ | ३४१९५६.६ | |
| ६ | अङ्गभङ्ग अपाङ्ग भएकाहरूलाई आर्थिक सहायता | ८१९१ | ८१९१ | ४८२३८४ | |
| ७ | अपहरणमा परेका व्यक्तिलाई राहत (रु.२५ हजारका दरले) | ३१४२ | ३१४२ | ७८५५० | |
| ८ | जनआन्दोलनका शहिदका परिवारलाई मासिक भत्ता | २६ | २६ | १५६२९.४ | |
| ९ | जनआन्दोलनका घाइते (५०%+) मासिक वृत्ति | ३० | ३० | १५३८७.४ | |
| १० | जनआन्दोलनका घाइतेहरूका सन्तानलाई छात्रवृत्ति | ४२ | ३८ | ४१२६ | |
| ११ | ऐतिहासिक जनआन्दोलनका घाइतेलाई राहत | ३९८४ | ३२१६ | ४०६४७ | गृह समेतको |
| १२ | ५१% भन्दा माथि अङ्गभङ्ग भएकालाई जीवन निर्वाह भत्ता | ७४४ | ७४४ | ६२५४४.८ | |
| १३ | आमाबाबु दुवै गुमाएका टुहुरा बालबालिकालाई राहत | ६२० | ६२० | १५६२५० | |

| सि.नं. | द्वन्द्वपीडित र राहतको प्रकार | कुल संख्या | शुरु देखि आ.व. २०७२/०७३ आषाढ सम्मको राहत प्राप्त गर्ने व्यक्तिको संख्या र प्रदान गरिएको निकासा रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|
| | | | संख्या | रकम | |
| १४ | शान्ति सम्झौता पश्चात्‌का घटनामा परी मृत्यु हुनेका हकदारलाई राहत | ११० | ५९ | ८८५० | |
| १५ | **विशेष राहत तर्फ** | | ० | ० | |
| क) | मृतकका हकदारलाई आर्थिक सहायता रु.२ लाख थप (भ्एक्ए परियोजना समेत गरी) | ११५०० | १०८९० | २१४३७९३ | |
| ख) | बेपत्ता पारिएका व्यक्तिका हकदारलाई आर्थिक सहायता रु.२ लाख थप | १५३० | १५३० | ३०६००० | |
| ग) | बेपत्ता पारिएका व्यक्तिका पत्नीलाई थप आर्थिक सहायता रु.२५ हजारका दरले (एकमुष्ठ) | १००० | ६५२ | १६३०० | |
| घ) | ३ लाख प्राप्त मृतकका हकदारलाई थप रु.२ लाख आर्थिक सहायता दिई रु.५ लाख पुऱ्याइएको | ११५०० | ११३०२ | २२६०४०० | |

| सि.नं. | द्वन्द्वपीडित र राहतको प्रकार | कुल संख्या | शुरु देखि आ.व. २०७२/०७३ आषाढ सम्मको राहत प्राप्त गर्ने व्यक्तिको संख्या र प्रदान गरिएको निकासा रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|
| | | | संख्या | रकम | |
| ङ) | ३ लाख प्राप्त बेपत्ताका हकदारलाई थप रु.२ लाख आर्थिक सहायता दिई रु.५ लाख पुऱ्याइएको | १२०० | ११६२ | २३२४०० | |
| १६ | राष्ट्रिय मानव अधिकार आयोगको सिफारिश बमोजिम राहत | | १०८ | १५३१५ | |
| १७ | रोजगार वा स्वरोजगार तालिम | | १४७१८ | ६२८१७२ | |
| | **जम्मा** | १६९९० | १११३१९ | ८९७१२५१.६ | |

हालसम्म सशस्त्र द्वन्द्वका क्रममा मृत्युवरण गरेका र बेपत्ता पारिएका सर्वसाधारण व्यक्तिका नजिकका हकदारलाई पटक पटक गरी रु.५ लाखसम्म आर्थिक सहयोग उपलब्ध गराइएको छ । यस आर्थिक वर्षको अन्त्यसम्म थप दुईलाख आर्थिक सहयोग प्राप्त गर्न बाँकी हकदारलाई रकम उपलब्ध गराउन भुक्तानी बाँकीको विवरण संकलन गर्ने काम भैरहेको छ।

## २.४. स्थानीय शान्ति समिति

शान्ति प्रवर्द्धन, शान्ति निर्माण र द्वन्द्व रुपान्तरणका प्रक्रियालाई सहजीकरण गरी विस्तृत शान्ति सम्झौता लगायतका सहमति र समझदारीहरूलाई सबल कार्यान्वयनमा सघाउ पुऱ्याउन, मन्त्रालयका राहत र पुनर्निर्माण कार्यक्रमको कार्यान्वयनको अनुगमन गर्नका साथै मेलमिलाप, पिडासमन र पारस्पारिक विश्वास अभिवृद्धिमा जोड दिने अभिप्रायले स्थानीय शान्ति समितिहरू (जिल्ला, नगरपालिका र गा.वि.स.) स्तरमा गठन गरिएका छन् । नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट २०६५ माघ २३ गते स्थानीय शान्ति समिति सम्बन्धी कार्यक्षेत्रगत शर्त (Terms of Reference) स्वीकृत भै सो समितिहरू स्थानीयस्तरमा क्रियाशील रहिआएका छन् । जिल्लास्तरको स्थानीय शान्ति समितिमा बढीमा २३ जना सदस्य रहने र सो मध्ये राजनीतिक दलहरूबाट बढीमा १२, गैरसरकारी संस्था, नागरिक समाज र मानव अधिकारकर्मीहरू मध्येबाट ४, द्वन्द्व प्रभावित पक्षबाट ४, स्थानीय उद्योग वाणिज्य संघबाट १ र यसरी प्रतिनिधित्व गराउँदा छुट हुन गएका आदिवासी, जनजाति, मधेशी, दलित, मुस्लिम लगायत समूहबाट २ जना रहने गरी अत्यन्त समावेशी चरित्रको समितिको संरचना रहने व्यवस्था छ। यसै गरी गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिमा आपसी सहमतिका आधारमा प्रमुख राजनीतिक दल, गाउँका प्रमुख व्यक्तित्वको साथै महिला, जनजाति, अल्पसंख्यक, दलित जस्ता समुदायको प्रतिनिधि समेतको सहभागिता हुन सक्ने गरी बढीमा ९ जनासम्म सदस्यहरू रहने व्यवस्था छ। शान्ति प्रवर्द्धनका क्षेत्रमा देशभर करीव २९००० व्यक्तिहरूले स्वयंसेवीका रुपमा यस संरचना मार्फत योगदान पुऱ्याएका छन।

स्थानीय तहमा शान्ति कायम गर्न आ.व. २०७२/७३ को अन्त्यसम्ममा ७५ जिल्ला स्तरीय, १८१ नगर स्तरीय र २८१० भन्दा बढी गाउँ विकास समिति स्तरीय शान्ति समिति गठन भई क्रियाशील रहेका छन् । यी समितिले जिल्ला तहमा ५ लाख, नगर तहमा ३६ हजार र गाविस तहमा २२ हजार रुपैयाँ वार्षिक सञ्चालन खर्च पाउँछन् । शान्ति समितिको मुख्य काम स्थानीय तहमा शान्ति प्रवर्द्धन र द्वन्द्व न्यूनीकरण हो । यी समितिले द्वन्द्वरत पक्षहरूबीच संवाद र सहमतिका लागि सहजीकरण र राहत वितरण तथा पुनर्निर्माणका काममा समन्वय गर्छन् ।

**स्थानीय शान्ति समितिको काम र कर्तव्यः**

* शान्ति प्रवर्द्धन, शान्ति निर्माण तथा द्वन्द्व रुपान्तरणमा सहजीकरण गर्ने ।
* विस्तृत शान्ति सम्झौताको सफल कार्यान्वयनमा सघाउ पुऱ्याउने ।

* प्रतिकूल परिस्थितिमा पनि रचनात्मक एवं नविन ढंगले द्वन्द्व रुपान्तरणका प्रक्रियाहरूलाई अगाडि वढाउने ।
* मेलमिलाप, पीडासमन (healing) र पारस्परिक विश्वास अभिबृद्धिमा जोड दिने
* स्थानीय तहका राजनितिक र सामाजिक विकासक्रमको पर्यवेक्षण गर्ने ।
* राजनितिक गतिरोध वा सम्भावित हिंसाको स्थितिलाई सामान्यीकरण गर्ने ।
* शान्ति र शान्ति प्रक्रियालाई प्रभावित पार्ने विषय बारे सुचना प्रवाह गर्ने ।
* मन्त्रालयका राहत तथा पुनर्निर्माण सम्वन्धी कार्यक्रमहरूको अनुगमन गर्ने ।
* द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन गर्ने कार्यमा सहयोग गर्ने ।
* मन्त्रालयवाट उपलव्ध गराउने रकमवाट संचालन गरिने कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्ने ।

**स्थानीय शान्ति समितिको पहल[1]**

स्थानीय शान्ति समिति, काभ्रेले द्वन्द्वका क्रममा र सो पश्चात भएका वैमन्स्यता र असमझदारीलाई कम गर्न विभिन्न प्रयासहरू गरेको छ। समितिले मानव वेचविखनका मुद्दामा पीडितलाई सहयोग, महिलामाथिका दुर्व्यवहार सम्वन्धी विषयमा मध्यस्थता, साथै सडक दुर्घटनामा मृतकका आफन्तका तर्फबाट हुने सडक अवरोध हटाउन वार्ता मार्फत समस्या सुल्झाउने लगायतका द्वन्द व्यवस्थापनका काम गरेको छ। यसैगरी यस समितिले द्वन्द्वपीडितका लागि संचालित रोजगार/स्वरोजगार सेवा कार्यक्रम *(EPSP)* मा संकेत नम्वरका विषयमा भएको विवाद, तालिम संचालनको शिलशिलामा सेवा प्रदायक संस्था, सहभागी र प्रशिक्षकबीचका विविध विवाद समाधान गरेको थियो। यस अतिरिक्त द्वन्द्वपीडितले प्राप्त गर्नुपर्ने राहतका विषयमा उत्पन्न विवाद समाधानमा सहजीकरण गर्ने गरेको छ। समितिले काभ्रे जिल्लालाई ताम्सालिङ्ग राज्यमा राख्नुपर्ने मागका साथ भएको आन्दोलनलाई शान्तिपूर्ण बनाई सदभाव कायम गर्न मिति २०७० भाद्र महिनामा सर्वपक्षीय भेला बोलाई आन्दोलनरत पक्षसँग वार्ता मार्फत सहज वातावरण बनाउन मध्यस्थकर्ताको भूमिका खेलेको थियो। मेलमिलापको सिद्धान्तको अनुसरणलाई जोड दिदै समितिले स्थानीय द्वन्द्व समाधानमा सरोकारवाला संस्थाका श्रोत व्यक्तिको समेत उपयोग गर्ने गरेको छ । स्थानीय शान्ति समिति काभ्रेपलाञ्चोकले शान्ति प्रवर्द्धनका क्षेत्रमा उल्लेखनीय काम गरे बापत मन्त्रालयबाट २०७२ सालमा प्रोत्साहन स्वरुप थप रु. २ लाख  र सम्मानपत्र पाएको थियो ।

1 स्थानीय शान्ति समिति सम्बन्धी जानकारीमूलक पुस्तक २०७१, पृष्ठ ७१, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, शान्ति संयन्त्र समन्वय महाशाखा ।

स्थानीय शान्ति समितिलाई शान्ति प्रवर्द्धन तथा शान्ति निर्माण र द्वन्द्व रूपान्तरणका प्रक्रियालाई सहजीकरण गरी विस्तृत शान्ति सम्झौताको कार्यान्वयनमा सघाउ पुऱ्याउने मूल दायित्व दिइएको छ ।[1] यसका साथै राहत तथा पुनर्निर्माण कार्यक्रम कार्यान्वयनको अनुगमन, द्वन्द्व प्रभावित व्यक्ति, परिवार र संरचनाको लगत संकलन, राजनीतिक तथा सामाजिक द्वन्द्वका कारण उत्पन्न प्रतिकूल परिस्थितिमा रचनात्मक ढंगमा द्वन्द्व रूपान्तरणको जिम्मेवारी दिइएको छ ।

स्थानीय शान्ति समितिहरूले मूलतः सहमिलन, शान्ति पदयात्रा, अभिमुखीकरण, अन्तरक्रिया, सीपमूलक तालीम तथा शान्ति प्रक्रियाबारे प्रकाशन एवम् प्रसारणका काम गरेका छन् । यसबाहेक स्थानीय विवादको मध्यस्थता मात्र होइन, केही ठाउँमा सशस्त्र समूहसँगको वार्तामा मध्यस्थता पनि गरेका छन् । शान्ति समिति पर्साले तराई जनतान्त्रिक मुक्ति मोर्चा (पृथ्वी समूह) र सरकारबीच वार्ता गराउन २०६८ माघ २ गते मध्यस्थको भूमिका निर्वाह गरेको थियो ।[2]

**स्थानीय शान्ति समिति कार्यक्रमका मूलभूत उपलब्धिहरू:**

- जिल्ला स्तरीय, नगर स्तरीय र गा.वि.स. स्तरीय शान्ति समितिहरूलाई क्र( मशः रु. ५ लाख, ४५ हजार र २२ हजार उपलब्ध गराइने कार्यक्रमलाई आ.व. २०७३/७४ मा पनि निरन्तरता दिईएको छ। नगर र गा.वि.स. स्तरीय शान्ति समितिहरूलाई आ.व. २०६९/७० देखि मात्र उक्त रकम उपलब्ध गराउन थालिएको हो ।
- गत आ.व. २०७१/७२ मा उत्कृष्ट कार्य गर्ने पाँच विकास क्षेत्रका १/१ वटा जिल्लाहरू - ताप्लेजुङ्ग, काभ्रे, रुपन्देही, दाङ्ग र डडेल्धुरा ) लाई प्रोत्सहान स्वरुप रु २/२ लाखको थप कार्यक्रम सहित पुरस्कृत गरिएको। यस प्रकारको मूल्याङ्कन र प्रोत्साहन कार्यक्रम हरेक वर्ष गर्ने गरिएको छ।
- स्थानीय शान्ति समितिका सचिवहरू तथा समितिका पदाधिकारीहरूलाई मन्त्रालयको नीति, कार्यक्रम र भावी दिशा तथा शान्ति संवेदनशील विकासको अवधारणा लगायतका विषयमा जानकारी प्रदान गर्ने अभिप्रायले हरेक वर्ष अभिमुखीकरण कार्यक्रमहरू संचालन गर्ने गरिएको छ।
- स्थानीय शान्ति समितिका पदाधिकारीहरूलाई द्वन्द्व व्यवस्थापन, मेलमिलाप

1 स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरू २०६५ को दफा ४ ।

2 स्थानीय शान्ति समिति सम्बन्धी जानकारीमूलक पुस्तक २०७१, पृष्ठ ५१, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, शान्ति संयन्त्र समन्वय महाशाखा ।

र संवाद विषयमा ६ दिने तालीम मार्फत क्षमता विकासका क्षेत्रमा ३०० भन्दा बढी सहभागीहरूलाई प्रशिक्षण प्रदान गरिएको छ ।

- स्थानीय शान्ति समिति मार्फत शान्ति प्रवर्द्धनका क्रियाकलाप संचालन गर्न, कार्यालय संचालन तथा क्षमता विकासका लागि चालु आ.व. ०७३/७४ मा रुं १८ करोड ५७ लाख ९६ हजार विनियोजन गरिएको छ ।
- स्थानीय तहमा शान्ति प्रवर्द्धन तथा द्वन्द्व न्यूनिकरणको लागि द्वन्द्वरत पक्षहरू बीच सम्वाद, मेलमिलाप र सहजीकरण गर्ने, राहत वितरण तथा पुनर्निर्माणको काममा सहयोग, समन्वय र अनुगमन गर्ने, सङ्क्रमणकालीन अवस्थालाई सकारात्मक सामाजिक रुपान्तरण गर्न पारस्परिक विश्वास र मेलमिलापको वातावरण बनाई स्थानीय जनताका माग, गुनासा र विवादहरू राजनीतिक र नागरिक तहबाट सम्बोधन गरी शान्ति निर्माणको काममा जिल्ला, न.पा. र गा.वि.स. तहमा गठित स्थानीय शान्ति समितिहरूबाट काम भैरहेको छ ।
- स्थानीय शान्ति समितिहरूले स्थानीय स्तरमा शान्ति तथा पुननिर्माण मन्त्रालयको सम्पर्क विन्दु (Focal Point) को रुपमा कार्य गर्दै आएका छन ।
- शान्ति संबेद्य बिकास अवधारणालाई मूल प्रबाहिकरण गर्ने उद्देश्यले नेपाल सरकारका सबै मन्त्रालय, संबैधानिक निकाय, आयोग, सचिवालय सुरक्षा निकायहरूमा शान्ति सम्पर्क ब्यक्ति (Peace Focal Person) को ब्यवस्था गरिएको ।
- स्थानीय शान्ति समितिहरूको म्याद २०७४ आषाढ मसान्तसम्म थप गरिएको ।

## २.५. द्वन्द्व पीडितहरूको लागि मनोसामाजिक परामर्श सेवा तथा सहयोग परियोजना

नेपालमा विगतमा भएको सशस्त्र द्वन्द्वका कारण अधिकाशं नेपाली जनता कुनै न कुनै रुपमा प्रभावित भएका थिए । उक्त अवधिमा करिव १७००० नेपाली जनताले मृत्युवरण गर्नु पर्यो भने करिव १५०० नेपाली जनताका छोरा छोरी बेपत्ता पारिए । हजारौको संख्यामा विस्थापित भए, अपहरणमा परे, यौनजन्य हिसांमा परे, धेरैको व्यक्तिगत सम्पत्ति क्षति हुनुका साथै हजारौ शारिरीक रुपमा अशक्त भए । यसरी द्वन्द्वको अवधिमा पीडित भएका व्यक्तिहरू तथा उनीहरूका परिवारका सदस्यहरूको मनोसामाजिक अवस्था कमजोर भएको स्थितिमा उनीहरूको मानसिक स्वास्थ्य प्रवर्धन गरी पुनस्थापन गर्नका लागि उनीहरूमा परेको मनोसामाजिक असरलाई न्यूनीकरण गर्ने उदेश्यले मानसिक रुपमा प्रभावित भएका व्यक्तिलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्न नेपाल सरकारबाट मनोसामाजिक परामर्श सेवा संचालन निर्देशिका जारी भई नेपाल सरकार शान्ति कोषको सचिवालयको आर्थिक सहयोगमा मनोसामाजिक परामर्श सेवा तथा सहयोग परियोजना संचालन भएको छ। परियोजनाबाट हाल झापा, मोरङ, चितवन, मकवानपुर, कास्की, गोरखा, रुकुम, रोल्पा, कैलाली र कंचनपुर गरी दश वटा जिल्लामा सेवा संचालन भई रहेको छ ।

परियोजनाको सेवा प्रवाहको लागि मनोसामाजिक परामर्शको क्षेत्रमा काम गरेको संस्था सार्वजनिक खरिद ऐन र नियमावलीको प्रकृया अनुसार छनौट गर्नु पर्ने व्यवस्था गरिएको छ। यसमा पीडितहरूलाई तीन तहका सेवा प्रदान गरिने व्यवस्था गरिएको छ ।

१) **प्रारम्भीक तहको मनोसामाजिक परामर्श सेवाः यस अन्तर्गत तपसिल अनुसारका सेवा हरू पर्दछन ।**

- सहभागितामूलक सहयोग
- दौतरी सहायता तथा छलफलको आयोजना
- पीडित व्यक्ति तथा तिनिहरूको परिवारलाई मनोसामाजिक अभिमुखीकरण एवं सचेतीकरण कार्यशाला
- परिवारका लागि सहायता
- सामाजिक घुलमिलका लागि सहायता तथा मनोरन्जनात्मक क्रियाकलापहरू
- प्रारम्भीक तहको मनोसामाजिक परामर्श सेवा

२) **मध्यमस्तरीय सेवा**

प्रारम्भीक तहको मनोसामाजिक परामर्श सेवाले नपुग हुने निम्न अवस्थाका पीडितहरूलाई यो सेवा प्रदान गरिने व्यवस्था छ ।

- अतार्किक डर (Phobia)
- दुश्चिन्ता (Anxity)
- अवसाद (Mild Depression)
- आत्महत्याको सोचबाट पीडित व्यक्तिहरू

यसमा तालिम प्राप्त व्यक्तिले सुपरिवेक्षकको निगरानीमा रही सेवा प्रदान गर्ने व्यवस्था छ। यो सेवा प्रदान गरिने व्यक्तिहरूलाई निम्न वमोजिमका सेवाहरू उपलब्ध गराइने व्यवस्था समेत गरिएको छ।

- मनोसामाजिक परामर्श विज्ञद्वारा प्रदान गरिने चक्रमा आधारिकत परामर्श सेवा
- औषधी उपचार सेवा
- फिजियोथेरापी लगायतका व्यायामका सेवा
- पीडासमन सम्वन्धी विभिन्न क्रियाकलापका सेवा

३) **विशेष सेवा**

मध्यम सेवाले समेत नपुग भएका पीडितहरूलाई विशेष सेवा उपलब्ध गराइने व्यवस्था छ। दैनिक कार्यसंचालनमा कठिनाई भएका तपसिल अनुसारको गम्भिर मानसिक स्वास्थ्य समस्याबाट पीडितहरूलाई उनीहरूको आवश्यकता अनुसार यो सेवा प्रदान गरिन्छ।

- Schizophrenia
- Paranoid
- Severe Depression
- Obsession
- Compulsion
- Manic Depressive Disorder
- Sucial Attempt गरको पीडितहरू

यसमा समेत तालिम प्राप्त Counsellor, Clinic supervisor र मनोरोग विशेषज्ञबाट उपचार समेत हुने व्यवस्था गरिएको छ। यो सेवा प्रदान गरिने व्यक्तिहरूलाई निम्न बमोजिमका सेवाहरू उपलब्ध गराइन्छ।

- मनोसामाजिक परामर्श विज्ञद्वारा प्रदान गरिने चक्रमा आधारित मनोसामाजिक परामर्श सेवा
- औषधी उपचार सेवा
- फिजियोथेरापी सेवा
- पीडासमन सम्वन्धी विभिन्न क्रियाकलापका सेवा

- शल्यक्रिया लगायतका चिकित्सा सेवा
- मानसिक उपचार सेवा

परियोजना अवधि भरमा (२०७४ असार सम्म) दश जिल्ला (झापा, मोरङ्ग, चितवन, मकवानपुर, कास्की, गोरखा, रुकुम, रोल्पा, कैलाली र कञ्चनपुर) का करिव १७००० व्यक्तिहरूलाई प्रारम्भीक तहको मनोसामाजिक परामर्श सेवा प्रदान गरिने छ भने करिव १७०० व्यक्तिहरूलाई मध्यम र करिव ३४० व्यक्तिहरूलाई विशेष सेवा प्रदान गरिने छ। जसका लागि सेवा प्रदायक संस्थाको तर्फबाट दश वटा जिल्लामा ३ जना क्लिनिकल सुपरभाइजर, २५ जना मनोसामाजिक परामर्शकर्ता र १५० जना सामुदायिक मनोसामाजिक कार्यकर्ता परिचालन गर्ने व्यवस्था गरिएको छ। सेवा प्रदायक संस्थाले स्थानीयस्तरमा सेवा प्रवाह गर्दा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहने अनुगमन तथा सिफारिस समिति र स्थानीय शान्ति समितिसंग निकट समन्वय गरेर कार्यक्रम संचालन गर्नु पर्ने व्यवस्था समेत गरिएको छ।

## २.६. शान्ति प्रकृया सहयोग आयोजना

द्वन्द्वपीडित ब्यक्ति तथा परिवारलाई पारदर्शी एवं उत्तरदायी रुपमा अन्तरिम राहत तथा पुनस्थापना सेवा उपलब्ध गराई नेपालको शान्ति प्रकृयालाई सहयोग पुऱ्याउने उद्देश्यले बिश्व बैंकको ५० मिलियन अमेरिकी डलर अनुदान सहयोग(शंसोधित ३६.५० मिलियन अमेरिकी डलर) मा १९ सेप्टेम्बर २००८ बाट शुरु भई ३० जुन २०१४ मा सम्पन्न भएको छ। आयोजनाले बिश्व बैंकबाट सोधभर्ना हुने खर्च अन्तरगत कुल रु २ अर्ब ८० करोड खर्च गरी आयोजनाको कूल बित्तीय भारित प्रगति ९८ प्रतिशत हासिल गरेको थियो । यस आयोजनाबाट सम्पादित मुख्य मुख्य कार्यहरू निम्न बमोजिम छन् :-

- सशस्त्र द्वन्द्वका क्रममा मृत्युवरण गरेका मृतकका नजिकका हकदारहरूलाई गत आ.व. २०७०/०७१ सम्ममा रु. १ लाखका दरले १४,३७५ जना, बिशेष राहत अन्तरगत बढिमा थप रु.२ लाखका दरले १८८२ जना र रु. २५ हजारका दरले ४६४० जना सर्बसाधारण मृतकका एकल महिलालाई एकमुष्ट एकपटक आर्थिक सहायता वितरण भएको।
- कार्यदलको प्रतिवेदनमा नाम समावेश भएका आर्थिक सहायता प्राप्त गर्न बाँकी मृतकका नजिकका हकदारहरूको स्थिति पहिचान कार्य (Tracing) २० जिल्लामा सम्पन्न भएको।
- दुई चरणमा रोजगार/स्वरोजगार सेवा अन्तर्गत ५४ जिल्लामा १४७१८ जना द्वन्द्वपीडित तथा निजका परिवारहरूलाई रोजगार/स्वरोजगार सेवा प्रदान गरिएको । सो कार्यक्रम **क**) **परिक्षण चरणमा** : पांचथर, धनकुटा, सिन्धुपाल्चोक, रौतहट, चितवन, नवलपरासी, स्याङ्जा, रोल्पा, जुम्ला, बर्दिया, बाजुरा, कैलाली गरि जम्मा १२ जिल्लाहरू र **ख**) **प्रथम चरणमा थप ४२ जिल्लाहरू** : ताप्लेजुङ्ग, इलाम, झापा, मोरङ्ग, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्ग, उदयपुर, सिराहा, सप्तरी, दोलखा, रामेछाप, सिन्धुली, सर्लाही, धनुषा, महोत्तरी, काभ्रे, मकवानपुर, गोरखा, धादिङ्ग, लम्जुङ्ग, तनहुं, पाल्पा, गुल्मी, अर्घाखांची, कपिलवस्तु, रुपन्देही, रुकुम, प्युठान, दाङ्ग, जाजरकोट, सल्यान, कालिकोट, दैलेख, सुर्खेत, बझाङ्ग, डोटी, अछाम, डडेल्धुरा, बेतडी, दार्चुला, कञ्चनपुर मा सम्पन्न भएको।
- आयोजनाबाट संचालित कार्यक्रमको ११ जिल्लामा दुई चरणमा सामाजिक परीक्षण कार्य सम्पन्न भएको थियो।



- आयोजनाबाट संचालित कार्यक्रमको २४ जिल्लामा दुई चरणमा Third Party Monitoring and Beneficiary Satisfaction Survey कार्य सम्पन्न भएको।
- मनोसामाजिक परामर्श सेवा संचालन सम्बन्धी निर्देशिका, २०७० स्वीकृत भई उक्त कार्यको लागि अन्तर्राष्ट्रिय आप्रवासन संगठन (IOM) बाट प्राविधिक सहयोगमा Field Implementation Manual, Monitoring and Evaluation Guideline, Outreach Strategy/EOI and RFP Documents तयारी भएको।
- व्यवस्थापन सूचना प्रणाली सुदृढीकरण गर्ने कार्य सम्पन्न भएको।
- मन्त्रालय,आयोजना, जिल्ला प्रशासन कार्यालय, जिल्ला बिकास समितिको कार्यालय, स्थानीय शान्ति समितिको कार्यालय एबं सम्बद्ध सरोकारवाला निकाय एबं उक्त निकायहरूमा कार्यरत कर्मचारीको क्षमता अभिबृद्धि सम्बन्धि बिभिन्न तालिम, गोष्ठी, अन्तरक्रिया, अवलोकन भ्रमण आदि लगायतका कार्यक्रमहरू सम्पन्न भएको। हाल यो कार्यक्रम Phase Out भै सकेको छ।

# ३ नेपाल शान्ति कोष

## ३.१. शान्ति कोष सचिवालय

नेपाल सरकारको स्वामित्व र व्यवस्थापनमा वि.सं. २०६३, माघ (सन् २००७, जनवरी) मा नेपाल सरकार र दातृ निकायहरूको संयुक्त पहलमा विस्तृत शान्ति सम्झौता र अन्य शान्तिसम्बन्धी सम्झौताहरूको कार्यान्वयनका लागि प्राबिधिक तथा आर्थिक सहयोग पुऱ्याउने ध्येयले शान्ति कोषको स्थापना भएको हो । मूलतः शान्ति कोष (संचालन) नियमावली, २०६५ र Joint Financing Arrangement (JFA) को आधारमा यो कोष संचालन हुने गरेको छ। कोषको स्वीकृत नयाँ रणनीति (सन् २०१४ देखि २०१७ सम्म) अनुसार कोषको कार्यक्षेत्र चार वटा समूहहरू (Clusters) मा विभाजित गरिएको छः- १) द्वन्द्व प्रभावित व्यक्तिहरूलाई सहयोग २) सङ्क्रमणकालीन न्याय र मेलमिलाप ३) सुरक्षामा पहुँच ४) संविधानसभा, निर्वाचन र राष्ट्रिय तथा स्थानीय स्तरको शान्ति निर्माण कार्यमा सहयोग ।

**कोषको संचालन संयन्त्र**

कोष संचालनका लागि माथिल्लो संयन्त्रको रुपमा **शान्ति कोष संचालक समिति** रहेको छ जसको अध्यक्ष शान्ति तथा पुनर्निर्माण मन्त्री र सह-अध्यक्षमा अर्थ मन्त्री रहने व्यवस्था छ । सदस्यहरूमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, संविधान सभामा सबैभन्दा बढी सदस्यहरूको प्रतिनिधित्व गर्ने पाँच दलका प्रतिनिधि, गृह र अर्थ मन्त्रालयका सचिव रहेका छन् भने शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिव समितिको सदस्य-सचिव रहेको छ। यस समितिमा दातृ निकायका प्रतिनिधि एवं अन्य विशेषज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने व्यवस्था छ।

संचालक समितिलाई प्राविधिक रुपमा सहयोग गर्न शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिवको अध्यक्षतामा प्राविधिक समिति रहेको छ भने परियोजनाहरूको अवधारणा तय गर्नका लागि मूल कार्य समूह (Core Cluster) रहेको छ । त्यसै गरी परियोजनाहरूको विस्तृत विवरण अध्ययन गरी स्वीकृतिका लागि प्राविधिक समितिसमक्ष सिफरिश गर्न क्षेत्रगत कार्य समूह (Sectoral Cluster) को व्यवस्था गरिएको छ भने दैनिक कार्य सम्पादन गर्न शान्ति कोष सचिवालय रहेको छ। यसको साथै सरकार र दातृ समुदायबीचको सम्वाद र सहकार्यको लागि संयुक्त बैठक (GoN-DG Meeting) बस्ने गरिएकोछ।

**मुख्य उद्देश्य**

यस कोषको मुख्य उद्देश्य "दिगो शान्तिका लागि विस्तृत शान्ति सम्झौता लगायत अन्य शान्ति सम्झौताहरूको प्रभावकारी कार्यान्वयनमा प्राविधिक र आर्थिक सहयोग पुऱ्याउनु" रहेको छ।

**लाभान्वित समूह**

यस कोषको लाभान्वित वर्ग भनेको दश वर्षे द्वन्द्वकालमा प्रत्यक्ष र अप्रत्यक्षरुपले प्रभावित भएका आम नेपाली जनता हुन्।

**हालसम्मका प्रमुख उपलब्धिहरू**

शान्ति कोषबाट शान्ति प्रक्रियालाई सहयोग गर्ने क्रममा विभिन्न उपलब्धिहरू हासिल भएका छन्। माओवादी लडाकूको समायोजन, संविधान सभाको निर्वाचनहरू, द्वन्द्वको क्रममा क्षति भएका प्रहरी चौकीहरूको पुनर्निर्माण, संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव १३२५ र १८२० सम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन जस्ता क्षेत्रमा भएका उपलब्धिहरू उल्लेखनीय छन् जसको छोटकरी विवरण तल उल्लेख गरीएको छ।

(क) **माओवादी लडाकूको समायोजन**

शिविर व्यवस्थापन तथा माओवादी लडाकूको समायोजन क्लस्टर अन्तर्गत २२ वटा आयोजना संचालन गरिएकोमा २१ वटा सम्पन्न भएको छ भने बाँकी १ वटा आयोजनाको हकमा आर्थिक वर्ष २०७२/७३ भित्र सम्पन्न गरिसक्ने गरी म्याद थप गरिएको छ। माओवादी सेनाका लडाकूको समायोजन कार्य सम्पन्न भई सबै २८ वटा शिविरहरू बन्द भएका छन्। कूल १९,६०२ लडाकूहरूमध्ये प्रमाणिकरण पश्चात कायम रहेका १७,०५२ मध्ये १,४६० जना नेपाली सेनामा समायोजन भएका, ६ जना पुनस्थापन र १५,५८५ जनाले स्वेच्छिक अवकाश लिएका छन्।

(ख) **संविधान सभाको निर्वाचनहरू**

निर्वाचन आयोगबाट सफलताकासाथ सम्पन्न दोस्रो संविधानसभाको निर्वाचनका लागि कोषबाट Next Constituent Assembly Election (NCAE) 2013, Operating Next Constituent Assembly Election (ONACE) 2013 र Support to Election Project (STEP) गरी तीनवटा आयोजना स्वीकृत गरिएको थियो जसमा करिब रु ४,५५२,६१०,१६४.०६ खर्च भएको छ। यस अघिको संविधान सभा निर्वाचन र फोटो सहितको मतदाता नामावली संकलनको लागि पनि कोषले आर्थिक र प्राविधिक सहयोग गरेको थियो।

(ग) **द्वन्द्वको क्रममा क्षति भएका प्रहरी चौकीहरूको पुनर्निर्माण**

नेपाल प्रहरीले कार्यान्वयन गरिरहेको प्रहरी इकाइ पुनर्निर्माण आयोजना अन्तर्गत पहिलो

चरणको प्रहरी इकाइको पुनर्निर्माणमा १०० वटा प्रहरी इकाइहरूको पुनर्निर्माण गर्ने लक्ष्य रहेकोमा लक्ष्य अनुसार नै प्रगति भएको छ। दोस्रो चरणमा ९३ वटा इकाइहरू पुनर्निर्माण गर्ने लक्ष्य रहेकोमा ९२ वटा निर्माण सम्पन्न भइसकेको छ। तेस्रो चरणमा ९० बटा इकाइहरू निर्माण गर्ने क्रममा रहेको र ८२ वटा निर्माण सम्पन्न भइसकेका छन् । हालै स्वीकृत प्रभावकारी सेवा प्रवाह र प्रहरीको क्षमता अभिबृद्धिका लागि प्रहरी इकाई पुनर्निर्माण आयोजना को पहिलो चरणमा २३ जिल्लाहरूमा जम्मा ४४ वटा प्रहरी भवनहरू निर्माण गर्ने लक्ष्य रहेको छ । आयोजनाको सबभन्दा पछिल्लो म्याद आ. व. २०७२।७३ को असार मसान्तसम्म रहेकोमा उक्त अवधिभित्र निर्माण कार्य सम्पन्न हुन नसकेकोले शान्ति कोष प्राविधिक समितिको ४६ औं बैठकले थप छ महिना म्याद थप गरी थप गरिएको अवधिभित्र बाँकी रहेको निर्माण कार्य सम्पन्न गर्न नेपाल प्रहरीलाई निर्देशित गरेको छ।

**(घ) संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव १३२५ र १८२० सम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन**

संयुक्त राष्ट्र संघ सुरक्षा परिषदबाट पारित प्रस्ताव नं.१३२५ र १८२० को कार्यान्वयनको लागि स्वीकृत राष्ट्रिय कार्ययोजना कार्यान्वयनार्थ १० वटा आयोजनाहरू सञ्चालन गरिएकोमा १० वटै आयोजनाहरू सम्पन्न भइसकेका छन् । यी आयोजनाहरू अन्तर्गत अन्तर्क्रिया तथा अभिमुखीकरण, द्वन्द्वपीडित महिला तथा बालिकाका लागि सीपमुलक तालिम, सचेतनामुलक कार्यक्रम, क्षमता विकास कार्यक्रम लगायत राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा सघाउ पुग्ने क्रियाकलापहरू संचालन गरिएका छन्। यसका लागि कूल ८४ करोड ४५ लाख वजेट स्वीकृत गरिएको थियो।

यस कार्ययोजना अन्तर्गत सम्पन्न प्रमुख आयोजनाहरूमा नेपाली सेना तथा नेपाल प्रहरी अन्तर्गत महिला व्यारेक (नेपाली सेना-१ वटा र नेपाल प्रहरी-६ वटा) निर्माण, दिवा शिशु स्याहार केन्द्र (नेपाली सेना-२) तथा २५ वटा प्रहरी इकाइहरूमा महिला शौचालयहरू रहेका छन् । त्यसै गरी द्वन्द्वपीडित तथा लैङ्गिक एवं यौनजन्य हिंसाबाट प्रभावित १६२० जनालाई सीपमूलक तालिम प्रदान गरिएको छ जसमा ६० प्रतिशतले साना व्यवसायहरू सञ्चालन गरेका छन्।

**(ङ) दिगो शान्ति प्रवर्द्धनका लागि रेडियो तथा टी.भी. कार्यक्रम**

दिगो शान्ति प्रवर्द्धनार्थ विगतमा रेडियो नेपालबाट शान्ति बहस, शान्तिको लागि रेडियो, रेडियो ड्रामा, शान्ति संवाद जस्ता कार्यक्रमहरू तथा नेपाल टेलिभिजनबाट टेलिसिरियल शान्ति, स्वागतम शान्ति, शान्ति हाजिरी जवाफ कार्यक्रम, शान्ति संगीतयात्रा जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमहरूका लागि करिब २० करोड बजेट छुट्याइएको थियो भने उक्त निकायहरू अन्तर्गत सञ्चालित आयोजनाको म्याद

समाप्त भइसकेकाले आयोजना सम्पन्न प्रतिवेदन (Project Completion Report) पेश गर्ने चरणमा रहेको छ ।

**कोषद्वारा संचालित आयोजनाको संक्षिप्त विवरण**


**पहिलो र दोस्रो चरण**

शान्ति कोषको पहिलो र दोस्रो चरण अन्तर्गत कुल ६५ आयोजनाहरू सञ्चालन गरिएकोमा ६० वटा आयोजनाहरू सम्पन्न भइसकेको छ । यस अन्तर्गत बाँकी रहेको आयोजनाहरू क्लोजिङ् १५ मार्च २०१६ तदनुसार चैत्र २, २०७२ मा हुने तोकिएको थियो । यद्यपि नेपाल सरकारको बजेट संलग्न रहने आयोजनाहरूको हकमा भने आ. व. २०७२।७३ को अन्तसम्ममा सम्पन्न गर्ने गरी म्याद तोकिएको थियो । उक्त चरणहरूमा विभिन्न चारवटा क्लष्टर अन्तर्गत सञ्चालित आयोजनाहरूको लागि करीब रु. २३ अर्ब ४५ करोड रकम विनियोजन गरिएको थियो ।

| क्र.सं. | विषयगत क्षेत्र (क्लस्टर) | कूल आयोजना | सम्पन्न भएका आयोजनाको संख्या | स्वीकृत बजेट (दश लाखमा) |
|---|---|---|---|---|
| १ | शिविर व्यवस्थापन तथा माओवादी लडाकूको समायोजन | २२ | २२ | ५५३९.८७ |
| २ | द्वन्द्व प्रभावित व्यक्ति तथा समुदाय | ५ | ५ | १०६४.८३ |
| ३ | सुरक्षा तथा संक्रमणकालिन न्याय | १६ | १३ | ४६८६.१७ |
| ४ | संविधान सभा निर्वाचन तथा राष्ट्रिय तथा स्थानीय स्तरका शान्ति निर्माण पहल | २३ | २३ | १२१६३.५० |
| | जम्मा | ६६ | ६३ | २३४५४.३७ |

**तेस्रो चरण**

शान्ति कोषको नयाँ स्वीकृत रणनीति अनुसार तेस्रो चरण (सन् २०१४ देखि २०१७ सम्म) का लागि देहायका विभिन्न ४ वटा क्षेत्रहरू (Clusters) लाई लक्षित आयोजनाहरू सञ्चालन गर्न बाटो खुला गरिदिएको छ ।




तेस्रो चरण अन्तर्गत स्वीकृत र सञ्चालनरत आयोजनाहरू देहाय बमोजिम छन्ः-

| क्र.सं. | आयोजनाहरू | कार्यान्वयन निकाय | कुल बजेट | अवस्था |
|---|---|---|---|---|
| १ | द्वन्द्व प्रभावित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | १८ करोड ९८ लाख | सञ्चालनरत |
| २ | सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाहरूको पुनस्थापना तथा पुनःएकीकरण परियोजना | केन्द्रीय बाल कल्याण समिति | ९ करोड ९९ लाख ५५ हजार ५ सय | सञ्चालनरत |
| ३ | बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको पुनस्थापना केन्द्र सञ्चालन गर्ने | बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ७ करोड १६ लाख ७८ हजार एक सय चौसठी | सञ्चालनरत |

| | | | | |
|---|---|---|---|---|
| ४ | द्वन्द्वपीडितहरूको लागि म.प. तथा सू.प. क्षेत्रमा हाडजोर्नी उपचार तथा पुनस्थापन सेवा | भेरी अञ्चल अस्पताल र दाङ उपक्षेत्रीय अस्पताल | ९ करोड ६५ लाख १८ हजार | सम्झौता सम्पन्न |
| ५ | द्वन्द्व प्रभावित व्यक्तिहरूलाई व्यावसायिक तालिम तथा उद्यमशीलता विकास मार्फत सहयोग | उद्योग मन्त्रालय | ४३ करोड ५० लाख | सम्झौता सम्पन्न |
| | **जम्मा बजेट** | | ८९ करोड २९ लाख ५१ हजार ६ सय चौसठी | |
| **दोस्रो क्लष्टर : संक्रमणकालीन न्याय र मेलमिलाप** | | | | |
| **क्र.सं.** | **आयोजनाहरू** | **कार्यान्वयन निकाय** | **कुल बजेट** | **अवस्था** |
| १ | न्यायका लागि पहुँच कार्यक्रम | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ५ करोड २० लाख २० हजार | सञ्चालनरत |
| २ | प्राज्ञिक गतिविधिहरूमार्फत विगतका द्वन्द्वबाट सिकेको पाठहरू र शान्ति प्रक्रियालाई संस्थागत गर्ने र कानूनी तथा मानवअधिकारसँग सम्बन्धित पक्षहरूमा दस्तावेज तयारी र शिक्षण | त्रिभुवन विश्वविद्यालय, कानून संकाय | ३ करोड ७६ लाख ५१ हजार ७ सय | प्राविधिक समितिबाट स्वीकृत भै संझौताको क्रममा रहेको |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा बजेट** | | **८ करोड ९६ लाख ७१ हजार ७ सय** | |

| **तेस्रो क्लष्टर : सुरक्षामा पहुँच** |
|---|
| यो क्लष्टर अन्तर्गत कुनै आयोजनाहरू सञ्चालन नभएको । |

| **चौथो क्लष्टर : राजनैतिक आयामः संविधान सभा निर्वाचन तथा राष्ट्रिय तथा स्थानीय स्तरका शान्ति निर्माण पहल** | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **आयोजनाहरू** | **कार्यान्वयन निकाय** | **कुल बजेट** | **अवस्था** |
| १ | स्थानीय शान्ति प्रवर्द्धन गर्न स्थानीय शान्ति समितिहरूको सुदृढीकरण | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | १४ करोड ६६ लाख ६६ हजार पाँच सय | सञ्चालक समितिबाट स्वीकृत भै संझौताको क्रममा रहेको |
| २ | शान्ति संवेदनशील विकासको अवधारणालाई राष्ट्रिय योजना र कार्यक्रम तर्जुमा प्रक्रियामा मूल प्रवाहीकरण गर्ने | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ४ करोड ८१ लाख ५ हजार | प्राविधिक समितिबाट स्वीकृत भै संझौताको क्रममा रहेको |
| ३ | संविधान जारी पश्चात् को शान्ति प्रक्रियामा व्यवस्थापिका संसद सचिवालयलाई सुदृढीकरण गर्ने | व्यवस्थापिका संसद सचिवालय | ७ करोड १९ लाख ७० हजार | प्राविधिक समितिबाट स्वीकृत भै संझौताको क्रममा रहेको |
| ४ | शान्ति कोषलाई संस्थागत तथा संगठनात्मक सहयोग | शान्ति कोष सचिवालय | ३ करोड ५९ लाख ८१ हजार ३ सय साठी | सञ्चालनरत |
| जम्मा बजेट | | | ३० करोड २७ लाख २२ हजार ८ सय साठी | |

**कोषमा योगदान गर्ने दातृ निकायहरू**

विगतमा कोषमा नेपाल सरकार लगायत डेनमार्क, फिनल्याण्ड, नर्वे, स्वीट्जरल्याण्ड, बेलायत, जर्मनी, युरोपेली समुदाय, संयुक्त राज्य अमेरिका गरी आठ वटा दातृ निकायको सहयोग रहेकोमा हाल युरोपेली समुदाय र संयुक्त राज्य अमेरिका (USAID) गरी दुईवटा दातृ निकायहरूको सहयोग रहेको छ।

**कोष व्यवस्थापनका क्षेत्रमा सम्पन्न अन्य कार्यक्रमहरू**

- विगत सात बर्षमा कोषले थुप्रै उपलब्धि हासिल गरेको सन्दर्भमा अब भविष्यमा कोषको कामलाई योजनाबद्ध किसिमले अझ प्रभावकारी बनाउने ध्येयले नेपाल सरकार र दातृ निकायहरूवीच नयाँ संयुक्त वित्तिय व्यवस्थामा (Joint Financial Arrangement) सम्झौता सम्पन्न भएको छ।
- विभिन्न राजनीतिक दल, दातृ निकाय, कार्यान्वयन निकाय लगायत सम्पूर्ण साझेदारहरूका प्रतिनिधिहरूसँग अन्तरक्रिया तथा अभिमत सर्वेक्षण गरिए पश्( चात लामो समयपछि शान्ति कोषको नयाँ रणनीति (२०१४ -२०१७), शान्ति कोष संचालक समितिको १७ औं बैठकबाट स्वीकृत भइ कार्यान्वयनमा आएको छ।
- शान्तिकोष (संचालन) नियमावली, २०६५ को दोश्रो संशोधन शान्तिकोष (संचालन) नियमावली, २०७२ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भई कार्यान्वयनमा रहेको छ।

## ३.२ शिविर व्यवस्थापन तथा माओवादी लडाकु सेना समायोजन

शान्ति प्रक्रियाको पहिलो चरणमा सरकारको ध्यान राजनीतिक सम्झौताका आधारमा हिंसात्मक गतिविधिको अन्त्य गर्नु रह्यो। माओवादीसँगको विस्तृत शान्ति सम्झौता पछि उसका लडाकूलाई शिविरमा राख्ने र हतियार व्यवस्थापन गर्ने काम भयो। २०६३ कात्तिक २२ को सात राजनीतिक दल र नेकपा (माओवादी) बीचको सहमति अनुसार इलाम, सिन्धुली, काभ्रे, पाल्पा, रोल्पा, सुर्खेत र कैलालीमा सातवटा शिविर खडा गरिए। हरेक शिविरका आसपास क्षेत्रमा तीन/तीनवटाका दरले सहायक शिविर खडा गरिएका थिए। माओवादीले शिविरमा राखेका ३२ हजार २५० जना मध्ये अनमिनले १२ हजार ६४८ लाई अयोग्य घोषित गरी १९ हजार ६०२ लडाकूको प्रमाणीकरण गरेको थियो। ती मध्ये लडाकूको अन्तिम व्यवस्थापनका क्रममा शिविरमा १७ हजार ५२ जना मात्र फेला परेका

थिए। यी मध्ये एक जनाको मृत्यु भएको थियो।

उनीहरूलाई तीन किसिमबाट व्यवस्थापन गरियो। सबैभन्दा ठूलो संख्या अर्थात् १५ हजार ५८५ जनाले स्वेच्छिक अवकाश लिए र स्वेच्छिक अवकाश लिनेलाई उसको योग्यताका आधारमा प्रति व्यक्ति रु ५ लाखदेखि ८ लाखसम्म रकम नै दिइयो। सेना समायोजनमा गएका १ हजार ४६० लडाकू मध्ये ७१ जना अधिकृत १ हजार ३८९ अन्य विभिन्न दर्जामा नेपाली सेनामा समायोजन गरिए। बाँकी छ जना मात्र पुनःस्थापना प्रक्रियामा शामेल भए। पुनःस्थापनामा जानेहरूलाई विभिन्न खालका सीपमूलक तालीम र शिक्षा दिइयो। यस प्रक्रियामा २०६९ माघ १ गतेबाट शिविर व्यवस्थापन कार्यालयहरू खारेज भए।

माओवादी लडाकूको व्यवस्थापनका लागि देशभर २८ वटा शिविर/सहायक शिविर खडा गरिएका थिए। भर्खरै उल्लेख गरिएझैं, ती शिविरमा शुरूमा १९ हजार ६०२ लडाकू रहेकोमा अन्तिम प्रमाणीकरणपछि उक्त संख्या १७ हजार ५२ कायम गरियो। तीमध्ये १ हजार ४६० जनालाई नेपाली सेनामा समायोजन गरियो। एक जनाको मृत्यु भयो भने १५ हजार ५८५ जनाले स्वेच्छिक अवकाश लिए। छ जनालाई समुदायमा पुनर्स्थापित गरियो। लडाकू समायोजन तथा पुनर्स्थापनाको लगभग छ वर्षको अवधिमा उनीहरूको भरणपोषण, मासिक भत्ता, पूर्वाधार निर्माण लगायतमा भएको खर्च ९ अर्ब ७९ करोड ६८ लाख ८० हजार रुपैयाँ रहेको छ। (तालिका नं. १ हेर्नुहोस्।)

अवकाशसँग जोडिएको विशेष समिति सचिवालय समेतको खर्च ८ अर्ब २५ करोड ८४ लाख १३ हजार रुपैयाँ छ। (तालिका नं. ३ हेर्नुहोस्।) शिविर सञ्चालनका क्रममा सडक, खानेपानी, भौतिक संरचना निर्माण, स्वास्थ्य र बिजुलीमा १ अर्ब ५४ करोड ४८ लाख १५ हजार खर्च भएको छ। (तालिका नं. २ हेर्नुहोस्।) यो बृहत् शान्ति सम्झौतापछि अर्थात् २०६३ मंसीरदेखि माओवादी लडाकूलाई नेपाली सेनामा समायोजन गर्दा २०७० चैत २० गतेसम्म भएको खर्च हो। यसरी माओवादी लडाकूहरूको भरणपोषण, भत्ता तथा अवकाशसम्म आइपुग्दा कुल १९ अर्ब ७१ करोड ५२ लाख ६८ हजार रुपैयाँ खर्च भएको छ।

**तालिका नं. १: लडाकू समायोजन तथा पुनर्स्थापना**

| क्र. सं. | विवरण | रकम |
|---|---|---|
| १ | भरणपोषण खर्च | २,७६,५६,१४,९६२.०० |
| २ | मासिक भत्ता खर्च | ५,८८,८६,७३,७४७.०० |

| | | |
|---|---|---|
| ३ | पूर्वाधार निर्माण खर्च | २७,१०,०३,०१७.०० |
| ४ | प्रशासनिक खर्च | १३,६८,१०,८०४.०० |
| ५ | माओवादी लडाकु सम्बन्धी खर्च | ४६,१०,६७,२००.०० |
| ६ | अन्य खर्च | २७,३७,१०,५६८.०० |
| | **कुल खर्च** | **९,७९,६८, ८०,२९८.००** |

**तालिका नं. २: शान्ति कोष खर्च (भरणपोषण बाहेक)**

| **क्र.सं.** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | सडक | ७४,३१,५४,०००.०० | सडक विभागबाट |
| २ | खानेपानी | ३,४१,४६,०००.०० | खानेपानी विभागबाट |
| ३ | भौतिक संरचना निर्माण | ४१,१०,३५,०००.०० | शहरी विकास तथा भवन निर्माण विभागबाट |
| ४ | स्वास्थ्य | ३३,११,५०,०००.०० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट शिविरहरूको बाँकी बक्यौता रकम भुक्तानीका लागि निकासा भएको थप ५३ लाख रुपैयाँ सहित |
| ५ | बिजुली | २,५३,३०,०००.०० | विद्युत प्राधिकरणबाट |
| | **जम्मा** | **१,५४,४८,१५,०००.००** | |

***स्रोतः शान्ति कोष सचिवालय***

**तालिका नं. ३: विशेष समिति सचिवालय र स्वेच्छिक अवकाश**

| **क्र.सं.** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | विशेष समिति सचिवालय | २१,८०,२९,०००.०० | |
| २ | स्वेच्छिक अवकाश | ८,१५,५५,४४,०००.०० | |
| | **जम्मा** | **८,३७,३५,७३,०००.००** | |

# ४ सत्य निरूपण तथा मेलमिलाप आयोग

## पृष्ठभूमि

१. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१, २०७१।१।२८ मा जारी भए पछि सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन २०७१।१०।२७ मा देहाय बमजिम भएको थियो ।

अध्यक्ष श्री सूर्य किरण गुरूङ्ग
सदस्य श्री लिला उदासी
सदस्य श्रीकृष्ण सुवेदी
सदस्य डा. माधवी भट्ट
सदस्य श्री मन्चला झा

अयोगमा श्री नरेन्द्रमान श्रेष्ठ (मिति २०७१।८।२१ देखि २०७३।३।१० सम्म) सेवानिवृत्त हुनुभएकोले हाल श्री मणिराम ओझा मिति २०७३।४।१० देखि कार्यरत हुनुहुन्छ ।

वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३ बमोजिम आयोगको काम कर्तव्य र अधिकार :

- मानव अधिकारको गम्भीर उल्लङ्घन सम्वन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने ।
- पिडित तथा पीडकको यकीन गर्ने ।
- पिडक र पीडित विच मेलमिलाप गराउन पहल गर्ने वा मेलमिलाप गराउने ।
- पीडित वा निजको परिवारका सदस्यलाई उपलव्ध गराउनुपर्ने परिपूरणको सम्वन्धमा सिफारिस गर्ने ।
- मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पीडकलाई कारवाहीको लागि सिफारिस गर्ने ।

- पीडितलाई तोकिए वमोजिमको परिचयपत्र तथा छानविन पछिको जानकारी उपलब्ध गराउने ।
- यस ऐनमा उल्लिखित अन्य काम गर्ने, गराउने ।

## २. आयोगको हाल सम्मका कार्यप्रगतिहरु

- वेपत्ता पारिएका व्यक्तिहरुको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ बमोजिम आयोगको गठन मिति २०७१/१०/२७ मा भई आयोगको नियमावली मिति २०७२/११/३० मा नेपाल सरकारबाट जारी भएको ।
- निम्न दस्तावेजहरु तयार गरी कार्यान्वयनका ल्याइएको
  - ○ बैठक सञ्चालन सम्बन्धी कार्यविधि,
  - ○ आयोगको आचारसंहिता
  - ○ आयोगको संगठनात्मक ढाँचा
  - ○ सम्वाद, परामर्श तथा सञ्चार नीति
  - ○ आयोगलाई पीडित, वालवालिका, बृध्द अपाङ्ग तथा महिलामैत्री बनाउने सम्वन्धी कार्यविधि
  - ○ आयोगको प्रचार सामाग्रीहरु
  - ○ अनुसन्धान कार्य योजना
  - ○ आयोगको अन्तरिम प्रतिवेदन
  - ○ छानविन निर्देशिका
  - ○ उजूरी तामेलीमा राख्ने सम्बन्धी मापदण्ड
  - ○ आयोगको कार्ययोजना
  - ○ कर्मचारी तथा विज्ञ/विशेषज्ञलाई उपलब्ध गराउने भत्ता तथा सुविधा सम्बन्धी निर्देशिका
- आयोगको क्षेत्राधिकारसँग सम्वन्धित बिषयमा हालसम्म द्वन्द्ध प्रभावित ७० जिल्लामा आयोगका पदाधिकारी स्वयं सम्मिलित भई सम्वद्ध सरोकारवालाहरुसँग छलफल अन्तर्क्रिया कार्यक्रमहरु आयोजना गरिएको,

- आयोगको काम कारवाहीका सम्वन्धमा व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधि, मानव अधिकारकर्मी, द्वन्द्व पीडितसँग अन्तर्क्रिया कार्यक्रमहरु आयोजना गरिएको,
- व्यवस्थापिका संसदको सामाजिक न्याय तथा मानव अधिकार समितिको वैठकमा उपस्थित भई आयोगको गतिविधि एवं आवश्यकताका वारेमा जानकारी गराइएको ,
- सरोकारवाला र द्वन्द्व पीडितहरुको सुझाव समेतलाई समेटी आयोगले नेपाल सरकार समक्ष २०७२/१०/२४ मा अन्तरिम प्रतिवेदन पेश गरेको ,
- मिति २०७३/०१/०५ देखि मिति २०७३/०४/२६ सम्म उजूरी संकलन गर्ने म्याद कायम गरिएकोमा हालसम्म ५३७०५ थान उजूरी प्राप्त भई सकेको र ती उजूरीको वर्गिकरण तथा कम्प्यूटर प्रविष्ट गर्ने काम भइरहेको, साथै मिति २०७३/०५/९ सम्म १६४२५ उजूरी कम्प्यूटर प्रविष्ट गरिएको,

## ३. आयोगको भावी कार्य योजना

उजूरीको कम्प्यूटर प्रविष्ट गर्ने, वर्गिकरण गर्ने, तामेलीमा जानसक्ने उजूरीको पहिचान गर्ने, उजूरीको छानविन गर्ने, पीडितको सहमति बमोजिम मेलमिलाप गराउने, परिपूरण, कानूनी कारवाही र क्षमादानको लागि सिफारिस गर्ने तथा सरकार समक्ष अन्तिम प्रतिवेदन पेश गर्ने कार्य २०७३ माघ सम्ममा गरिसक्नु पर्ने कानूनी सीमा रहेको छ । तथापी उजूरीको संख्या, प्रकृति, गांभिर्यता र जटिललाका आधारमा यो समयावधि हेरफेर हुन सक्छ ।

## ४. आयोगको स्वीकृत कार्य योजना

आयोगले तयार गरेको देहाय बमोजिमको कार्ययोजना प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरेको छः

| सि.नं. | यस आ.ब. को माघ २७ सम्ममा गर्नु पर्ने प्राथमिकताको बिषय | कार्यान्वयन गर्नुपर्ने जिम्मेवार निकाय | अपेक्षित उपलब्धी | लाग्ने समय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | आयोगमा दर्ता भएका तथा स्थानीय शान्ति समितिको कार्यालय मार्फत प्राप्त हुन आएका उजूरी दायरी रजिष्टर र विद्युतिय माध्यमवाट अभिलेखिकरण गरी छुट्टा छुट्टै फाइल खडा गर्ने, साथै उजूरीहरुको बर्गिकरण गर्ने । | आयोगको कार्यालय | अनुमानित ५४००० थान उजूरी, रजिष्टर र विद्युतीय माध्यमवाट अभिलेखिकृत भई त्यस्ता उजूरीहरुको बिषयगत बर्गिकरण समेत भएको हुने । | २०७३ भदौ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सामान्य प्रसाशन मन्त्रालय, अर्थ मन्त्रालय समेत | आवश्यक जनशक्ति र बजेट उपलब्ध हुनुपर्ने । |
| २. | अयोग सम्बन्धी ऐन र नियमावली संशोधन गर्ने । | व्यवस्थापिका संसद र नेपाल सरकार | सर्वोच्च अदालतको फैसला, आयोगको सिफारिस बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र सत्यनिरुपण तथा मेलमिलाप आयोग नियमाबली २०७२ मा | यथासंभव छिटो | शान्ति तथा पुनर्निर्माण मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, | आयोगको कामलाई सुचारु गर्न संशोधन जरुरी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | संशोधन भएको हुने । | | मन्त्रिपरिषद समेत | भएको । |
| ३. | उजूरी छानविन तथा अन्य व्यवस्थापनको लागि आवश्यक कार्यविधि तथा मापदण्डहरु तयार गर्ने । | कार्यटोली एवं आयोग | उजूरीको छानविन गर्ने विषयगत कार्यविधि, सार्वजनिक सुनुवाई, मेलमिलाप, परिपूरण सम्बन्धी मापदण्ड तथा कार्यविधि, आयोगको अपहेलनामा कार्वाही गर्ने, अन्य कार्बाही तथा पुरस्कार सम्बन्धी कार्यविधि,क्षमादान, कानूनी कार्बाहीको सिफारिस सम्बन्धी कार्यविधि लगायत तयार भएको हुने । | २०७३ अशोज | मन्त्रिपरिषद, अर्थ मन्त्रालय, | आयोगको आर्थिक निर्देशिका पारित गरी बजेट उपलब्ध हुनु पर्ने |
| ४. | तामेलीमा रहने प्रकृतिका उजूरीहरुको निर्णय र व्यवस्थापन गर्ने । | आयोग | आयोगको कार्यक्षत्र भित्र नपर्ने उजूरीहरु तामेलीमा राख्ने निर्णय भई दर्ता लगत कट्टी भएको हुने र यसको जानकारी सम्बन्धितले प्राप्त गरेको हुने । | २०७३ अशोज | शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सामान्य प्रसाशन मन्त्रालय, अर्थ मन्त्रालय समेत | आवश्यक जनशक्ति र बजेट उपलब्ध हुनुपर्ने |
| ५. | उजूरीमा प्रारम्भिक छानविन गर्नको लागि अनुसन्धान अधिकारीमा रहने विज्ञ एवं कर्मचारीहरुको विवरण | आयोग | उजूरीमा प्रारम्भिक छानविन गर्नको लागि अनुसन्धान अधिकारीमा रहने विज्ञ एवं कर्मचारीहरुको विवरण सहितको सूची तयार भएको हुने । | २०७३ अशोज | ,, | ,, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सहितको सूची तयार गर्ने । अनुशिक्षण तथा अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने । | | अनुसन्धानमा संलग्न रहने विज्ञ तथा कर्मचारीहरुको लागि अनुशिक्षण तथा अभिमूखिकरण कार्यक्रम सञ्चालन भएको हुने । | | | |
| ६. | उजूरी उपर प्रारम्भिक छानविनको कार्य गर्ने गराउने । | अनुसन्धान अधिकारी एवं आयोग | उजूरीहरु उपर प्रारम्भिक छानविनको कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको हुने । | २०७३ कार्तिक | शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सामान्य प्रसाशन मन्त्रालय, अर्थ मन्त्रालय समेत | आवश्यक जनशक्ति र बजेट उपलब्ध हुनुपर्ने |
| ७. | प्रारम्भिक छानविन पश्चात उजूरी उपरको कारबाही गर्ने । | आयोग | छानविन प्रतिवेदनमा औंल्याइएका आधार समेतलाई विचार गरी उजूरीलाई तामेलीमा राखे, मेलमिलाप गर्ने, क्षमादान दिने, परिपूरण गर्ने वा विस्तृत छानविन गर्ने सम्बन्धमा आयोगवाट निर्णय भएको हुने । | प्रतिवेदन प्राप्त भएको ३ दिन भित्र | ,, | ,, |
| ८. | विभिन्न समारोह तथा कार्यक्रम सञ्चालन गर्ने । | आयोग, सचिवालय | देशका विभिन्न स्थानमा सार्वजनिक सुनुवाई, मेलमिलाप समारोह लगायत अन्य आवश्यक कार्यक्रमहरु सञ्चालन भएको हुने । | २०७३ मंशिर | ,, | ,, |
| ९. | उजूरी उपर विस्तृत | आयोग, | विस्तृत छानविन गर्ने अनुसन्धान | २०७३ | शान्ति तथा | आवश्यकता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | छानविन गर्ने गराउने । | सचिवालय | अधिकारी गठन भइ विस्तृत छानविनको कार्य सम्पन्न भएको हुने । | माघ | पुनर्निर्माण मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, मन्त्रिपरिषद, व्यवस्थापिका संसद | अनुसार आयोगको कार्यावधी बढाई बजेटको व्यवस्था हुनुपर्ने । |
| १०. | विस्तृत छानविन पश्चात उजूरी उपरको कारबाही गर्ने । | आयोग | छानविन प्रतिवेदनमा औंल्याइएका आधार समेतलाई विचार गरी उजूरीलाई तामेलीमा राख्ने, मेलमिलाप गर्ने, क्षमादान दिने, परिपूरण गर्ने वा कानूनी कार्वाहीको सिफारिस गर्ने सम्बन्धमा आयोगवाट निर्णय भएको हुने । | छानविन समाप्त भएको ७ दिन भित्र | ,, | ,, |
| ११. | क्षमादानको सिफारिस गर्ने । | आयोग | क्षमादानको सिफारिस गर्न सकिने भनी आयोगवाट निर्णय भएका उजूरीहरुमा घटनाका पीडितको लिखित प्रतिक्रिया लिई क्षमादानको लागि नेपाल सरकार समक्ष सिफारिस भएको हुने । | यथोचित समय | ,, | ,, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२. | मेलमिलाप गराउने कार्य गर्ने । | आयोग | घटनाका पीडितको सहमती बमोजिम दुवै पक्षका विच मेलमिलापको कार्य भएको हुने । | यथोचित समय | ,, | ,, |
| १३. | परिपूरणको लागि सिफारिस गर्ने । | आयोग | मेलमिलाप भएका उजूरीमा मेलमिलापको शर्त बमोजिम वा आयोगवाट परिपूरणको सिफारिस गर्ने गरी निर्णय भएका उजूरीहरुमा समेत वास्तविक क्षतिका आधारमा उपयुक्त परिपूरणका लागि नेपाल सरकार समक्ष सिफारिस भएको हुने । | यथोचित समय | ,, | ,, |
| १४. | कानूनी कार्बाहीको लागि सिफारिस गर्ने । | आयोग | कानूनी कार्बाहीको लागि सिफारिस गर्ने गरी आयोगवाट निर्णय भएका उजूरी सम्बन्धी बिबरण सहितको मिशिल महान्यायाधिवक्ताको कार्यालयमा पठाईएको हुने । | यथोचित समय | ,, | ,, |
| १५ | प्रतिवेदनको तयारी तथा प्रस्तुती | आयोग | आयोगले नेपाल सरकार समक्ष पेश गर्नु पर्ने प्रतिवेदन तयार गरी पेश भएको हुने । | कायोगको कार्यावधी भित्रै । | | |

# ५ बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

(१) **पृष्ठभूमि**

शान्तिकाल वा द्वन्दकाल जे भएपनि यस अवधिमा भएका मानव अधिकार उल्लंघनका घटनामा पीडितले न्याय पाउने अधिकार राख्दछन् । यसैले विगतमा भएका व्यापक मानवअधिकार उल्लंघनको सम्बोधन गर्न तथा उपचार प्रदान गर्न अवलम्बन गरिएका विभिन्न अदालती तथा गैरअदालती उपायहरूको सम्मिश्रणको रुपमा संक्रमणकालीन न्यायलाई लिन सकिन्छ । बास्तबमा संक्रमणकालीन न्यायलाई न्याय र संक्रमण बिचको सम्बन्ध रुपमा पनि लिन सकिन्छ । व्यक्ति बेपत्ता पार्ने कार्य गंभीर मानव अधिकारको उल्लंघन र व्यक्तिको स्वतन्त्रताको हक विरुद्धको एक गम्भीर कसुर हो । व्यक्तिलाई बेपत्ता पार्ने अवैध र व्यक्तिविरुद्धको पीडादायी कार्य हो ।

नेपालमा २०५२ साल फाल्गुण १ देखि २०६३ मार्गसम्म भएको सशस्त्र द्वन्दका क्रममा थुप्रै मानव अधिकारको उल्लंघन भयो । त्यसमध्ये व्यक्ति बलपूर्वक बेपत्ता पार्ने कार्य पनि भए जुन गंभीर मानव अधिकारको उल्लंघन हो । विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ को मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पार्ने कार्यका बारेमा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यबस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने उद्देश्यले मिति २०७१ साल माघ २८ गते अध्यक्षसहित देहाय बमोजिम पाँच सदस्यीय बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको गठन भएको छ ।

१. अध्यक्ष श्री लोकेन्द्र मल्लिक
२. सदस्य श्री विजुल विश्वकर्मा
३. सदस्य श्री विष्णु पाठक
४. सदस्य श्री नर कुमारी गुरुङ
५. सदस्य श्री आइ बहादुर गुरुङ

आयोगमा सचिव श्री महेश शर्मा पौडेल कार्यरत हुनुहुन्छ ।

(२) **बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट हालसम्म सम्पादित कार्य**

यस आयोगको गठन भएपछि आयोगका लागि आवश्यक पर्ने कार्यालय भवन, जनशक्ति

उपलव्ध हुन नसकेको र आयोगको सचिव समेत लामो समयपछि मात्र नियुक्त भएको जस्ता समस्याका बावजुद पनि आयोगले यस अवधिमा आफनो मुख्य कार्य सम्पादन गर्नका लागि आवश्यक पर्ने आन्तरिक तयारीहरू पर्याप्त रुपमा गरेको छ। आयोगका लागि आवश्यक पर्ने भौतिक, कानुनी लगायतका पूर्वाधारहरू विकास गर्ने कार्य आयोगले सम्पादन गरेको छ। हाल आयोगले उजुरी संकलनको कार्य र सो उजुरी उपर प्रारम्भिक जाँचबुझको कार्य आरम्भ गरिसकेको छ। आयोगले सम्पादित गरेका कार्य देहाय बमोजिम छन्।

२.१ **पूर्वाधारहरूको विकास**

**कानुनी र कार्यविधिगत पूर्वाधारको विकास**

आयोगले आयोगको जिम्मेवारी निर्वाहका क्रममा आवश्यक पर्ने देहाय बमोजिमका कानुनी तथा कार्यविधिगत व्यवस्था तथा मस्यौदाहरू तर्जुमा गरेको थियो।

- आयोगले आयोगको बैठक सम्बन्धी कार्यविधि तर्जुमा,
- आयोगका पदाधिकारीहरूको आचारसंहिता तर्जुमा,
- आयोगको कार्य क्षेत्र, प्रकृया र कार्ययोजना तर्जुमा,
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ को मस्यौदा तर्जुमा,
- छानविन निर्देशिका तर्जुमा,
- बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा गर्नु पर्ने संशोधन सम्बन्धी अध्ययन गरी नेपाल सरकार समक्ष प्रस्तुत,
- व्यक्ति बेपत्तापार्ने कार्य (कसूर र सजाय) सम्वन्धमाव्यवस्थागर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गरी नेपाल सरकारसमक्ष प्रस्तुत,
- शब उत्खनन् कार्यविधि र एण्टीमोर्टम फाराम सम्बन्धमा अध्ययन,
- कार्यालय व्यवस्थापनसम्बन्धी कार्यहरू, प्रचार सामग्रीको निर्माण,
- संचार नीति तर्जुमा।

**भौतिक पूर्वाधार विकास**

आयोगको स्थापना हुँदा आयोगका लागि कुनै भौतिक पूर्वाधार, कार्यालय र सवारी साधनहरू तथा अन्य साधन उपलब्ध थिएन। आयोगले अति आवश्यक देहायबमोजिमका भौतिक पूर्वाधार विकास गरेको छ।

- आयोग स्थापना हुँदा र लामो अवधिसम्म कार्यालय सरकारबाट उपलब्ध हुन नसकेको भएपनि हाल करिब ७००० बर्ग फिट क्षेत्रफलमा ललितपुर पुल्चोक,

कर्मचारी संचयकोष भवन भाडामा लिई कार्यकक्ष तथा कार्यकक्षमा आवश्यक न्यूनतम पूर्वाधारहरू तयार पारिएको ।

- आवश्यक फर्निचरहरूको व्यवस्थापन गरिएको ।
- कम्प्युटर लगायतका मेसिनरी सामानहरूको प्रबन्ध गरिएको ।
- पदाधिकारीहरूका लागि सवारी साधनको प्रबन्ध

**प्रशासनिक पूर्वाधार विकास**

आयोग स्थापना हुँदा आयोगमा कुनै कर्मचारीको व्यवस्था थिएन । हाल ७० जना कर्मचारीको दरबन्दि स्वीकृत भै ५० भन्दा बढी कर्मचारी कार्यरत रहेको अवस्था छ । आयोगले देहाय बमोजिमका प्रशासनिक पूर्वाधार विकास गरेको छ ।

- आयोगका लागि आवश्यक जनशक्ति प्रक्षेपण गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण,
- विज्ञको छनौट तथा सुविधा एवं आयोगले गर्ने खर्च सम्बन्धी मापदण्ड, २०७२ तर्जुमा,
- उजूरी आव्हान गर्दा गर्नुपर्ने तयारी तथा सो कार्यमा संलग्न कर्मचारीलाई दिइने तालीमको प्रारुप र आवश्यक बजेटको प्रक्षेपण गर्ने लगायतका आवश्यक अध्ययन,
- ७५ वटै स्थानीय शान्ति समितिका कर्मचारीलाई उजुरी संकलन सम्बन्धी तालिम प्रदान सो तालिममा १५ जना पीडित समेतलाई समावेश गरिएको,
- आयोगमा कार्यरत कर्मचारीहरूका लागि एन्टिमार्टम फाराम संकलन, मानवीय कानुन आदी बिषयमा तालिम दिने लगायतको क्षमता विकास ।

२.२ **सरोकारवालाहरू संगभेटघाट र अन्तरक्रिया**

- जिल्लास्तरमा पीडितहरूसँग भेटघाट,
- पीडित, मानव अधिकारकर्मीहरू लगायत सरोकारवालाहरूसँग आयोगको कार्यालयमा भेटघाट,
- दुई आयोगको संयुक्त बैठक,
- राष्ट्रिय मानव अधिकार आयोगसँग भेटघाट र छलफल गरिएको ।
- विभिन्न राजदुतावासका प्रतिनिधिहरू तथा सरोकारवाला गैर सरकारी संस्थाहरूसँग भेटघाट गरिएको ।
- विशिष्ट व्यक्तिहरूसँगको छलफल र भेटघाट ।

२.३ **आयोगका महत्वपूर्ण कार्यहरूको संचालन**

**बेपत्ता पीडितहरूसँग सान्दर्भिक विभिन्न कार्यक्रमहरू संचालन**

- बेपत्ता पारिएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवसका उपलक्षमा पहिलो पटक नेपालमा सरकारी स्तरमा कार्यक्रम आयोजना,
- करिब ६० जिल्लामा पीडितहरूसँग अन्तरक्रिया कार्यक्रम संचालन ।


**अध्ययन तथा अनुसन्धान**

- बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा विभिन्न निकाय र संस्थाले उल्लेख गरेको नामावलीको  तुलनात्मक अध्ययन,
- सर्वोच्च अदालतबाट भएका फैसला लगायत अन्य सान्दर्भिक दस्तावेजको अध्ययन लगायतका महत्वपूर्ण कार्यहरू गरेको ।

**आयोगको छानबिनको कार्य संचालन**

- २०७३ साल बैशाख २ देखि श्रावण २६ सम्म उजुरी दिन आव्हान गरिएको । यस अवधिमा २८४७ उजुरी संकलन भएको ।
- संकलित उजुरीहरू रजिस्टर तथा कम्प्युटरमा अभिलेखित गरिएको र उजुरीहरू यी दुवै माध्यममा रजिस्टर गर्ने कार्य प्राय  समाप्त भएको ।
- प्राप्त उजुर मध्य प्रारम्भिक जाँचुबुझको कार्य प्राय सम्पन्न भै सकेको ।
- करिब ५०० उजुरी उपर  प्रारम्भिक अनुसन्धानको कार्य थालनी भएको ।

**विकास क्षेत्र र आयोगमा दर्ता भएका उजूरीको विवरण चार्टमा उजूरी दर्ता**




**२.४ आयोगका कार्यको सूचना प्रवाह**

- पत्रकार सम्मेलन,
- आयोगको वेभसाइटको निरन्तर अध्यावधिकता गरेर र सूचनाहरू राखेर,
- प्रेस बिज्ञप्ती,
- प्रवक्ता मार्फत सूचना संप्रषित गरेर,
- टोल फ्रि नं को व्यवस्था मार्फत सम्पर्क गर्ने व्यक्तिलाई सूचना प्रदान गरेर ।

(३) **बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको भावी कार्यक्रम**

आयोगले आफुलाई सुम्पिएको जिम्मेवारी निर्वाह गर्ने क्रममा देहाय बमोजिमका कार्य गर्नेछ। आयोगको काम सशस्त्र द्वन्दका क्रममा बेपत्ता पारिएका व्यक्तिका बारेमा खोजबिन गरी सत्य तथ्य पत्ता लगाउने रहेकाले छानबिन र जाँचबुझको कार्यमा आयोगका भावि कार्यहरू केन्द्रित हुन्छन् । आयोगले पीडित वा निजको तर्फबाट उजुरी लिने, त्यसमा प्रारम्भिक जाचबुझ, प्रारम्भिक अनुसन्धान, बिस्तृत अनुसन्धान गर्ने, पीडितलाई के कस्तो परिपुरण दिने भन्ने नेपाल सरकारलाई सिफारिस गर्ने र त्यसका लागि पीडितको चाहना बुझ्ने, छानबिनबाट दोषि देखिएका व्यक्तिलाई मुद्दा चलाउन महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउने र आफ्ना कामको प्रतिवेदन नेपाल सरकारलाई बुझाउने जस्ता काम  गर्दछ। आयोगले यी सबै कामका लागि समय समेतको कार्ययोजना तर्जुमा गरेको छ। आयोगले अब गर्ने कार्यहरू देहायका बुँदामा प्रस्तुत गरिएको छ।

- कर्मचारीहरूको क्षमता विकास,
- उजूरी निवेदनमा प्रारम्भिक कारबाही,
- प्रारम्भिक अनुसन्धान,
- विस्तृत अनुसन्धान,
- पीडितसँग सहकार्य र पीडित मैत्री वातावरण कायम गर्ने,
- जिल्लाहरूमा पीडितसंग भेटघाट,
- चेतनामूलक कार्यक्रम र प्रचारप्रसार,
- परिपूरणको सिफारिस,
- मुद्दा चलाउन लेखी पठाउने,
- पीडितका परिवारलाई परिचयपत्र वितरण गर्ने,
- प्रतिवेदन प्रस्तुति।
- साक्षी तथा उजूरकर्ताको संरक्षण, छानविनमा विज्ञहरूको प्रयोग,
- छानविनमा वैज्ञानिक साधनको प्रयोग,
- सार्वजनिक सुनुवाई,
- पीडित तथा अन्य सरोकारवालाहरूसंग निरन्तर संवाद, सम्पर्क र समन्वय,

## बेपता पारिएका व्यक्तिको छानबिन आयोगको
## २०७२ चैत्र देखि २०७४ माघ सम्मको कार्ययोजना

| कार्य ↓ महिना → | २०७२चैत्र | २०७३बैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | २०७४ बैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पिडितहरुसँग अन्तरक्रिया | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | |
| अनुसन्धान निर्देशिका आयोगबाट पारित | ■ | | | | | | | | | | | | | | | | | | | | | | |
| उजुरी आव्हान सम्बन्धमा आयोगबाट निर्णय | ■ | | | | | | | | | | | | | | | | | | | | | | |
| उजुरी फाराम छपाई र अन्य तयारी | ■ | | | | | | | | | | | | | | | | | | | | | | |
| केन्द्र र क्षेत्रीयस्तरमा उजुरी संकलन सम्बन्धी तालीम | ■ | | | | | | | | | | | | | | | | | | | | | | |
| उजुरी संकलन | | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | |
| प्रारम्भिक जाँचबुझ | | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | |
| प्रारम्भिक छानबिन | | ■ | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | |
| बिस्तृत छानबिन | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | |
| एन्टीमार्टम विवरण संकलन र अनुसन्धान अधिकृतका लागि तालिम | | ■ | | | | | | | | | | | | | | | | | | | | | |
| एन्टीमार्टम विवरण संकलन | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | | | | | | |
| शव उत्खनन | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | |
| बैज्ञानिक परीक्षण डि एन ए समेत | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | |
| अनुसन्धानबाट प्राप्त तथ्यको विश्लेषण | | | | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | |
| सार्वजनिक सुनुवाई | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | |
| परिचयपत्र वितरण | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | |
| कारबाहीको लागी लेखि पठाउने | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | |
| परिपुरण | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | ■ | |
| प्रतिवेदन लेखन | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | ■ | |
| प्रतिवेदन प्रस्तुती | | | | | | | | | | | | | | | | | | | | | | | ■ |

# ६ मन्त्रालयले सामना गर्नु परेका चुनौतिहरू

* शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नेतृत्वमा गरिएका सहमति/सम्झौताहरूको अधिकांश विषयहरू अन्य निकायसँग सम्वन्धित रहेका र उक्त विषयहरू कार्यान्वयन गराउन कठिनाई रहेको छ।
* पुनर्निर्माण र शान्तिका लागि विकास कार्यक्रममा हरेक वर्ष धैरै योजनाको माग हुने गरेकोले योजनाको संख्या बढीरहेको छ। खासगरी द्वन्द्वका अवधिमा क्षति भएका पुनर्निर्माणका योजनाहरूलाई निर्माण सम्पन्न हुनेगरी बजेट विनियोजन नभएको हुँदा योजना सम्पन्न गर्न र स्रोतको प्रभावकारी व्यवस्थापन गर्न कठिनाई रहेको छ।
* राहत तथा क्षतिपूर्ति, सेना समायोजन, शिविर व्यवस्थापन सम्बन्धी कार्य विभिन्न निकायहरूबाट कार्यान्वयन गरिएकोले विवरणको एकिन तथ्याङ्क प्राप्त गर्न कठिनाई रहेको छ। राहत वितरण देशभरका जिल्ला प्रशासन कार्यालयहरू मार्फत लामो समयदेखि हुने गरेको र सो को अद्यावधिक अभिलेखहरू जिल्ला प्रशासन कार्यालयहरूबाट प्राप्त नहुँदा एकिकृत तथ्याङ्क/विवरण बनाउन कठिनाई भएको छ।
* सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिका नजिकका हकदारहरूलाई बेपत्ता व्यक्तिको नाममा रहेको चल अचल सम्पत्तिको हक हस्तान्तरण गर्न वा नामसारी गर्न कठिनाई भएको छ।
* नागरिक राहत तथा क्षतिपूर्ति सम्बन्धी कार्यविधि, २०६६ ले विगत सशस्त्र द्वन्द्वको समयमा लैङ्गिक हिंसाबाट पीडित महिलाहरूलाई के कस्तो राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा कुनै व्यवस्था नगरेको हुँदा सो विषयलाई सम्वोधन गर्न आवश्यक देखिएको छ।
* नेपाल सरकारबाट स्वीकृत नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ अनुसार सशस्त्र द्वन्द्वको क्रममा ३० दिन भन्दा बढी अपहरणमा परेका व्यक्तिहरूलाई एकमुष्ठ रु.२५ हजार आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था रहेकोमा सो भन्दा कम अवधि अपहरणमा परेको अवस्थामा के कस्तो सहायता प्रदान गर्ने भन्ने विषयमा स्पष्टता उल्लेख छैन। यो विषय स्पष्ट हुन आवश्यक छ।
* द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदलको प्रतिवेदनमा ५१% भन्दा माथि अपाङ्गता प्रतिशत निर्धारण भएका व्यक्तिहरूलाई वितरण गरिदै

आएको जीवन निर्वाह भत्ता विवाद रहित हुन सकेको छैन । विवाद हुनुको प्रमुख कारण अपाङ्गता भएका व्यक्तिहरूको यथार्थ अवस्था पहिचान गरी घाइते प्रतिशत निर्धारण नहुनु र कार्यदलको प्रतिवेदनमा घाइते प्रतिशत फरक फरक हुनु रहेको छ ।

* नागरिक राहत तथा क्षतिपूर्ति सम्बन्धी कार्यविधि, २०६६ बमोजिम उपलब्ध गर इने छात्रवृत्ति र जनआन्दोलनका घाइतेका सन्ततिहरूलाई उपलब्ध गराइएको छात्रवृत्तिमा उमेर, तह, संख्या र रकममा भिन्नता रहेको छ । सशस्त्र द्वन्द्व पीडित विद्यार्थीको छात्रवृत्ति पाउने उमेरको हद १८ वर्ष र बालबालिकाको संख्या तीनवटामा सीमित गरिएको छ तर ऐतिहासिक जनआन्दोलन तर्फ भने यस्तो सिमा छैन । पछिल्लो तथ्याङ्क अनुसार ऐतिहासिक जनआन्दोलनका ४३, नेपाल सरकार बाट समय समयमा शहिद घोषणा गरेका परिवारका र सशस्त्र द्वन्द्वका करीब ८००० बालबालिकाले छात्रवृत्ति पाईरहेका छन् । छात्रवृत्तिमा रहेको विभेद समाधान गर्न आवश्यक छ ।
* विस्थापित व्यक्तिको राहत र पुनस्थापना, सम्पत्ति क्षतिको यथार्थ मूल्याकंन, जग्गा तथा बालीको आम्दानीको मूल्याकंन जस्ता विषयमा स्पष्ट नीतिगत निर्देशन र मापदण्ड नहुँदा राहत वितरणमा अन्यौल कायम रहेको छ ।
* संक्रमणकालीन न्याय सम्बन्धी विषय हेर्ने आयोगहरूलाई श्रोत साधनबाट सम्पन्न गराउन आवश्यक देखिन्छ ।
* राहत वितरण कार्य एकमुष्ठ नहुँदा सो को प्रभावकारिता कम हुनुका साथै व्यवस्थापकीय पक्षमा कठिनाई रहेको छ ।
* स्थानीय स्तरमा मन्त्रालयको आफ्नै स्थायी संरचना नहुदा अन्य निकाय मार्फत काम गर्नु पर्ने भएकोले समन्वय कायम गर्न कठिनाई रहेको छ ।
* मन्त्रालय र अन्तर्गत निकायबाट संचालित आयोजना/कार्यक्रमको संख्या अधिक रहेको सन्दर्भमा उपलब्ध जनशक्ति र श्रोत साधन न्यून हुँदा प्रभावकारी अनुगमन हुन नसकेको अवस्था छ ।
* दिगो शान्तिका लागि राजनैतिक संयन्त्रको परिचालनमा आशातित सफलता प्राप्त गर्न कठिनाई रहेको छ ।
* पुनर्निर्माण र शान्तिको लागि विकास कार्यक्रमहरूमा माग अनुसार १/३ (एकतिहाई) आयोजनाहरू पनि सम्पन्न हुन नसकिको अवस्थामा बाँकी आयोजनहरू सम्पन्न गर्न निकै वर्ष पर्खनुपर्ने अवस्था विद्यामान छ ।
* मन्त्रालयमा कर्मचारीको अधिक फेरबदल भैरहकोले संस्थागत ज्ञान सिप, तथ्य तथ्याङ्क (Institutional Memory) को प्रभावकारी रुपमा व्यवस्थापन गर्न सकिएको छैन ।

# मन्त्रालयमा बहाल रहनु भएका मा. मन्त्रीहरूको विवरण

| | | | |
|---|---|---|---|
| १ | नाम | श्री रामचन्द्र पौडेल |  |
| | शुरु मिति | २०६३ | |
| | अन्तिम मिति | २०६५ भाद्र | |

| | | | |
|---|---|---|---|
| २ | नाम | श्री जनार्दन शर्मा |  |
| | शुरु मिति | २०६५ भाद्र | |
| | अन्तिम मिति | २०६६ जेष्ठ | |

| | | | |
|---|---|---|---|
| ३ | नाम | श्री रकम चेम्जोङ |  |
| | शुरु मिति | २०६६ जेष्ठ | |
| | अन्तिम मिति | २०६७ माघ | |

| | | | |
|---|---|---|---|
| ४ | नाम | श्री वर्षामान पुन |  |
| | शुरु मिति | २०६७ फाल्गुन | |
| | अन्तिम मिति | २०६८ वैशाख | |

| | | | |
|---|---|---|---|
| ५ | नाम | श्री विश्वनाथ साह |  |
| | शुरु मिति | २०६८ वैशाख | |
| | अन्तिम मिति | २०६८ साउन | |

| | | | |
|---|---|---|---|
| ६ | नाम | श्री पम्फा भूषाल |  |
| | शुरु मिति | २०६८ साउन | |
| | अन्तिम मिति | २०६८ भाद्र | |

| | | | |
|---|---|---|---|
| ७ | नाम | श्री सत्य पहाडी |  |
| | शुरु मिति | २०६८ कात्तिक | |
| | अन्तिम मिति | २०६९ वैशाख | |

| | | | |
|---|---|---|---|
| ८ | **नाम** | **श्री टोप बहादुर रायमाझी** |  |
| | शुरु मिति | २०६९ जेठ | |
| | अन्तिम मिति | २०६९ चैत | |

| | | | |
|---|---|---|---|
| ९ | **नाम** | **श्री राम कुमार श्रेष्ठ** |  |
| | शुरु मिति | २०६९चैत | |
| | अन्तिम मिति | २०७० माघ | |

| | | | |
|---|---|---|---|
| १० | **नाम** | **श्री नरहरि आचार्य** |  |
| | शुरु मिति | २०७० फाल्गुण | |
| | अन्तिम मिति | २०७२ असोज | |

| | | | |
|---|---|---|---|
| ११ | **नाम** | **श्री एक नाथ ढकाल** |  |
| | शुरु मिति | २०७२ पुस | |
| | अन्तिम मिति | २०७३ साउन | |

| | | | |
|---|---|---|---|
| १२ | **नाम** | **श्री सीता देवी यादव** |  |
| | शुरु मिति | २०७३ भाद्र | |
| | अन्तिम मिति | हालसम्म | |

पुनश्च : यस मन्त्रालयमा मा. डिल्ली बहादुर महत र मा. दिपनारायण साह ले राज्यमन्त्रीको रुपमा कार्यभार सम्हाल्नुभएको थियो ।

# मन्त्रालयमा कार्यारत रहनु भएका सचिवहरूको विवरण

| | | | |
|---|---|---|---|
| १ | **नाम** | **श्री जनकराज जोशी** |  |
| | शुरु मिति | २०६३ श्रावण २९ | |
| | अन्तिम मिति | २०६४ मंसिर ४ | |

| | | | |
|---|---|---|---|
| २ | **नाम** | **श्री माधवप्रसाद घिमिरे** |  |
| | शुरु मिति | २०६४ मंसिर ५ | |
| | अन्तिम मिति | २०६६ श्रावण ९ | |

| | | | |
|---|---|---|---|
| ३ | **नाम** | **श्री पुण्यप्रसाद न्यौपाने** |  |
| | शुरु मिति | २०६६ श्रावण २५ | |
| | अन्तिम मिति | २०६७ असार ४ | |

| | | | |
|---|---|---|---|
| ४ | **नाम** | **श्री ध्रुव प्रसाद शर्मा** |  |
| | शुरु मिति | २०६७ असार १६ | |
| | अन्तिम मिति | २०६९ माघ १५ | |

| | | | |
|---|---|---|---|
| ५ | **नाम** | **श्री धरणीधर खतिवडा** |  |
| | शुरु मिति | २०६९ माघ १५ | |
| | अन्तिम मिति | २०७० असोज १५ | |

| | | | |
|---|---|---|---|
| ६ | **नाम** | **श्री धन बहादुर तामाङ** |  |
| | शुरु मिति | २०७० कात्तिक ४ | |
| | अन्तिम मिति | २०७१ साउन ३१ | |

| | | | |
|---|---|---|---|
| ७ | **नाम** | **श्री खुमराज पुंजाली** |  |
| | शुरु मिति | २०७१ भाद्र २ | |
| | अन्तिम मिति | २०७२ साउन १४ | |

| | | | |
|---|---|---|---|
| ८ | **नाम** | **श्री रमेश कुमार शर्मा** |  |
| | शुरु मिति | २०७२ साउन ३२ | |
| | अन्तिम मिति | २०७२ मंसिर | |

| | | | |
|---|---|---|---|
| ९ | **नाम** | **श्री इश्वरी प्रसाद पौड्याल** |  |
| | शुरु मिति | २०७२ मंसिर १४ | |
| | अन्तिम मिति | २०७३ वैशाख १० | |

| | | | |
|---|---|---|---|
| १० | **नाम** | **श्री सर्वजीत प्रसाद महतो** |  |
| | शुरु मिति | २०७३ जेठ ३ | |
| | अन्तिम मिति | २०७३ भाद्र २७ | |

| | | | |
|---|---|---|---|
| ११ | **नाम** | **श्री सुमन प्रसाद शर्मा** |  |
| | शुरु मिति | २०७३ भाद्र २७ | |
| | अन्तिम मिति | हाल सम्म | |

अन्तर्राष्ट्रिय शान्ति दिवसको अवसर (२०७३ असोज ५ गते तद्नुसार सेप्टेम्वर २१) मा यस मन्त्रालयले स्थापनकाल (२०६३ चैत्र १८) देखि सम्पादन गरेका मुख्य मुख्य कार्यहरूको विवरण शान्ति (नेपालमा शान्ति प्रक्रियाको दश वर्ष) पत्रिकाको प्रकाशनको लागि देहाय बमोजिमका उपसमितिहरू गठन गरी सामग्री संकलन कार्य गरिएको थियो ।

क. मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादित कार्यको विवरण संकलन उपसमिति

| | |
|---|---|
| सहसचिव श्री शंकर प्रसाद खरेल | संयोजक |
| उपसचिव श्री बुद्ध बहादुर गुरुङ्ग, शान्ति कोष सचिवालय | सदस्य |
| उपसचिव श्री प्रकाश आचार्य | सदस्य |
| उपसचिव (लेखा) श्री रमेश घिमिरे | सदस्य |
| उपसचिव श्री भूपेन्द्र थापा | सदस्य |
| शा.अ.श्री नरेन्द्र परिवार | सदस्य सचिव |

ख. बिस्तृत शान्ति सम्झौता देखि हाल सम्म भएका सहमति/सम्झौता र सो सम्वन्धमा गठन गरिएका आयोग, कार्यदल, समितिको सिफारिश एवं कार्यान्वयन अवस्था र पुनर्निर्माण, पुनस्थापना कार्यक्रमको विवरण संकलन उपसमिति

| | |
|---|---|
| सहसचिव श्री हरिराज पन्त | संयोजक |
| उपसचिव श्री जानुका सुवेदी वाग्ले | सदस्य |
| उपसचिव श्री दुर्गा भुर्तेल | सदस्य |
| सि.डि.ई.श्री सुदिना कुइकेल | सदस्य |
| उपसचिव श्री देवराज जोशी, | सदस्य |
| उपसचिव श्री बेदराज फुयल, शान्तिकोष सचिवालय | सदस्य |
| शा.अ.श्री बालकृष्ण कोइराला | सदस्य सचिव |

ग. द्वन्द्व पीडितलाई राहत, आर्थिक सहायता, सेना समायोजन, शिविर व्यवस्थापनका तथा आयोजना, परियोजना लगायतबाट सञ्चालित कार्यको विवरण संकलन उपसमिति

| | |
|---|---|
| सहसचिव श्री जीवराज कोइराला | संयोजक |
| उपसचिव श्री हरिकृष्ण ज्ञवाली | सदस्य |
| उपसचिव श्री विश्वराज न्यौपाने | सदस्य |
| उपसचिव श्री देव बहादुर अधिकारी | सदस्य |
| ईन्जिनियार श्री सुभाष कुमार श्रेष्ठ, परियोजना | सदस्य |
| श.अ.श्री पितानाथ लुईटेल | सदस्य सचिव |